## प्रथम परिच्छेद

# शोधपरिचय

### १.१ विषयपरिचय

धवलागिरि अञ्चलको बाग्लुङ जिल्ला बा.न.पा १० कुडुलेफेदीमा वि.सं. १९९७ श्रावण ८ गतेका दिन ज्योतिष पण्डित भूमीश्वर पौडेल र खगेश्वरी पौडेलका कनिष्ठ पुत्रका रूपमा जन्मिएका स्वामी श्रीधराचार्यलाई 'सादा जीवन उच्च विचार'को सशक्त उदाहरणका प्रतिमूर्तिका रूपमा चिनिन्छ । बाल्यकालदेखि नै अध्यात्ममा रुचि भएका स्वामीजीले सदाचार, सद्‌भाव र भक्ति तथा शरणागति मार्गको अवलम्बन गर्नाले अपार संसार सागरबाट मोक्ष प्राप्त गर्न सकिने जस्ता लोककल्याणकारी विषय आफ्ना साहित्यिक कृतिमा वर्णन गरेको पाइन्छ । स्वामीजीका 'श्रीमुक्तिक्षेत्रमाहात्म्यम् (२०५३)', 'कल्याणकारी साधना गरौँ (२०५५)', 'मनोदूति काव्यमञ्जरी (२०६२)' र 'सहस्रगीतिमञ्जरी (२०६७)'  प्रतिनिधि काव्यकृति हुन् । स्वामीजीको मौलिक कृतिको प्रतिनिधि काव्य मनोदूति काव्यमञ्जरी (२०६२) र सहस्रगीतिमञ्जरी (२०६७)  मूलतः भक्तिपरम्परका अनूपम उपलब्धिका रूपमा रहेका छन् । स्वामीजीका काव्य रचनाहरू, स्वामीजीले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदान र स्वामीजीका साहित्यक प्रवृत्ति तथा चिन्तनको विषयमा अध्ययन गर्नु नै यस शोधपत्रको मुख्य विषय रहेको छ ।

### १.२. समस्याकथन

बाल्यावस्थादेखि नै समाज र देशको सेवामा समर्पित भएका स्वामी श्रीधराचार्यले नेपाली साहित्यका क्षेत्रमा पनि उत्तिकै महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । मुक्तिक्षेत्रमाहात्म्यम् (२०५३), 'कल्याणकारी साधना गरौँ (२०५५)', 'मनोदूति काव्यमञ्जरी (२०६२)' र 'सहस्रगीतिमञ्जरी (२०६७)' रचना उनका प्रतिनिधि रचना मानिन्छन् । स्वामीजीका प्रकाशित कृतिका बारेमा विभिन्न विद्वान् समालोचकहरूले विभिन्न समालोचनात्मक पुस्तक तथा लेखहरू प्रकाशित गरेको भए पनि समस्याका रूपमा रहेका तथा ओझेलमा परेका कतिपय पक्षहरू अझैसम्म जिज्ञासाका विषय बनिरहेका छन् । यस शोधकार्यका मुख्य समस्याहरू निम्नानुसार रहेका छन् :

(क) श्रीधराचार्य स्वामीजीका काव्ययात्रा के कस्तो रहेको छ ?

(ख) विषयवस्तु, शिल्पविधान र उद्देश्यका दृष्टिले श्रीधराचार्य स्वामीजीका काव्य-कृतिहरू केकस्ता देखिन्छन् ?

## १.३. शोध कार्यको उद्देश्य

प्रस्तावित शोध कार्यको मुख्य उद्देश्य "स्वामी श्रीधराचार्यको काव्यकारिता" नामक शीर्षकमा केन्द्रित भएर समस्याकथनमा उपस्थापित समस्याहरूको समाधान गर्नु रहेको छ । फलतः सम्पादन गरिने शोध कार्यको उद्देश्य निम्नानुसारका रहेका छन् -

(क) श्रीधराचार्य स्वामीजीको काव्ययात्राको चर्चा गर्नु ।

(ख) विषयवस्तु, शिल्पविधान र उद्देश्यका दृष्टिले श्रीधराचार्य स्वामीजीका काव्य-कृतिहरूको विश्लेषण गर्नु ।

## १.४. पूर्व कार्यको समीक्षा

नेपाली साहित्यकार, तिनका प्रवृत्ति, चिन्तन र योगदान आदिको विषयमा प्रकाश पार्नु अवश्य नै महत्वपूर्ण आवश्यकता हो । हालसम्मको सर्वेक्षण अनुसार स्वामीजीको जीवनी, व्यक्तित्व, कृति एवं विभिन्न पक्षको बारेमा विभिन्न समालोचकहरूले विभिन्न किसिमका अवधारणाहरू पुस्तक तथा लेख मार्फत प्रस्तुत गरेका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

जगन्नाथ शास्त्री कँडेलले 'पितृयाग पद्धति (२०३१)' 'प्रस्ताविक'मा श्रीधराचार्य स्वामीजी साहित्यिक कलाकौशलतामा धनी व्यक्ति भनेर प्रशंसा तथा कृतज्ञता प्रकट गरेका छन् ।

शोधनायक स्वामी श्रीधराचार्यद्वारा 'श्रीमनोदूतिकाव्यमञ्जरी (२०६२)'मा 'श्रीमनोदूति काव्यका सम्बन्धमा दुई शब्द' शीर्षकमा यस काव्यमा अति-आनन्द र पद-पदमा कल्याणकारी निधिहरू भरिएको अनुभव रहेको भाव व्यक्त गरिएको छ ।

भारतका विशिष्ट विद्वान् श्रीमद्वेदमार्गप्रतिष्ठापनाचार्य श्रीगोवर्द्धन पीठाधीश्वर श्रीरङ्गाचार्य स्वामीजीद्वारा 'श्रीसहस्रगीतिमञ्जरी (२०६७)'मा को मङ्गलाशासन पत्रमा लेखिएअनुसार श्रीधराचार्य स्वामीजीमा अनेक ग्रन्थमा स्पष्ट ज्ञान हुनुका साथै स्वामीजीद्वारा सहस्रगीतिमञ्जरी काव्य संस्कृतका छन्दमा नलेखेर नेपाली भाषामा अत्यधिक प्रचलित गीति छन्दमा लेखिएको छ तथा तुकान्त बन्धनबाट पनि मुक्त हुनुका साथै भाषा पनि सरल भएकाले

जनसाधरणका लागि यो ग्रन्थ अधिक ग्राह्य हुन सक्छ । आफ्नो बोलीचालीको भाषामा लेखिएकाले संस्कृत भाषाका अनभिज्ञ जिज्ञासु जनले पनि यस पुस्तकलाई पढेर पर्याप्त फाइदा लिन सक्ने कुरा व्यक्त गरिएको छ ।

श्रीमुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यद्वारा 'श्रीसहस्रगीतिमञ्जरी (२०६७)' मा विनम्र निवेदन शीर्षकमा आचार्यश्रीको गहिरो अध्ययन अनुभवको सँगालो स्वरूप श्रीमुक्तिनाथक्षेत्रमाहात्म्यम्, श्रीगोदासप्तशति, श्रीमनोदूतिकाव्यमञ्जरी, श्रीसहग्रगीतिमञ्जरी आदि रचनाहरू भएका र तीमध्ये श्रीसहस्रगीतिमञ्जरी एक अमूल्य रचना भएको जनाउँदै यस काव्यमा नेपाली मन मस्तिष्क र जिब्राले सजिलैसँग पचाएर खेलाउन सक्ने चलन-चल्तीको भाषा र लयका माध्यमले शास्त्रका अति गम्भीर गूढार्थ तत्वहरूलाई प्रस्तुत गरिएको हुँदा नेपाली धार्मिक समाजमा यो रचना लोकप्रिय एवं महान् उपकारक तत्वका रूपमा रहेको कुरा व्यक्त गरिएको छ ।

श्रीकृष्णमाचार्य स्वामीजीद्वारा श्रीसहस्रगीतिमञ्जरी (२०६७) मा लिखित प्रस्तावना पत्रमा अर्थपञ्चक श्रीरामायण, महाभारत आदि दिव्य ग्रन्थहरूमा प्रतिपादित विभिन्न विलक्षण उपादेय विषयहरू सामान्य जनहरूले बुझ्ने गरी प्रतिपादन गरिएको कुरा उल्लेख गरिएको छ ।

मधुसूदनाचार्य वेदान्तीद्वारा श्रीसहस्रगीतिमञ्जरी (२०६७)मा सरल, माधुर्ययुक्त भाषा, जनसाधारणको प्यारो गीति छन्द, समास-व्यास शैली जस्ता धेरै विशेषताहरू यसमा समाविष्ट भएको तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाको यसै छन्दमा लेखिएको मुनामदन जस्तै यसको लोकप्रियता पनि त्यो भन्दा बढि हुने र स्वामीजीको यो ग्रन्थ भक्तिभाव पूर्ण हृदयबाट स्वाभाविक रूपमा बाहिर निस्केको कुरा समेत व्यक्त गरिएको छ ।

देवराज प्रपन्नाचार्यद्वारा श्रीसहस्रगीतिमञ्जरी (२०६७) मा श्रीस्वामीजीको यो ग्रन्थ वेद उपनिषद्, धर्मशास्त्र, रामायण, महाभारत, श्रीवचनभूषण, अर्थपञ्चक आदि अमूल्य ग्रन्थहरूको एकाकार समुद्रको साकारस्वरूप भएको कुरा व्यक्त गरिएको छ ।

स्वामी श्रीश्रीधराचार्य स्मृति ग्रन्थ (२०७१) मा छ वटा मञ्जरी(भाग) राखिएका छन् जसमध्ये चतुर्थ मञ्जरी कृति समीक्षा भाग राखिएको छ र त्यहाँ स्वामीजीका कृतिहरूको समीक्षासम्बन्धी लेखरचना राखिएका छन् । जसमा 'श्रीश्रीधराचार्य स्वामीज्यू एवं उहाँका कृतिहरू' शीर्षकमा डा.केशव प्रपन्नाचार्यले १. 'श्रीमुक्तिक्षेत्रमाहात्म्यम् २. श्रीसहस्रगीतिमञ्जरी,

३. मनोदूतिकाव्यमञ्जरी, ४. उपदेशरत्नमाला, ५. श्रीमुक्तिहरिस्तुतिमञ्जरी (१७ वटा विभिन्न स्वरचित स्तोत्रहरूको संग्रह) आदिको संक्षिप्त चर्चा गरेका छन् । भानुभक्त आचार्यले 'पञ्चसन्धिका आधारमा स्वामी श्रीधराचार्यज्यूका संस्कृत कृतिहरूको समीक्षण' शीर्षकमा स्वामीजीका सँस्कृत कृतिमा पञ्चसन्धिका प्रयोगहरूको समीक्षा गरेका छन् । चक्रपाणि रिजालले 'श्रीप्रार्थना पञ्चकम् एक अनुशीलन'मा प्रार्थनापञ्चक स्तोत्रको समीक्षा गरेका छन् । नुरापति पोखेलले 'श्रीधराचार्य र उनका प्रतिनिधि रचनाहरू' शीर्षकमा श्रीमुक्तिक्षेत्रमाहात्म्यम्, श्रीमनोदूतिकाव्यमञ्जरी र श्रीसहस्रगीतिमञ्जरीका बारेमा चर्चा गरेका छन् । जसमा स्वामीजीको मौलिक कृतिको प्रतिनिधि काव्य श्रीसहस्रगीतिमञ्जरी मूलतः भक्तिपरम्पराको एउटा अनुपम उपलब्धि भएको बताइएको छ । 'कल्याणकारी साधना गरौं - एक चिन्तन' शीर्षकमा रामु पौडेलले कल्याणकारी साधना गरौं (नेपाली कविता) जस्तो आग्रहमय वाङ्मयमा सम्पूर्ण शास्त्रहरूको साररूप रस भरिएको तथा नवधा भक्तिको रसले ओतप्रोत भएको पद्यरचना भएको र जसको अनुशीलनले जीवन सार्थक हुने भन्दै यसको प्रशंसा गरेका छन् ।

चक्रपाणि रिजालद्वारा 'श्रीधराचार्य स्वामीज्यूको जीवनी व्यक्तित्व र कृतित्व (२०७१)'को चतुर्थ अध्याय 'स्वामीजीका कृतिहरूको अध्ययन' शीर्षकमा साहित्य र धर्मलाई समेटेर अघि बढेको र तीब्र भक्ति प्रपत्ति तथा वैराग्यको वर्णन भएकाले स्वामीजीका कृति उत्कृष्ट भएको कुरा उल्लेख गरिएको छ ।

यसरी स्वामीजीको जीवनी, व्यक्तित्व, कृतित्व लगायतका बारेमा विभिन्न विद्वान् समालोचकहरूले विभिन्न दृष्टिकोण प्रस्तुत गरेका छन् तर कसैले पनि स्वामीजीको काव्ययात्रा, समग्र काव्यहरूको संरचनागत तथा प्रवृत्तिगत अध्ययन गरेको पाइँदैन त्यसैले यस शोधपत्रमा श्रीधराचार्य स्वामीजीको काव्ययात्रा, काव्यात्मक कृतिहरूको अध्ययन, अनुसन्धान, विश्लेषण, मूल्याङ्कन तथा नेपाली साहित्यका क्षेत्रमा स्वामीजीको योगदानको समीक्षा गर्नु नै प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ ।

## १.५. शोधकार्यको औचित्य

श्रीधराचार्य स्वामीजीले आफ्ना सिर्जनामा जीवनको समग्र भोगाइ अध्ययन, अनुसन्धान, अनुभव र त्यसका सार तत्वको प्रविष्टि भएको जस्ता टिप्पणीहरू विभिन्न कृति तथा लेखहरूमा विद्वान् तथा समालोचकहरूले गरेको पाइन्छ । तर स्वामीजीका काव्यात्मक प्रवृत्ति, चिन्तन तथा

योगदानको अध्ययन तथा अनुसन्धान नभएकाले यसमा भएका काव्यात्मक मूल्य तथा दार्शनिक विचारको अध्ययन गर्न यसको शोध कार्य उत्तिकै औचित्यपूर्ण रहेको छ । साथै श्रीधराचार्य स्वामीजीको काव्ययात्रा, काव्यात्मक प्रवृत्ति, नेपाली साहित्यमा स्वामीजीको योगदान आदिको बारेमा जान्न चाहने जिज्ञासु व्यक्ति र भविष्यका पाठक तथा अध्येताका निमित्त महत्वपूर्ण सामग्री बन्ने आधारमा पनि यो शोध कार्य औचित्यपूर्ण रहेको छ । यसका अतिरिक्त नेपाली अनुसन्धान परम्परामा पनि यसले सहयोग पुऱ्याउने कुरा स्पष्ट छ ।

### १.६. अध्ययनको सीमा

कुशल कवि र धार्मिक साहित्यकारका रूपमा परिचित श्रीधराचार्य स्वामीजीका मौलिक तथा अनूदित काव्यकृतिहरू रहेका छन् । जसमध्ये स्वामीजीको काव्ययात्रा, मौलिक प्रकाशित काव्यात्मक कृति सहस्रगीतिमञ्जरी र मनोदूति- काव्यमञ्जरी काव्य तथा कल्याणकारी साधना गरौँ कविताको  अध्ययन, काव्यात्मक प्रवृत्ति र योगदान अध्ययनको क्षेत्र हुनेछ भने यस बाहेका अन्य पक्ष यसको सीमा रहेका छन् ।

### १.७. शोधविधि

#### क) सामग्री सङ्कलन विधि

सम्पादित शोध कार्यका क्रममा आवश्यक सामग्रीहरूको सङ्कलनका लागि पुस्तकालयीय अध्ययन विधि नै मूल रूपमा अपनाइएको छ । त्यसरी पुस्तकालयीय अध्ययन विधिलाई अवलम्बन गर्दा मुख्य रूपमा शिष्यगण तथा उनका सम्पर्कमा आएका विद्वान्, मित्र एवम् सहकर्मीहरूसँग पनि आवश्यक सूचना लिइएको छ । यसका अतिरिक्त स्वामीजीका काव्यात्मक कृतिहरूसँग सम्बन्धित विशिष्ट विद्वान्हरूका विवेचनात्मक लेख तथा ग्रन्थहरू र सिद्धान्तसँग सम्बधित अन्य ग्रन्थहरू एवं विद्वान्हरूसँगको परामर्शलाई पनि सहायक सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

#### ख) अध्ययन विधि

उपर्युक्त आधारमा सङ्कलित सामग्रीको विश्लेषणका निमित्त काव्यका विषयवस्तु, शिल्पविधान र उद्देश्य आदि विधातात्विक सिद्धान्तका आधारमा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यी बाहेक जीवनीपरक तथा प्रभावपरक समालोचना पद्धतिको पनि आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

## १.८ शोध पत्रको स्वरूप

सम्पादन गरिएको शोध पत्रलाई व्यवस्थित रूपमा निर्माण गरेर एउटा सुव्यवस्थित आकार दिनका लागि निम्नानुसार विभिन्न परिच्छेदमा विभाजन गरिएको छ र आवश्यकता अनुसार शीर्षक, उपशीर्षकहरू पनि समावेश गरिएका छन् :-

प्रथम परिच्छेद : शोधपरिचय

द्वितीय परिच्छेद : स्वामी श्रीधराचार्यको काव्ययात्रा र प्रवृत्ति

तृतीय परिच्छेद : सहस्रगीतिमञ्जरी काव्यको अध्ययन

चतुर्थ परिच्छेद : मनोदूतिकाव्यमञ्जरी र कल्याणकारी साधना गरौँ कृतिको अध्ययन

पञ्चम परिच्छेद : उपसंहार

शोध पत्रको अन्तमा सन्दर्भग्रन्थ सूची दिइएको छ ।

द्वितीय परिच्छेद

# स्वामी श्रीधराचार्यको काव्ययात्रा र प्रवृत्ति

## २.१. विषयप्रवेश

स्वामी श्रीधराचार्य सादा जीवन र उच्च विचारका सशक्त उदाहरणका प्रतिमूर्ति भएको पाइन्छ । नेपाली र संस्कृत भाषामा कविता, काव्य, स्तोत्र तथा काव्यहरू रचना गरेका स्वामीजीलाई श्रीवैष्णव जगत्का श्रेष्ठ आचार्यको रूपमा लिइन्छ । बाल्यावस्थादेखि नै परोपकार र विशुद्ध धार्मिक आध्यात्मिक चेतना भएका स्वामीजीले धन सम्पत्ति आर्जन गर्ने र स्वकुटुम्बको मात्र भरण पोषण गर्ने आदि सामान्य जीवनमा सीमित नभएर समाजका लागि, सम्पूर्ण प्राणीका हितका लागि, धर्म संस्कार तथा आध्यात्मिक चेतनाको प्रचारप्रसारमा आफ्नो समग्र जीवन व्यतीत गरेको पाइन्छ । स्वामीजीले नेपाली साहित्यका क्षेत्रमा कलम चलाउँदै काव्यहरूको रचना गरेर नेपाली साहित्यको विकासमा महनीय योगदान पुऱ्याएको पाइन्छ । यस अध्यायमा स्वामीजीको काव्यकारिताको अध्ययन गर्ने क्रममा स्वामीजीको काव्ययात्रासँग सम्बन्धित संक्षिप्त जीवनवृत्त र काव्ययात्रा तथा प्रवृत्तिको चर्चा गरिएको छ ।

### २.१.१ स्वामीजीको संक्षिप्त जीवनी

ज्योतिष पं. भूमिश्वर उपाध्याय पौडेल र उनकी धर्मपत्नी खगेश्वरी उपाध्याय पौडेलका कनिष्ठ सुपुत्रका रूपमा वि.सं. १९९७ साल श्रावण ८ गते मंगलवार श्रावण कृष्णपञ्चमी, पूर्वभाद्रपदा नक्षत्र, शोभन योग, बालब करण, मकर लग्न, वृष नवांशकमा ‘श्रीधराचार्य स्वामीजीको जन्म भएको हो । स्वामीजीको  न्वारनको नाम सोमनाथ उपाध्याय पौडेल भए पनि नेपाली साहित्य र धार्मिक तथा सामाजिक क्षेत्रमा श्रीधराचार्य (पौडेल) नामबाट चिन्ने गरिन्छ । स्वामीजीको जन्म धवलागिरी अञ्चल, बाग्लु· जिल्लाको बाग्लु· नगरपालिका वडा नं. १० कुँडुले फेदी गाउँमा भएको हो । (रिजाल, २०७१ : ८) ।

श्रीधराचार्य स्वामीजीको बाल्यकाल मातापिताको ममतामय काखमा व्यतीत भएको हो । स्वामीजी ४ वर्षको उमेरमा अग्रज तथा साथीहरूका साथमा गाई चराउन जाने गरेको र त्यतिबेलाबाट नै श्रीनारायणका चरणमा पावन भक्तिको अंकुरारोपण भएको पाइन्छ । स्वामीजीले खेल्ने क्रममा शालिग्राम जम्मा पारेर पूजा गर्ने, परिक्रमा गर्ने वनका कन्दमूल, फलहरू

भगवान्लाई भोग लगाएर प्रसाद साथीहरूलाई खुवाउँदै स्वयं पनि ग्रहण गरेर आनन्द पूर्वक बाल्यकाल व्यतीत गर्ने गरेको पाइन्छ ।

अध्ययनका लागि घरबाहिर जानुपूर्व स्वामीजीको बाल्यकाल सुखपूर्वक बितेको पाइन्छ । अध्ययन गर्न हिंडेपछिको समय भने सामान्य रहेको र भक्तिमार्गमा वृद्धि भएको कुरा स्पष्ट जानकारीमा पाइएको छ । समग्रमा भन्नुपर्दा अध्ययनार्थ घरबाहिर बस्दाको बाल्यकाल सामान्य दुःख र सङ्घर्षका साथ बितेको पाइन्छ । (रिजाल, २०७१ : ८) ।

श्रीधराचार्य स्वामीजीले वि.सं. २००२ सालको श्रीपञ्चमीको शुभमुहूर्तमा पिताजीबाट नै अक्षरारम्भ गरी श्रीभाष्करानन्द गिरि, गायत्रीगुरु पं. जगन्नाथ पौडेलबाट अमरकोश, वेद, व्याकरण, हितोपदेश आदिको अध्ययन गरेको पाइन्छ । स्वामीजीद्वारा एघार वर्षको उमेरमा पर्वतको नाग्लिवाङ्मा शालिग्रामाचार्य गुरुजीको सन्निधिमा पुगेर वेद, व्याकरण, अमरकोष, श्रीमद्भागवतको अध्ययन गरेको पाइन्छ । यसैगरी स्वामीजीले वि.सं २०१५ भारतस्थित श्रीरामजन्मभूमि अयोध्या पुगरेर त्यहाँबाट वृन्दावन गई वृन्दावनको गोपीनाथघेरा स्थित अखिल भारतीय धार्मिक श्रीमद्भागवत महाविद्यालयका संस्थापक, कलिकालका शुकस्वरूप श्रीशुकाचार्य स्वामीजीका सन्निधिमा पुगी उभय वेदान्त मर्मज्ञ, वीतराग, तपोनिष्ठ श्रीशुकाचार्य स्वामीजीबाट शरणागत (शिष्य) भएर श्रीमद्भागवत महापुराण, श्रीमद्भगवद्गीता, श्रीमद्वाल्मिकीय रामायण, श्रीमहाभारत, श्रीभाष्य, व्याकरण, संकीर्तन आदिको गहन अध्ययन गरेको पाइन्छ । स्वामीजीको वृन्दावनस्थित श्रीनिवास विद्यालयमा पूर्वमध्यमामा भर्ना भई औपचारिक शिक्षा प्रारम्भ भएको पाइन्छ भने स्वामीजीले व्याकरण विषयबाट वि.सं. २०२० मा पूर्वमध्यमा, वि.सं. २०२२ सालमा श्रीमद्बालमुकुन्द संस्कृत महाविद्यालयबाट व्याकरण विषयमा उत्तरमध्यमा, वि.सं. २०२४ मा श्रीनिवास बोधायन रामानुज संस्कृत महाविद्यालय अयोध्याबाट व्याकरण विषयबाट शास्त्री, वि.सं २०२५ मा विद्वत् कालेज अयोध्याबाट धर्मशास्त्राचार्य र २०२६ मा शांकरवेदान्तबाट आचार्य, वि.सं. २०२७ मा साहित्यबाट आचार्य, वि.सं. २०२९ मा राजगोपाल संस्कृत महाविद्यालय अयोध्या र रामदेशिक संस्कृत महर्षि वैष्णवाश्रम दारागञ्ज प्रयागबाट व्याकरणबाट आचार्य, पुनः वृन्दावनबाट २०३२ मा रामानुज वेदान्तबाट आचार्य तह उत्तीर्ण गरेको पाइन्छ । ( रिजाल, २०७१:१५)

स्वामीजीले खोर्सानाका महात्मा, श्रीअण्णङ्गराचार्य स्वामीजी, श्रीगोपालाचार्य स्वामीजी र श्रीशुकाचार्य स्वामीजीहरूबाट क्रमशः न्याय, गूढ वेदान्तविषयहरू, दिव्य प्रबन्धहरू, कर्मकाण्ड, उपनिषद्, रामानुज सम्प्रदायसँग सम्बन्धित ग्रन्थहरूसँग रहस्यग्रन्थहरूको गूढ अध्ययन गर्दै पौराणिक प्रमाणपत्र सहित ६ विषयमा आचार्य पद प्राप्त गरेपश्चात् षडाचार्य श्रीधराचार्य पदले विभूषित भएको पाइन्छ भने श्रीधराचार्य स्वामीजीले बाग्लुङ रातामाटाका जगन्नाथ पौडेलबाट गायत्री मन्त्र गर्नुका साथै श्रीशालग्रामाचार्य स्वामीजीबाट श्रीवैष्णवीय पञ्चसंस्कारमध्ये चार संस्कारको ग्रहण गरेको पाइन्छ भने पछि शालग्राम स्वामीजीकै परामर्शमा वृन्दावन पुगेर श्रीशुकाचार्य स्वामीजीसँग पञ्चसंस्कार सहितको श्रीवैष्णव दीक्षा ग्रहण गरेको पाइन्छ ।

स्वामीजीका चार दाजुभाई र  दुई बहिनी रहेको र आध्यात्मिक धार्मिक दृष्टिले उच्च एवं आर्थिक दृष्टिले मध्यमवर्गीय परिवारमा जन्मेकाले स्वामीजीको पारिवारिक जीवन राम्रौ रहेको पाइन्छ । स्वामीजीको १२ वर्षको बाल्यावस्थाकै उमेरमा वि.सं. २०१० मा बागलुङ भान्सा निवासी लक्ष्मीपति आचार्य र उनकी धर्मपत्नी मनरूपा आचार्यकी सुपुत्री भागवती देवीका साथ विवाह संस्कार सम्पन्न हुन्छ ।

१२ वर्षको सानै उमेरमा विवाह सूत्रमा गाँसिएका स्वामीजी विवाह पश्चात् यदाकदा घरमा रहेपनि गुरुकुलमा र भारत आदिमा पढ्न जाँदा १२ वर्ष जति दम्पति अलग अलग भएको पाइन्छ भने त्यसपछि स्वामीजीले श्रीमती भागवतीलाई अयोध्या लगेर दम्पति साथमा रहेको पाइन्छ । अयोध्यामा रहेकै समयमा स्वामीजीका एक छोरा र दुई छोरी जन्मेका हुन् । ‘स्वामीजीका प्रथम सन्तान छोरी सीता (ज्ञानु), द्वितीय सन्तान छोरा श्यामनारायण तृतीय सन्तान छोरी सुभद्रा भएको पाइन्छ ।

स्वामीजीले ‘वि.सं. २०४८ मा ५१ वर्षको उमेरमा गलेश्वरमा श्रीमद्भागवत महापुराणको (भागिनेयद्वय गोविन्दाचार्यलाई प्रमुखवाचक र कृष्ण प्रसाद शर्मा सापकोटालाई उपवाचक पाठपारायणमा वरण गरी) आयोजना गरेर सांसारिक भौतिक सुखदेखि विरक्त बन्दै विधिवत् तेस्रो आश्रम वानप्रस्थाश्रम ग्रहण गरेर यो शरीरलाई साहित्य साधना तथा भगवत्सेवा र नेपाली साहित्यको सेवामा अर्पण गरेको पाइन्छ भने २०५२ जेष्ठ २८ गते बाग्लुङ जिल्लाको पञ्चासेमा गई विधिपूर्वक शठकोप यतिराज रामानुज जीयर (पराङ्कुशाचार्य) स्वामीजीबाट सन्यास आश्रम ग्रहण गरेर संसारको बन्धनलाई विष झैँ त्याग गरी त्रिदण्ड धारण, शिखा, सूत्र

कौपीनयुक्त वैष्णवाचार्य, उभयवेदान्त मर्मज्ञ अनन्त श्रीविभूषित श्रीनिवास मुक्तिनारायण रामानुज जीयर (श्रीधराचार्य) नामले प्रख्यात भएको पाइन्छ । तत्पश्चात् स्वामीजीले म्याग्दीको गलेश्वर, फेदी र गण्डकीको तट श्रीलक्ष्मीनृसिंह गुफा आदि स्थानमा रहेर महान् साहित्यिक साधना र पारमार्थिक साधना गरेर आचार्य सन्निधि प्राप्त गरेको पाइन्छ ।

स्वामीजीको विवाह सानै उमेरमा भएपनि विवाहपश्चात् भारतको वनारस, अयोध्या, वृन्दावन आदि स्थानमा गएर विशेष अध्ययन पश्चात् स्वामीजी २०३२ सालमा नेपाल फर्किएर आफूले गरेको अध्ययन तथा अनुभवको ज्ञानराशि एवं अनुभव चिन्तनलाई सम्पूर्ण जगत्को हितमा प्रयोग तथा अध्ययन अनुसारकै कर्म गरेको पाइन्छ । स्वामीजीले सर्वलोकहितकारी श्रीवैष्णव धर्मको प्रचार, संस्कृत शिक्षाको संरक्षण र संवर्द्धन गर्दै सुयोग्य शिष्यहरू उत्पादन गर्ने, मानवमात्रको कल्याणका लागि मानव जीवनको वास्तविवक सारतत्वको मार्मिक उपदेशबाट उनीहरूको जीवनलाई सार्थक सफलीभूत तुल्याउन सहयोग गर्ने, धर्म तथा अध्यात्मका क्षेत्रमा रहेका विकृति विसंगतिहरूलाई शास्त्रोक्त वचन, तर्क आदिका माध्यमबाट हटाउन प्रयास गरेको पाइन्छ । मुक्तिनाथ दर्शन गर्ने तीर्थयात्रीहरूलाई भोजन आवासको प्रबन्ध मिलाउँदै विश्वकै एकमात्र शालग्रामी नदी एवं पृथिवीका अष्टभूवैकुण्ठ मध्येको एक वैकुण्ठस्वरूप मुक्तिक्षेत्रलाई वास्तविक धार्मिक मुक्तिक्षेत्रमा परिणत गर्ने र त्यहाँ भएका विकृति, विसङ्गतिलाई सत्संगबाट निर्मूल पार्दै दानवत्व भावनालाई मानवत्व भावनामा परिणत गरी वास्तविक मुक्तिक्षेत्र बनाउने कार्य गरेको पाइन्छ । साथै स्वामीजीले सनातन श्रीवैष्णव धर्मको प्रचारप्रसार, कथा प्रवचन, मन्दिर निर्माण, वेदविद्याश्रम, विद्यालय निर्माण, अन्नदानक्षेत्र सञ्चालन आदि कर्म र मानवसेवा, समाजसेवा गरेको पाइन्छ ।

### २.१.३ साहित्य रचनामा प्रेरणा र प्रभाव

साहित्यकारले मानव जीवनको हित र समुन्नति एवं स्वयंको आत्मिक सन्तुष्टिका लागि साहित्य सिर्जना गरेको हुन्छ । २०३४ देखि साहित्यिक क्षेत्रमा प्रवेश गरेका स्वामीजीको पृष्ठभूमि हेर्दा साहित्यिक वातावरण नभएपनि संस्कृत साहित्यको अध्ययनका क्रममा 'रघुवंश', 'प्रतापविजय', 'द्वासुपर्णा', 'किरातार्जुनीय', 'हितोपदेश', 'लघुसिद्धान्त कौमुदी', 'दिव्यप्रबन्ध', उपदेशरत्नमाला', 'आलवन्दार', 'मुकुन्दमाला', 'श्रीमद्भागवत', 'महाभारत',

‘श्रीमद्वाल्मिकीय रामायण लगायत अन्य पुराणहरूको समेत अध्ययन गरेका स्वामीजीमा साहित्यप्रति रुचि बढ्नु स्वाभाविक हो ।

विशेष गरेर श्रीरङ्गदेशिक स्वामीजीका ग्रन्थहरूको अध्ययन र आफ्ना आचार्य शुकाचार्य स्वामीजीको न्यानो प्रेरणाले नै साहित्यप्रति अभिरुचि बढेको हो । यसैगरी स्वामीजीलाई लक्ष्मीप्रसाद देवकोटाको मुख्य झ्याउरे छन्दले अन्तःकरणलाई पल्लवित बनाएको पाइन्छ । जीवन अगाडि बढ्दै जाँदा भगवत्कैंकर्य र भगवदुपासना तथा भगवच्चिन्तन र शास्त्र अनुशीलनबाट बुद्धि परिपाक बन्दै गएपछि त्यही प्रेरणाले नै भक्ति महाकाव्यको रचना भएको हो ।

संक्षेपमा भन्नुपर्दा समाजमा अनाचार, कुकर्म, कुभोजन, दुर्व्यसन आदिको प्रत्यक्षीकरणबाट प्रभावित भै यी र यस्तै कुकार्यबाट विरत भएर सुकार्य तर्फ उन्मुख होस् र भगवद्भक्ति अभिवृद्धि भई मानव जीवन सफल बनोस् भन्ने धारणा जगाउने भावबाट नै स्वामीजीमा साहित्य सिर्जनाका लागि प्रेरणा प्राप्त भएको पाइन्छ ।

### २.१.४ स्वामीजीको जगत् साहित्यसम्बन्धी धारणा

कुनै पनि साहित्यकारका धारणा र मान्यता उसको अध्ययन, रचनात्मक, सामाजिक सङ्घ संस्थाप्रतिको आबद्धता, दृष्ट र भुक्त जीवन जगत्बाट प्राप्त प्रभाव र प्रेरणाबाट निश्चित भएका हुन्छन् । स्वामीजी परिश्रमी, लगनशील, निःस्वार्थी, भगवद्अनुरागी, राष्ट्रवादी व्यक्तिका रूपमा परिचित भएको पाइन्छ । आफ्नो समग्र जीवनमा तडक भडक नदेखाई सादा जीवन र उच्च विचार रूप शास्त्राज्ञालाई अंगीकार गरेको देखिन्छ । आफ्नो काम भगवत्कैंकर्य सम्झी स्वयं गर्ने र अरूलाई दुःखकष्ट नदिने स्वामीजीको धारणा रहेको पाइन्छ ।

आज मान्छेले शोषणयुक्त समाजमा निस्सार र निरर्थक जीवन बिताइरहेको छ । एकले अर्काको स्वतन्त्रताको हनन् गरी नाटकीय यातना दिएको हुन्छ । वास्तवमा समाजमा रहने सबै प्राणीहरू सुखी रहून्, सबै निरोगी होऊन्, सबैले राम्रो देखून्, सनून्, कसैलाई पनि कष्टको पात्र बन्न नपरोस् । यो धारणा वा भावना समाजमा जबसम्म प्रकट हुँदैन तबसम्म समाज प्रगतिशील पथतर्फ अग्रगामी बन्न सक्दैन भन्ने धारणा स्वामीजीको रहेको छ । जसले जसको आराधना गरेपनि भक्तिको पराकाष्ठा केवल नारायणमा हुनुपर्छ ।

श्रीधराचार्य स्वामीजीका साहित्यिक कृतिहरूलाई केलाउँदा साहित्यसम्बन्धी धारणा यस प्रकारको पाइन्छ - साहित्य समाजको दर्पण हो । साहित्यकारले साहित्यमा आफ्नो समाजको चित्र उतारेको हुन्छ, साहित्यलाई हितकारक बनाउनका लागि आफ्ना नीति, सिद्धान्त र धारणाहरू बनाएको हुन्छ र तिनै नीति, सिद्धान्त र धारणाबाट उसको जीवनदर्शन प्रकटित भएको पाइन्छ । स्रष्टाले आफ्नो धारणा र भावनालाई पाठकसामु पुर्‍याउन रचनालाई माध्यम बनाएको हुन्छ । स्वामीजीका साहित्यिक कृतिहरूलाई विश्लेषण र अनुसन्धान गर्दा मानवीय हृदयको निश्छल कलात्मक उद्‌गार नै साहित्य हो भनेर चिनाउने स्वामीजीका साहित्यिक मान्यता यस प्रकार छन् :-

(क) साहित्य समाजका लागि हो । साहित्यकारले तव मात्र आत्म सन्तुष्टि गर्दछ जव समाजले आफ्नो साहित्य धैर्यताका साथ पढेर, आचरणमा उतार्ने काम गर्दछ ।

(ख) साहित्यमा जीवन दर्शन प्रकटिएको हुन्छ । शैली साधकमात्र हो । साहित्यमा इमान्दारिता हुनुपर्छ । साहित्य भगवत्प्राप्तिको सयौं सोपानमध्ये एउटा सोपान हो । वास्तवमा साहित्यले मानिसलाई दिशाबोध गराउँछ ।

(ग) साहित्य समाजको कल्याणकारक नीतिनिर्देशक सिद्धान्त हो । राम्रो साहित्यको पठनपाठनले असल नागरिकको उत्पादन हुन्छ ।

अतः समाजका लागि सिर्जना गरिने साहित्यमा साहित्यकारको आत्मिक सन्तुष्टिको चाहना लुकेको हुन्छ र साहित्य कल्याणकारी र परोपकारी हुनु पर्दछ भन्ने स्वामीजीको धारणा रहेको छ ।

धार्मिक संस्कृति, सदाचार, सात्विक भोजन, सात्विक सहवास, सन्त सेवन, भगवत्पूजन नै हाम्रो अतिप्राचीन संस्कृति हो भन्ने धारणा स्वामीजीमा छ । समाजमा लोकसाहित्य परोपकारी, कल्याणकारी, हितैषी हुनु पर्दछ तव मात्र लोक साहित्यले अग्रस्थान प्राप्त गर्न सक्दछ भन्ने धारणा स्वामीजीमा छ ।

आजका मानिसको मनलाई अध्ययन गरेर उसका पीडा र समस्याको निदान गर्नु पर्दछ भन्ने मनोविज्ञान सम्बन्धी धारणा स्वामीजीमा रहेको छ । मानिसले धर्मको रक्षा गरेमा धर्मले मानिसको रक्षा गर्दछ भन्ने पूर्ण विश्वास स्वामीजीमा रहेको छ ।

अध्ययनको व्यापकता, परोपकार भावना, सामाजिक मिलनसारता र संसारका प्रत्येक विषय वासनाबाट तीव्र वैराग्यले वहाँको जीवनलाई प्रभाव पारेको छ । निष्कर्षमा श्री भगवच्चरणमा नवधाभक्ति, भागवतसेवा, समाजसेवा, लोककल्याण, सत्यता, गम्भीरता नै स्वामीजीको पूर्ण जीवनदृष्टि हो । (रिजाल, २०७१ : ३७)

## २.२ स्वामी श्रीधराचार्यको काव्ययात्रा

स्वामी श्रीधराचार्यको काव्ययात्राको चर्चा गर्दा सानै उमेरदेखि आध्यात्मिक चिन्तन, सदाचार, समाजसेवाको भावना तथा रुचि भएका स्वामीजीले वि.सं. २०२१ मा २४ वर्षको उमेरदेखि धर्म, अध्यात्म, समाचार आदिलाई विषयवस्तु बनाएर मुक्तक, फुटकर कविताहरू लेख्न प्रारम्भ गरेको पाइन्छ (रिजाल, २०७१ : ५६) तथापि प्रकाशनका आधारमा ०३४ सालमा जय भारत प्रेस बाँसफाटकबाट प्रकाशित 'वैदिक सुधा' नामक पुस्तकमा 'हिन्दुधर्ममा प्रपत्तियोग' नामक लेख गरेर साहित्यफाँटमा अग्रसर भएको पाइन्छ र त्यही लेख नै कविको प्रकाशित कृति हो । त्यसपछि कविले श्रीवैष्णव सम्प्रदायका आल्वार आचार्यहरूका कृतिबाट प्रभावित भएर २०३८ सालमा रामानुजनुतन्तादि नामक कृतिको रचना(द्राविड भाषाबाट नेपालीमा अनुवाद) र उपदेशरत्नमाला(संस्कृतको नेपालीमा अनुवाद) आदि कृतिको प्रकाशन भएको पाइन्छ । स्वामीजीको मौलिक कृति सहस्रगीतिमञ्जरी (भक्तिगीति महाकाव्य) को लेखनकार्य २०५० सालमा हुन पुगेको पाइन्छ । म्याग्दी जिल्लाको गलेश्वरधाम कालीगण्डकीको तटमा अवस्थित चक्रशीला मुक्तिहरि राधाकृष्ण भगवान् एवं गलेश्वर महादेवको सन्निधिमा रही रचना प्रारम्भ गरिएको १०० दिनको अवधिमा १००० भन्दा बढि श्लोकहरूले युक्त यो सहस्रगीतिमञ्जरी नामक कृति पूर्ण भएको पाइन्छ । यस कृतिको प्रकाशन पनि स्वामीजीको जीवनकालमा प्रकाशन हुन सकेको पाइँदैन । पछि गएर २०६७ सालमा मात्र यो कृति प्रकाशन हुन सफल भएको छ । त्यसपछि स्वामीजीको मौलिक कृतिको रूपमा सात सय श्लोकहरूले युक्त गोदा सप्तशती नामक कृतिको रचना भएको पाइन्छ तर त्यो कृति पनि अहिलेसम्म प्रकाशन हुन सकेको छैन । स्वामीजीद्वारा लिखित 'कल्याणकारी साधना गरौँ' नामक कविता रहेको छ जसको प्रकाशन २०५५ सालमा भएको पाइन्छ । यसैगरी २०५६ सालमा मनोदूति स्वामीजीको अन्तिम कृति मनोदूति काव्यमञ्जरीको रचना भएको पाइन्छ । जसको प्रकाशन २०६२ सालमा भएको हो ।

स्वामीजीको काव्यात्मक मौलिक कृतिहरूको सूचीले नै स्वामीजीको काव्ययात्रालाई स्पष्ट पार्ने हुँदा उपर्युक्त कृतिहरूलाई सूचीमा देखाउने कार्य गरिएको छ ।

स्वामीजीका समग्र कृतिहरू यस प्रकार रहेका छन् :

मौलिक कृतिहरू :

| क्र.सं. | कृति | विधा | लेखनकाल | प्रकाशनकाल |
|---|---|---|---|---|
| १ | सहस्रगीतिमञ्जरी | कविता | २०५० | २०६७ |
| २ | गोदा सप्तशती | कविता | २०५३ | अप्रकाशित |
| ३ | कल्याणकारी साधना गरौँ | कविता | २०५५ | २०५५ |
| ४ | मनोदूति काव्यमञ्जरी | कविता | २०५६ | २०६२ |

अन्य प्रकाशित कृतिहरू :

| क्र.सं | कृतिहरूको नाम | विधा | लेखनकाल | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | श्रीरामानुजनुत्तन्दादि (नेपाली पद्यानुवाद) | कविता | २०३८ | २०३८ |
| २. | श्रीउपदेश रत्नमाला (नेपाली पद्यानुवाद) | कविता | ०३८ | २०३८ |
| ३. | श्रीमुक्तिक्षेत्र माहात्म्यम् (संकलन तथा नेपाली हिन्दी टीका) | पौराणिक कथा | २०५३ | २०५३ |
| ४. | श्रीगोविन्द दामोदर स्तोत्र | कविता | २०५८ | २०६० |
| ५. | श्रीमुक्तिहरि स्तुति मञ्जरी | श्लोक | २०५८ | २०६२ |

**अप्रकाशित कृतिहरू :**

(१) जितेन्तेस्तोत्र अनुदित (नेपालीमा पद्यानुवाद )

(२) नित्यानुष्ठान चन्द्रिका एवं अर्चि गति वर्णन ( गद्य लेख)

(३) अरिष्ट निरूपण (लेख)

(४) प्रदिशादीनां प्रमाणम् (दिशा विदिशाहरूको प्रमाण सम्बन्धी जानकारी)

(५) पुष्पाध्याय (भावपुष्पहरूको निरूपण)

(६) मुक्तिनाथ प्रपत्ति (संस्कृत पद्यात्मक रचना )

(७) कमलापति स्तोत्रम् (संस्कृत र नेपाली पद्यात्मक रचना)

(८) विद्वत्सभाका पन्ध्र प्रश्नको उत्तर (यो प्रश्नोत्तर रूप)

(९) गोदा सप्तशती (नेपालीमा पद्यात्मक रचना)

(१०) रहस्यत्रय सार (नेपाली पद्यात्मक रचना)

(११) श्रीअर्थपञ्चक सार (नेपाली पद्यात्मक रचना)

१२) श्रीसत्य महिमा (निबन्धात्मक रचना)

(१३) शालग्रामाचार्य स्वामीजीको अष्टोत्तरशत नामावली

(१४) गलेश्वर शिव अष्टोत्तरशत नामावली

(१५) श्रीमुक्तिनाथ पञ्चकम् (संस्कृत पद्यात्मक रचना)

(१६) श्रीगुणरत्नकोश (नेपालीमा पद्यानुवाद)

(१७) श्रीआलवन्दार स्तोत्र ( नेपालीमा पद्यानुवाद )

(१८) वरदवल्लभा स्तोत्र (नेपाली पद्यानुवाद )

(१९) श्रीगोदास्तुति (नेपाली पद्यानुवाद)

(२०) नेपाल आमाको पुकार ( कविता रचना )

(२१) जीवेश्वर संवाद (नेपालीकविता )

(२२) अरू केही मुक्तक (विविध विषयलाई उठान गरेर मुक्तकका रूपमा संस्कृतमा श्लोकहरू)

(२३) भजगोविन्दम् जीवनसार (नेपालीमा पद्यानुवाद)

(२४) नन्दाको कथा (कथा)

(२५) सनातन धर्मको पुकार (निबन्धात्मक लेख)

यसरी श्रीधराचार्य स्वामीजीका केही संस्कृतबाट नेपालीमा अनुदित, केही संस्कृत भाषामा रचित, केही कथा, केही निबन्धात्मक लेख आदि रहेको पाइन्छ । जसको प्रकाशन हुन सकेको छैन ।

उपर्युक्त कृतिहरूको अध्ययन गर्दा स्वामीजीको काव्ययात्रालाई निम्नानुसार तीन चरणमा विभाजन गर्न सकिन्छ :

(क) प्रथम चरण - (२०३८-२०४९) सम्म

(ख) द्वितीय चरण - (२०५० - २०५५) सम्म)

(ग) तृतीय चरण - (२०५६)

(क) प्रथम चरण (अनुवाद काल) (२०३८-२०४९ सम्म)

यस चरणमा कविले संस्कृतका स्तोत्रहरूको नेपालीभाषामा पद्यमा अनुवाद गरेको पाइन्छ । २०३८ सालमा रामानुज नुतन्तादि भन्ने द्रावित ग्रन्थ एवं उपदेश रत्नमालाको नेपाली भाषामा शास्त्रीय छन्दमा नै अनुवाद गरेर काव्ययात्रा प्रारम्भ गरेको पाइन्छ । यस कालमा कविले श्रीवैष्णवसम्प्रदाय सम्बद्ध आलवन्दारस्तोत्र, गुणरत्नकोश आदि स्तोत्रहरूको नेपाली अनुवाद गरेको पाइन्छ भने यसै कालमा कविले संस्कृतमा मुक्तिनाथ भगवान्का विभिन्न स्तोत्रहरूको स्वयं रचना पनि गरेको पाइन्छ । कविले अनुवादमा शास्त्रीय छन्दलाई प्रयोग गरी पद्यात्मक रूप दिएका छन् भने अनुवादका क्रममा संस्कृतका कृतिहरूको भावलाई यथारूप नेपाली पद्यमा प्रस्तुत गर्न सफल भएको पाइन्छ ।

(ख) द्वितीय चरण -(२०५० - २०५५सम्म)

२०५० सालमा १०० दिनमा झ्याउरे छन्दमा चार चार हरफका हजारभन्दा बढि पद्यहरू एवं दश शतकले युक्त भएको सहस्रगीतिमञ्जरी नामक (भक्तिगीतिकाव्य) मौलिक र पहिलो काव्यात्मक कृति हो । कविद्वारा लोक छन्दलाई प्रयोग गरेर लेखिएको यो काव्यमा भक्ति, ज्ञान, वैराग्य, उपदेश, मानव कर्तव्य, दर्शन आदि विषयहरू प्रयोग भएका छन् भने विभिन्न पौराणिक

आख्यानहरूको पनि प्रयोग देन्खिन्छ । कविले यसै चरणमा नै गोदा सप्तशती कृतिको रचना गरेका छन् भने कल्याणकारी साधना गरौँ कविता पनि यसै चरणको रचना हो । यसका साथै मुक्तिक्षेत्रको महिमा विभिन्न शास्त्रहरूबाट संकलन गरी त्यसलाई नेपाली र हिन्दी भाषामा पनि टीका गरेका छन् र यस कृतिको प्रकाशन यसै चरणमा नै भएको पाइन्छ । प्रथम चरणमा पद्यात्मक अनुवादका क्रममा शास्त्रीय छन्दको सफल प्रयोग गर्न सक्ने अनुभव भइसकेका कविले पुनः झ्याउरे छन्दलाई प्रयोग गर्नु, प्राथमिककालीन भक्तिधाराको रचनालाई निरन्तरता दिनु कविका यस चरणका प्रमुख विशेषता हुन् ।

(ग) तृतीय चरण - (२०५६)

यस चरणको मुख्य कृति मनोदूति काव्यमञ्जरी हो । पहिला पद्यात्मक अनुवाद, त्यसपछि झ्याउरे छन्दको प्रयोग गरी लेखिएको भक्तिगीतिकाव्य सहस्रगीतिमञ्जरी त्यसपछि शास्त्रीय छन्दमा नै रचिएको गोदा सप्तशती र पुनः कल्याणकारी साधना गरौँ  कविता पछि रचना गरिएको कविको यो मनोदूति काव्यमञ्जरी भक्ति चरमोत्कर्ष (जसलाई परमाभक्ति भनिन्छ)मा पुग्न सफल भएको र परिपाक अवस्थाको काव्य हो । यो काव्य आकारले सानो भएता पनि विषयवस्तु एवं साहित्यिक प्रयोगका हिसाबले यसलाई व्यापक मान्न सकिन्छ । यस कालको विशेषता पनि काव्यमा परमाभक्तिको प्रयोगलाई नै मान्न सकिन्छ ।

## २.३ स्वामीजीको काव्यात्मक प्रवृत्ति

यी कृतिहरूको अनुसार स्वामीजीको कवित्व यात्रालाई नियाल्दा स्वामीजीले आफ्नो ५९ वर्षिय जीवनकालमा २४ औँ वर्षदेखि अन्तिमसम्म जम्मा ३५ वर्ष नेपाली साहित्यमा यापन गरेको पाइन्छ । नेपाली साहित्यको आराधनाका क्रममा स्वामीजीमा विभिन्न काव्य प्रवृत्तिहरू देखिएको पाइन्छ ।

### (क) समाजबोध

स्वामीजीको काव्यमा समाजबोधको प्रवृत्ति महत्वपूर्ण अङ्गका रूपमा देखिएको छ । कविले वर्तमान समाज भौतिक रूपमा विकास भएतापनि विलासिता, यान्त्रिकता, शहरीकरण र आधुनिकताको नाममा आफ्नो संस्कार संस्कृति, मानवता हराइरहेको विकृति, विसंगति, कुरीति, हत्या, हिंसा, आतंकले संसारभर राज गरिरहेको प्रति दुःखी हुँदै समाजलाई त्यसबाट मुक्त गराउने चाहना राखेको पाइन्छ । कविमा प्रत्येक मानवमात्रको सुधार र कल्याणले समाज, देश र क्रमशः

विश्वमा शान्ति हुनसक्ने भएकाले सबैभन्दा पहिले व्यक्तिले आफूमा सुधार ल्याउन आवश्यक रहेको भन्दै समाजलाई त्यसतर्फ सचेत गराउन खोजेका छन् । मानवमा सुधार आउनका लागि उसको संगत, आहार, विहारको भूमिका महत्वपूर्ण हुने भएकाले राम्रो खराब व्यक्तिको संगत, अखाद्य वस्तुको सेवन आदिले मानव मनमा नकारात्मक उत्तेजना बढ्ने र त्यसका कारण ऊ खराब कर्ममा लाग्न सक्छ । जसबाट समाजलाई असर पार्ने कर्ममा लाग्न सक्ने हुनाले त्यसबाट समाजलाई बचाउन प्रत्येक मानव सचेत हुनुपर्ने धारणा सहस्रगीतिमञ्जरी काव्यमा पाइन्छ । कविले साहित्यमा प्रयुक्त धर्म, भक्ति, प्रेम र अध्यात्म आदिका माध्यमबाट समाजलाई सुधार्ने चाहना रहेको पाइन्छ ।

**(ख) कर्तव्यबोध**

कविद्वारा अत्यन्त दुर्लभ मानव देह प्राप्त गरेर पनि मानवले आफ्नो कर्तव्यबाट च्युत भएका मानवलाई आफ्नो कर्तव्यमा लाग्न अनुरोध गरिएको छ । अनादिकालदेखि संसारमा भड्किरहेका हामी जीवात्माहरू मानव जीवन प्राप्त गरिसकेपछि आफ्नो कर्तव्यमा निष्ठ रहेर सत्शास्त्रको अध्ययन, प्राणीप्रति दयाभाव, भगवान्को भक्ति र शरणागति गरेर अन्त्यमा यस संसाररूपी चक्रबाट मोक्ष हुने कर्म गर्नका लागि सबैलाई प्रेरणा दिएको पाइन्छ । सामान्य आहार, विहार, निद्रा, सम्भोग आदि कर्म त पशुपक्षी, जलचर थलचर कीटपतङ्ग आदिले पनि गरीरहेका हुन्छन् । उनीहरू पनि बाँचीरहेका हुन्छन् अतः बाच्नु मात्रै ठूलो कुरा होइन मानव भएर जन्मिएपछि उसले आफ्नो बुद्धि विवेकको प्रयोग गरेर सामाजिक व्यावहारिक औपचारिकतालाई निभाउँदै आत्मकल्याणको मार्ग अपनाउनुपर्दछ । इमान्दारितापूर्वक ससारका अत्यावश्यक कर्म गर्नु, सम्पूर्ण प्राणीमा भगवद्भाव गर्दै प्राणीहरूको सेवा गर्नु, सतत भगवत्स्मरण गर्नु, सत्शास्त्रको अध्ययन र चिन्तन गर्नु, सत्पुरुषको संगत गर्नु यही नै मानवमात्रको कल्याकारी मार्ग र मानवमात्रले गर्नुपर्ने कर्तव्य पनि हो । यही कुरा नै कविका कृतिहरूमा झल्किएको पाइन्छ र प्रवृत्तिको रूपमा विकास भएको पनि पाइन्छ ।

**(ग) दर्शन**

कविमा देखिएको एउटा प्रवृत्ति आध्यात्मिक दर्शन हो । कविका सम्पूर्ण कृतिमा विशिष्ट जीवन दर्शन पाइन्छ । सम्पूर्ण प्राणीहरूले सुख चाहेका हुन्छन्, त्यसैका लागि प्रयत्न गरिरहेका हुन्छन्, कहिले धेरै धन भएपछि सुख होला भनेर धन कमायो, तर पनि सुख प्राप्त भएन । स्त्री पुत्र आदि प्राप्त भएपछि सुख हुन्छ कि भन्यो त्यही पनि दुःखै हुन्छ । किन त भन्दा संसार दुःखमय छ ।

जीवात्माले आनन्दस्वरूप भगवान्लाई प्राप्त गरेपछि मात्र वास्तविक सुख प्राप्त गर्दछ । त्यसैगरी जीवात्माको भगवान्सँगको नौ प्रकारको सम्बन्धको बारेमा चर्चा गरिएको पाइन्छ ।

विशिष्टाद्वैत दर्शनका प्रवर्तक रहनुभएका रामानुज सम्प्रदायमा सम्बद्ध स्वामीजीमा रामानुज स्वामीजीको जस्तै उदार प्रवृत्ति पाइन्छ । रामानुज स्वामीजीले आफ्ना गुरुसँग मन्त्र श्रवण गरेपछि गुरुले यो मन्त्र मोक्ष दिन समर्थ छ तर हे रामानुज यो मन्त्र तिमीले जोसुकैलाई सुनाउनुहुँदैन । यदि यस विपरित गऱ्यौ भने तिमी नरकमा पर्नेछौ भन्ने गुरुको वाक्य हुँदा हुँदै पनि रामानुज स्वामीजीले म नरक जान परेपनि परोस् तर यो मन्त्र श्रवण गर्नाले मोक्ष हुन्छ भने मैले यो मन्त्र सबैलाई सुनाउँछु भनेर सबैलाई सुनाउनुहुन्छ । त्यस प्रकारको उदार भाव भएका रामानुज स्वामीजीद्वारा प्रवर्तित सम्प्रदायमा सम्बद्ध स्वामीजीमा शान्त, उदार, सम्पूर्ण प्राणीमा दयाभाव पाइन्छ तिनै गुण तथा प्रवृत्तिहरू पनि स्वामीजीका कृतिहरूमा झल्किएको छ ।

**(घ) भक्ति ज्ञान र वैराग्य**

आधुनिकताका नाममा देखा परेका विसंगति, कुरिति, विदेशीहरूको अनुकरणले व्याप्त समाज र त्यसैबाट प्रेरित काव्यमा देखा पर्ने प्रवृत्तिहरूका विरुद्ध कविले मानव समस्याहरूलाई जरैदेखि नै उन्मूल पार्ने खालका तत्व भक्ति, ज्ञान, वैराग्य, मानवता, दया, अहिंसा आदि विषयको प्रयोग गरेका छन् । यसका साथै प्रायः गरी विनाशशील सांसारिक भौतिक विषयवस्तु एवं सामान्य महिला पुरुषका माया, मोह, आसक्ति आदिलाई विषयवस्तु गरेर काव्य रचना गरेको पाइन्छ तर कविमा त्यसभन्दा भिन्न तत्व भक्ति, ज्ञान, वैराग्य, मानवता, दया, अहिंसा आदि कुरा पाइन्छन् । त्यति हुँदाहुँदै पनि कविमा साहित्यिक प्रतिभामा कत्ति पनि कमी देखिएको छैन, बरु अझ फस्टाएको छ ।

कवि सहस्रगीतिमञ्जरी काव्यमा उपदेश, भक्ति, ज्ञान र वैराग्य आदि विषयमा बढि प्रवृत्त भएको देखिन्छ भने उनको अन्तिम कृति मनोदूति काव्यमञ्जरीमा उनको कवि शक्ति व्यापक रूपमा देखिएको छ । काव्यको आकार सानो भएता पनि कविले त्यस कृतिमा आफ्नो व्यापक शक्ति प्रस्तुत गरेका छन् । यसका साथै यस कृतिमा सामान्य महिला पुरुषका माया, मोह, आसक्ति आदिलाई विषय वस्तु नभएर सम्पूर्ण जीवात्माका वास्तविक नायक परमात्मा र नायिका जीवात्मालाई प्रेमी प्रेमीकाको रूप दिन सक्नु, मनलाई दूतिका रूपमा कल्पना गरी नायकका साथमा आफ्नो सन्देश पठाउने कुराको कल्पना, मनलाई परमात्मा समक्ष पठाइसकेपछि पुनः त्यहिँ

स्थिर गर्न गरिएको प्रयासको प्रयोग आदिले कविको अद्भुत परिपाक कवित्व शक्ति प्रस्तुत भएको पाइन्छ ।

## २.४ नेपाली साहित्यमा श्रीधराचार्य स्वामीजीको योगदान

श्रीधराचार्य स्वामीजीले सानै उमेरदेखि नै आफ्ना आचार्यहरूबाट प्रभावित भएर २०२१ देखि नै लेखनकला अघि बढाए पनि २०३४ मा 'वैदिक सुधा' नामक पुस्तकमा 'हिन्दू धर्ममा प्रपत्तियोग' नामक लेख प्रकाशित गरेपछि मात्र स्वामीजीको साहित्यको औपचारिक यात्रा प्रारम्भ भएको हो । २०३८ मा 'उपदेशरत्नमाला र रामानुज नुत्तन्दादि पूर्वाचार्यका संस्कृत र द्राविडमा भएका कृतिहरू नेपालीमा अनूदित रूपमा प्रकाशित भएको पाइन्छ । स्वामीजीको लेखन कार्य अनवरत रूपमा चल्दै गए पनि कृतिहरू प्रकाशनमा भने आउन सकेनन् । स्वामीजीबाट मौलिक, अनुदित, संस्कृत र नेपाली गरी ४० का हाराहारिमा कृतिहरू रचना भए पनि आफ्नो जीवनकालमा भने मौलिक 'कल्याणकारी साधना गरौं' र 'प्रार्थना पञ्चकम्', 'श्रीकृष्णागण्डकीस्तुति' संस्कृत, 'श्रीमुक्तिनारायण प्रार्थना' संस्कृत, 'मुक्तिनाथ मङ्गलाष्टकम्', 'श्रीमुक्तिनाथाष्टोत्तरशत नामावली स्तोत्र' संस्कृत यति ६ ओटा प्रकाशित भएका हुन् । अरू सबै पाण्डुलिपिका अवस्थामा नै रहेका र पछि शिष्यहरूका माध्यमबाट 'श्रीसहस्रगीति मञ्जरी, 'मनोदूति काव्य मञ्जरी आदि मौलिक कृतिहरू प्रकाशित भएका छन् भने गोदासप्तशती अझै प्रकाशितत हुन सकेको छैन । स्वामीजीका कृतिहरूले नेपाली साहित्य र संस्कृत साहित्यलाई विशेष योगदान दिएका छन् । सामाजिकता, मानवता, भक्तिधारा, ज्ञानधारा, वैराग्य र प्रपत्ति आदि विषयको संयोग भएका स्वामीजीका कृतिलाई नेपाली साहित्यमा नयाँ आयामको रूपमा लिन सकिन्छ । वर्तमान विकृति विसंगतिबाट विरक्त जनसमाजलाई स्वामीजीका कृतिका माध्यमबाट विशेष लाभ मिल्न सक्छ । स्वामीजीका अन्य रचनाहरू पनि प्रकाशनमा आउनसके साहित्यलाई अझ अग्रपंक्तिमा पुऱ्याउन सकिने थियो । भावी साहित्यकारका लागि स्वामीजीका कृतिहरू मार्गदर्शकका रूपमा रहेका छन् । यसरी धार्मिक, साहित्यिक क्षेत्र र सामाजिक क्षेत्रमा स्वामीजीको ठूलो योगदान रहेको छ ।

## २.५ निष्कर्ष

वि.सं. १९९७ साल श्रावण ८ गते बाग्लुङ जिल्ला, कुँडुले फेदी निवासी ज्योतिष पं. भूमिश्वर उपाध्याय पौडेल र खगेश्वरी उपाध्याय पौडेलका कनिष्ठ पुत्रको रूपमा जन्मिएका

श्रीधराचार्य स्वामीजी 'हुने विरुवाको चिल्लो पात' भने झैं बाल्यकालदेखि नै भगवान् प्रतिको भक्ति, सेवाभाव आदि गुणहरूले युक्त भएको पाइन्छ । ४ वर्षको उमेरमा नै वनमा गाई चराउन जाँदा शालग्राम एकत्रित गरेर पातको टपरी गाँसी गाई दुहेर त्यही दुधमा शालिग्रामलाई नुहाउनु, वनका फूलले अर्चना गर्दै कन्दमूल भोग लगाई (चढाई) तीर्थ, (चरणोदक) र फूल प्रसाद वितरण गर्ने गर्नु, अन्य बालकहरूलाई वरिपरि राखी स्वयं माथि ढुङ्गामा बसेर तोते बोलीमा कथा सुनाउनु आदि स्वामीजीका बाल्यावस्थाका विशेष गुण हुन् ।

घरमै अनौपचारिक अध्ययन प्रारम्भ गरेर म्याग्दीको रत्नेचौर, बाग्लुङको रातामाटा पर्वतको नाग्लिवाङ्गमा आदि स्थानमा रहेर प्रारम्भिक शिक्षा अध्ययन गरेको पाइन्छ । श्रीशालिग्रामाचार्य स्वामीजी, बृन्दावनका श्रीशुकाचार्य स्वामीजी, अण्णङ्गराचार्य स्वामीजी, गोपालाचार्य स्वामीजी आदि स्वामीजीका शिक्षा दिक्षाका विशेष गुरु/आचार्यहरू हुनुहुन्छ भने स्वामीजीले श्रीपराङ्कुश शठकोप जीयर स्वामीजीलाई पनि सन्यासाश्रम धारणका क्रममा आचार्यका रूपमा वरण गरेको पाइन्छ । श्रीधराचार्य स्वामीजीले आफ्ना गुरुलाई छोटो समयमा नै प्रसन्न पारेर व्याकरण श्रीमद्भागवत आदि ग्रन्थको अध्ययन गरी १२ वर्षमा श्रीमद्भागवत महापुराणको मार्मिक सारगर्भित ओजस्वी प्रवचनबाट समाजलाई मन्त्रमुग्ध बनाउन सफल भएको पाइन्छ भने त्यसै अवस्थामा नै स्वामीजीको गृहस्थाश्रममा प्रवेश हुन्छ । यसरी १२ वर्षमा नै विवाह भएपनि उच्च शिक्षा क्रम चलिरहन्छ । स्वामीजीले वि.सं. २०१५ सालमा अयोध्या हुँदै वृन्दावन गएर श्री शुकाचार्य स्वामीजीबाट पञ्चसंस्कार पूर्वक श्रीवैष्णव दीक्षा ग्रहण गरी व्याकरण श्रीमद्भागवत, श्रीमद्वाल्मिकीय रामायण, महाभारत जस्ता ग्रन्थहरू अध्ययन गरेको पाइन्छ । पूर्वमध्यमा, उत्तरमध्यमा आदि परीक्षा प्रणालिलाई अपनाउँदै उच्च शिक्षा हासिल गर्ने क्रममा स्वामीजी पुनः नेपाली आएर २०२२ मा २५ वर्षको उमेरमा तत्कालीन अतिविकट मुक्तिनाथ र दामोदर कुण्डको यात्रा र भगवत् प्राप्तिको कठोर साधना गरेको पाइन्छ । स्वामीजी अयोध्यामा रहेका बेलामा नै दुई छोरी र एक छोरा गरी तीन सन्तान हुन्छन् ।

छोटो समयमा नै स्वामीजीले इतिहासपुराण, धर्मशास्त्र, शांकरवेदान्त, साहित्य, व्याकरण र रामानुज वेदान्त ६ ओटा विषयमा आचार्य गरी षडाचार्य पदले विभूषित भएको पाइन्छ । स्वामीजीले २०३२ साल भित्रै न्याय, गूढ वेदान्त विषयहरू दिव्य प्रबन्धहरू कर्मकाण्ड, उपनिषद्हरू, रामानुज साम्प्रदायिक ग्रन्थ क्रमशः श्रीशुकाचार्य स्वामीजी, खोर्सानाका महात्मा,

श्रीअण्णङ्गराचार्य स्वामीजी र श्रीगोपालालचार्य स्वामीजीसँग रहस्य ग्रन्थहरूको गूढ अध्ययन गरेको पाइन्छ ।

औपचारिक अध्ययन पश्चात् स्वामीजी नेपाल फर्केर नेपालका तीर्थस्थलहरूलाई वास्तविक पवित्र तीर्थ बनाउने, विशेष गरेर मुक्तिनाथ र दामोदर कुण्डलाई विश्वभर चिनाउने, धर्म प्रचार गर्नको लागि विद्यालयहरू खोलेर धेरै विद्यार्थीहरूलाई धर्म प्रचारमा अग्रसर बनाउने विशाल उद्देश्य लिएर नेपाल भित्रिएको पाइन्छ । जसअनुसार स्वामीजीले लङ्कु आफ्नै निवासमा ५ वर्षसम्म २० औं विद्यार्थीहरूलाई निःशुल्क आवास, भोजन र विद्याप्रदान गरेको पाइन्छ । स्वामीजीद्वारा समय समयमा भक्तहरूलाई विभिन्न तीर्थहरूको भ्रमण गर्ने गराउने गरेको पाइन्छ । यसैगरी सनातन वैदिक श्रीवैष्णव धर्म, संस्कार, संस्कृतिको संरक्षण गर्ने क्रममा स्वामीजीले विभिन्न स्थानमा मठ, मन्दिर, वेदविद्याश्रम, संस्कृत विद्यालय, अन्नदानक्षेत्र आदिको स्थापना तथा सञ्चालन गरेको पाइन्छ ।

सांसारिक विषयबाट विस्तारै वैराग्यको खुड्किलो चढ्दै जाँदा २०४८ मा वानप्रस्थाश्रम प्रवेश गरेपश्चात् स्वामीजीले विविध विषयका साहित्यहरूलाई अनुदित गर्दागर्दै २०५० मा (स्वयंमा पूर्ण वैराग्य र छन्दमा पनि वैराग्य गीति छन्द) वैराग्यवेणीलाई स्वीकार गरेर रचित सहस्रगीतिमञ्जरी -भक्तिगीति महाकाव्यले नेपाली साहित्य समाजमा ठुलो योगदान पुगेको छ ।

समय समयमा विद्वत् सम्मेलन गरी वैदिक धर्मको प्रवर्द्धन र संवर्द्धन, मुक्तिनाथ जाने यात्री, साधु सन्तको सेवाको निमित्त फेदी, गलेश्वर, घारखोला, घाँसा, जोमसोम र मुक्तिनाथमा अन्न दान क्षेत्र सञ्चालन आदि समाजसेवा गरेको पाइन्छ । वि.सं. २०५२ जेष्ठ २८ गते पञ्चासेमा श्रीशठकोप यतिराज रामानुजजीयर (श्रीपराङ्कुशाचार्य) स्वामीजीबाट सन्यासाश्रम ग्रहण गरी श्रीनिवास मुक्तिनारायण रामानुज जीयर स्वामीजीका नामले परिचित भएका स्वामीजीले चतुर्थ आश्रममा गएपछि नै धेरै साहित्यिक ग्रन्थहरूको रचना भएको पाइन्छ । अन्तमा सबै विषय प्रपञ्चबाट निवृत्त भएर सेवकको रूपमा सानो बालक ऋषि (ऋषि प्रपन्नाचार्य)लाई साथमा लिएर २०५६ वैशाखमा श्रीलक्ष्मीनृसिंह गुफा ढोडेनीमा रहेर तपस्या गर्दै सांसारिक जनसंपर्कबाट निवृत्त भएर यो मानव जीवनलाई भगवान्मा नै समर्पण गर्दै २०५६ कार्तिक १९ गते बिहान १० बजे सुषुम्ना नाडी भेदन गरी स्वामीजी परमपद भएको पाइन्छ ।

काव्ययात्राको सम्बन्धमा श्रीधराचार्य स्वामीजीद्वारा २०२१ सालदेखि नै कविताहरू लेखन प्रारम्भ गरिएको भन्ने पाइएतापनि (रिजाल, २०७१ : ५६) प्रकाशनका आधारमा २०३४ सालमा 'हिन्दू धर्ममा प्रपत्तियोग' लेख प्रकाशन गरेर साहित्य क्षेत्रमा प्रवेश गरेको पाइएतापनि २०३८ सालमा रामानुज नुतन्तादि र उपदेश रत्नमालाको नेपाली भाषामा पद्यानुवाद गरेर काव्य क्षेत्रमा प्रवेश भएको मान्न सकिन्छ । यसपछि कविले संस्कृत भाषामा नै विभिन्न स्तोत्र, प्रार्थनाहरूको रचना एवं संस्कृतमा रहेका स्तोत्र तथा भक्तिग्रन्थहरूको नेपाली भाषामा पद्यानुवाद भएको पाइएको छ । मौलिक रचनाका हिसाबले २०५० सालमा सहस्रगीतिमञ्जरी नामक भक्तिगीति काव्यको रचना गरेर काव्यक्षेत्रमा आगमन भएको पाइन्छ र आकारका हिसाबले यही काव्य नै कविको सबैभन्दा ठूलो कृति हो । यसको प्रकाशन भने २०६७ सालमा मात्र हुन सकेको पाइन्छ । त्यसपछि ०५३ गोदा सप्तशती नामक कृतिको रचना भएको पाइन्छ भने यो कृतिको प्रकाशन अहिलेसम्म पनि हुन सकेको छैन । २०५५ सालमा कल्याणकारी साधना गरौं कविताको लेखन तथा प्रकाशन पनि र २०५६ सालमा मनोदूति काव्यमञ्जरी (खण्डकाव्य)को रचना भएको पाइन्छ भने यो कृतिको प्रकाशन २०६२ सालमा भएको पाइन्छ र यो कृति नै कविको अन्तिम कृति पनि हो । आफ्नै जीवनकालमा प्रकाशन गर्ने प्रयास गरेपनि सो कार्य भने पूरा हुन सकेको पाइँदैन ।

स्वामीजीका यी कृतिहरूको अध्ययन गर्दा स्वामीजीको काव्ययात्रालाई (क) प्रथम चरण - (२०३८-२०४९), ख) द्वितीय चरण - (२०५० - २०५५सम्म), (ग) तृतीय चरण - (२०५६) तीन चरणमा विभाजन गर्न सकिन्छ । प्रथम चरणमा अनुवादहरू र संस्कृत श्लोकहरू रचना भएका छन् भने दोस्रो चरणमा सहस्रगीतिमञ्जरी र गोदासप्तशती भक्तिकाव्य तथा कल्याणकारी साधना गरौं कविताको रचना भएको पाइन्छ यस चरणका विशेषता कविको लोकलयको मोह, प्राथमिक कालीन भक्तिधाराको पुनर्ताजकीकरण र साहित्यमा भक्ति, ज्ञान, वैराग्यको संगम, मानवीय कर्तव्यबोध एवं समाज सुधारको भावना आदि रहेका छन् भने तेस्रो चरणमा कविले भक्तिको पराकाष्ठा (परमा भक्ति)को स्वरूपलाई परिपाक काव्यात्मक कृतिको रूपमा उतार्न सफल भएको पाइन्छ ।

तृतीय परिच्छेद

# श्रीसहस्रगीतिमञ्जरी काव्यको अध्ययन

## ३.१ विषयप्रवेश

मनुष्य जीवन यस्तो हो जसले बुद्धि विवेकको प्रयोग गर्न सक्दछ । आफ्ना अनुभवहरू अरुसँग साट्न सक्दछ । कुनै एक समयको कुरालाई विनिमयका माध्यमबाट अनन्तकालसम्म प्रवाह गर्न सक्दछ । हरेक व्यक्तिका धेरै भोगाइ हुन्छन्, धेरै अनुभवहरू हुन्छन् तर ती सबैले साकार रूप प्राप्त गरेका हुँदैनन् । मनुष्य एकैछिन् पनि उसले चाहेर वा नचाहेर पनि कुनै न कुनै कर्म नगरी बस्न सक्दैन । त्यसैले बालबच्चाहरू हरेक समय साथीहरूसँग खेल्न रमाइलो गर्न मन पराउँछन् । अल्लि ठूलो भएपछि पढ्न, त्यसपछि अनेक व्यवहारमा र केही काम गर्न नसक्ने हुँदा पनि उसको चेतना भएसम्म उसले मनमनै धेरै कुराहरू चिन्तन गरिरहेको हुन्छ, सोचिरहेको हुन्छ । तर तिनै व्यक्तिमध्ये कसैले उपयुक्त वातावरण पाएर र वा स्वयंले सिर्जना गरेर आफ्ना भाव र विषयवस्तुहरूलाई व्यवस्थित र क्रमिक रूपमा सिलसिला मिलाई लेख्य रूपमा प्रस्तुत गर्दछ । त्यही प्रस्तुतीकरणलाई नै साहित्यिक कृति भनिन्छ जुन लामो समयसम्म प्रभाव राख्न सफल हुन्छ ।

श्रीधराचार्य स्वामीजीबाट आफ्नो जीवनमा अध्ययन, अध्यापन, चिन्तन, मनन, भ्रमण आदिबाट द्रवीभूत भएर ज्ञानको परिपाक अवस्थामा नेपाली र संस्कृत भाषामा धेरै कृतिहरूको रचना भएका छन् । स्वामीजीबाट फुटकर कविताहरू पनि रचना भएका छन् । सांसारिक विषयवस्तु, प्रेम, प्रकृति, युद्ध आदि विषयमा साहित्य कृतिहरू बढि लेखिने गरेको अवस्थामा स्वामीजीका पूर्णतया पारमार्थिक ज्ञान, भक्तिभाव वृद्धि गर्ने भगवच्चरणमा अनुराग उत्पन्न गराउने खालका रचनाहरूले स्रष्टा र पाठकहरूको ध्यानलाई आकर्षित गर्दै सांसारिक प्रेम, विषयवस्तुमा मात्र नभएर आध्यात्मिक पारमार्थिक विषयमा पनि यसरी साहित्य रचना गर्न सकिन्छ भन्ने मान्यताको स्थापना गरेको पाइन्छ ।

स्वामीजीका काव्यमा सांसारिक विषयवस्तु भन्दा पारमार्थिक विषयवस्तु धेरै भेटिन्छन् । अलङ्कार, विषयवस्तु, प्रतीक, विम्ब आदि पनि रचनामा प्रशस्त भेटिन्छन् । २०२१ सालदेखि यत्किञ्चित् समय लेखनकार्यलाई पनि दिएका स्वामीजीबाट मुक्तक, फुटकर कविताहरू धेरै नै

रचना भएको पाइन्छ । पारिवारिक वातावरण त्यति साहित्यिक नभए पनि स्वामीजीले प्राप्त शिक्षा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वसोवास, तीर्थयात्रा, आचार्य गुरुजनहरूको प्रेरणा, सत्स· आदिको प्रभावबाट साहित्यतर्फ आकर्षित भई साहित्यका विधामा कलम चलाउँदै साहित्यिक यात्रामा अगाडि बढेको पाइन्छ ।

स्वामीजी प्रारम्भदेखि नै भगवद्भक्ति, प्राणीमात्रको हित, आध्यात्मिक तथा बौद्धिक चिन्तन, मनन आदि विषयलाई लिएर साहित्यको फाँटमना अग्रसर भएको पाइन्छ । २०२१ सालदेखि नै साहित्य रचना भएका भएतापनि २०३४ सालमा जय भारत प्रेस बाँसफाटक वाराणसीबाट प्रकाशित 'वैदिक सुधा' नामक पुस्तकमा "हिन्दू धर्ममा प्रपत्तियोग" नामक लेख नै स्वामीजीको प्रथम प्रकाशित कृति हो र प्रकाशनका हिसाबले साहित्यका फाँटमा यसै लेखबाट नै समाजमा प्रतिष्ठित भएको देखिन्छ । स्वामीजीको लेखनकला हेर्दा केवल नेपाली भाषामा मात्र नभएर संस्कृत र हिन्दी भाषामा पनि दक्षता रहेको देखिन्छ ।

सहस्रगीतिमञ्जरी (भक्तिगीति महाकाव्य) स्वामीजीले '२०५० सालमा आषाढ गुरुपूर्णिमाको दिन गलेश्वर चक्रशीला(जहाँ मुक्तिहरि र चक्रहरि महादेवको सन्निधि तथा रहुगङ्गा र कृष्णागण्डकीको संगमस्थल छ)मा गुरुपूर्णिमाको उत्सव सम्पन्न गरी सायङ्कालमा उत्तराभिमुख भएर श्रीभगवान्को चिन्तन गर्दै जाँदा असारे लयपूर्ण ध्वनि यस प्रकारको भाव निःसृत हुन पुग्दछ :

श्रीहरि भन, हे मेरो मन, श्रीलक्ष्मी बल्लभ

श्रीरामकृष्ण, गोविन्द विष्णु, श्रीर·गोपाल ।

यो श्लोक (कविता) पूरा गर्न स्वतः नै स्फुरण भएर आउँदा कविता पूर्ण बन्दछ ।

वेङ्कटनाथ, श्रीमुक्तिनाथ, श्रीनाथ श्रीधर

भनेर दिन, बिताउ तिमी, न सम्झ **संसार** ॥

यो कविता पूर्ण भै बारम्बार आवृत्ति हुन्छ र शब्दहरूको वर्षा हुँदै जाँदा १०० दिनमा यो मञ्जरी रचना भएको देखिन्छ ।

यो ग्रन्थ रचनाका समयमा स्वामीजीमा पूर्ण वैराग्य र छन्दमा पनि वैराग्य छन्द हुनाले वैराग्यद्वयको संगमवेणीबाट नै श्रीसहस्रगीतिमञ्जरी काव्यको जन्म भएको हो । यस काव्यका प्रत्येक श्लोकमा चार पङ्क्ति र प्रत्येक पङ्क्तिमा १६ अक्षर रहेका छन् भने प्रत्येक पङ्क्तिको पाँच, पाँच र छ अक्षरमा विश्राम छ । यसरी भगवान्‌का दिव्य नाम, कथा, गुणानुवाद, उपदेश आदिले युक्त हजारौँ भन्दा बढी श्लोकरूपी मञ्जरीले युक्त भएकाले यस काव्यको नाम सहस्रगीतिमञ्जरी रहन गएको हो ।

## ३.२ विषयवस्तु

श्रीसहस्रगीतिमञ्जरी कवि श्रीधराचार्य स्वामीजीबाट रचित काव्य हो । कविले यस काव्यको आदिमा आफ्ना शिक्षा तथा दीक्षा गुरु, गुरुपरम्परामा दीक्षित आचार्यगण, पिता माता, ज्ञानका अधिष्ठाता हयग्रीव भगवान्, राधारमण, मुक्तिनाथ, रङ्गनाथ, वेङ्कटेश, वैकुण्ठनाथ आदि भगवान्‌का पाँचै स्वरूप (पर, व्यूह, विभव, अन्तर्यामी, अर्चावतार) को स्मरण गर्दै हरि भगवान्‌कै प्रेरणा अनुसार भगवद्‌भावले युक्त यस सहस्रगीतिमञ्जरीको प्रारम्भ गरेका छन् ।

यस सहस्रगीतिमञ्जरीमा दशवटा शतक (खण्ड) रहेका छन् । प्रत्येक शतकमा सयभन्दा धेरै पद्यहरू छन् । जसरी भगवान्‌लाई अत्यन्त प्रिय तुलसीका मञ्जरीहरू अर्पण गरिन्छ त्यसरी नै यस काव्यमा रहेका सहस्र अर्थात् एक हजारभन्दा धेरै भगवान्‌का अत्यन्त प्रिय नाम, कथा र गुणगानले युक्त सुमधुर पद्यरूपी मञ्जरी आचार्यद्वारा अर्पण गरिएका छन् र त्यसैबाट नै यस काव्यको सहस्रगीतिमञ्जरी नामकरण भएको पाइन्छ ।

कविले आफ्नो मनलाई सम्झाउँदै सम्पूर्ण मानवमात्रलाई आग्रह गर्दै भनेका छन् - सम्पूर्ण मानवमात्रको जीवनको सर्वस्व धन नै भगवान्‌को नाम सङ्कीर्तन भएको हो । त्यसैले हे मन ! अब संसारमा घुमेर भगवान्‌लाई भुलेर भड्कने काम नगरिकन यस संसारबाट पार हुने उपायस्वरूप भगवान्‌को भजन, कीर्तन र स्मरण गर । कविका अनुसार हामी यस संसारमा आउँदा पनि केही नलिइकन आएका थियौं र जाँदा पनि केही नै नलिइकन जानेछौँ । धन, सम्पत्ति, छोराछोरी, श्रीमती आदि वस्तुहरू, नाता गोता सबै अनित्य छन् र एकदिन अवश्य यिनलाई छाडेर रित्तै जानुपर्दछ । त्यसैले घमण्डी नबन, कसैलाई हेला नगर, अनाथहरूको सेवा गर र श्रीहरि भगवान्‌को भजन गर, यही नै मनुष्य जीवनको सार हो । जसले न्याय र नीति

अनुसार भक्तिपूर्वक सेवा गर्दै सत्शास्त्र र शिष्टजनको आज्ञा पालन गर्दछ र सत्कर्म गरेर आफ्नो जीवनलाई आदर्शमय बनाउँदछ भने त्यो नै हरिको प्रिय भक्त भएर परमधाममा जान्छ । यसैगरी कविले सनातन हिन्दु धर्मका बताइएका मोक्षका विविध उपायमध्ये सबैभन्दा सरल उपाय श्रीवैष्णव सम्प्रदायमा दीक्षित भएर शरणागतिलाई स्वीकार गर्नु उपयुक्त हुन्छ । मानव जीवन प्राप्त गरेर पनि मोक्षलाई प्राप्त गर्ने सरल उपाय शरणागति मार्ग हुँदाहुँदै पनि भगवान्को शरणमा परिएन भने फेरी पनि जन्म र मरणको चक्रमा घुमिरहनु पर्छ भन्दै जीवलाई सचेत गराएका छन् ।

श्रीमद्भागवत आदि पुराणहरूमा उल्लेख गरेअनुसार देवताहरूले पनि प्रशंसा गरेको ठाउँ यो कर्मभूमि तथा ऋषि महर्षिहरूको तपोभूमि भारतवर्ष त्यसमा पनि कृष्णागण्डकीको तटवर्ती क्षेत्रमा मनुष्यको रूपमा जन्म भगवान्को ठूलो कृपा भएर मात्र प्राप्त हुन्छ । मानव जीवन बाहेक अन्य चौरासी लाख योनिमा सत्कर्म गर्ने चेष्टा प्राप्त हुन सक्दैन । यदि यस्तो पवित्र भूमिमा उत्तम मानव चोला पाएर पनि आत्मकल्याणको मार्ग अपनाइएन भने केवल पश्चात्ताप गर्नुको विकल्प रहँदैन अतः पछुताउन पर्ने कर्म नगरौँ र अहिले नै सचेत भएर हरिको शरण परी यस मानव जीवनलाई सफल बनाउने कार्य गर्न कविले आग्रह गरेका छन् ।

यस काव्यमा श्रीवैष्णव सम्प्रदायका प्रवर्तक आचार्य श्रीभाष्यकार रामानुजाचार्य स्वामीजीद्वारा स्थापित विशिष्टाद्वैत सिद्धान्तसम्बद्ध तत्वत्रय र अर्थपञ्चक आदि ग्रन्थका विषयलाई कविले विशेष महत्वका साथ रूपमा वर्णन गरेका छन् । स्वस्वरूप भनेको जीवात्माको स्वरूप हो । जीवात्मा परमात्माको शेष हो । परमात्माद्वारा प्राप्त भएको स्वतन्त्रताको दुरुपयोगबाट उत्पन्न अनादि कर्मले गर्दा अल्पज्ञ र दुःखी भएको छ । त्यसैले परम सुख प्राप्त गर्नका लागि सद्गुरुका माध्यमबाट भगवान्को शरणमा पर्नुपर्दछ । शरणागत भइसकेपछि आत्माको यथार्थ स्वरूपको ज्ञान हुँदै जान्छ र आचार, कर्म र सद्धर्ममा निष्ठा बन्दछ । मुमुक्षुजनले आफ्ना संस्कार संस्कृति मर्यादालाई पालना गर्दै जानुपर्दछ । घमण्डले मदान्ध हुनुहुँदैन । आफूलाई परमात्माको शेष सम्झेर स्वकर्तव्य र परमात्माको कृपाको स्मरण गर्दै प्रारब्ध कर्मको भोग गर्नुपर्दछ । क्रियमाण कर्मलाई फलको आशाको त्यागपूर्वक गर्दै जानु, भगवान्को भजन गर्नु जीवात्माको परमकर्तव्य हो ।

सम्पूर्ण चराचर जगत्मा व्याप्त तथा भुसुनादेखि ब्रह्माजीसम्मका आत्मा स्वरूप, सबैका अन्तर्यामी, शेषी र संसारको सृष्टि, स्थिति र प्रलयका कारण एकमात्र लक्ष्मीनाथ भगवान् श्रीनारायण हुनुहुन्छ । जीव तिनै परमात्माको अंश हो र आफ्नो अंशी परमात्मालाई प्राप्त गरेपछि मात्र जीवात्माले परमसुख वा आनन्द प्राप्त गर्दछ । पुण्य र पाप दुवै संसारका कारण हुन्, दुवै बन्धन हुन् त्यसैले पुण्य र पाप रहित भएर आत्मा नित्य अजर अमर अजन्मा शुद्ध छ भन्ने सम्झेर शरीरमा आत्माको भानलाई छाडेर प्रणव, अष्टाक्षरी मन्त्रको स्मरण गर्दै जीवन यापन गर्नुपर्दछ । आत्मा सबैको समान छ, कर्मले गर्दा उच्च, नीच, अणु, स्थुल, पशु, पक्षी, कीटाणु, देव, मानव, स्वर्ग वा नरकगामी, पण्डित, पामर, नर नारी आदि हुन्छ । तथापि त्यो आत्माको स्वरूप होइन ।

कविले सामाजिक समस्याको मूल कारण मानवको साधारण व्यवहारबाट शुरु हुन्छ । व्यवहारमा शुद्धता आउनका लागि मानवमात्रमा सात्विक विचार हुनुपर्दछ । सात्विक विचारका लागि आहार विहार आदि सात्विक हुनुपर्दछ । त्यसैले समाजसुधारका लागि मानवमात्रले आफ्नो आहार, विहार आदिमा पवित्रता ल्याउन र सदैव शुभकर्म एवं शुभचिन्तनमा लागिरहन कविद्वारा आग्रह गरिएको छ । जस्तै -

अभद्र वस्तु अखाद्य पेय अवाच्य यी सब

बीभत्स रूप अश्लील शब्द, नग्नाङ्गदर्शन ।

संसर्ग छाडी कल्याणकारी वस्तुको चयन

सत्सङ्ग सेवा मङ्गलकारी सम्झनु महान् ॥ (सहस्रगीतिमञ्जरी, १।५१ श्लोक ।

खाद्य, अखाद्य वस्तुको वर्णन गरी मांस मदिरा आदिको सेवन पनि घोर नरकको कारण भएको बताएका छन् । यस्ता अखाद्य वस्तुहरूको सेवनले मानिसको शरीरमा विभिन्न प्रकारका रोगहरू लाग्ने र त्यही रोगका कारणले मानिसको मानसिक तनाव, पारिवारिक कलह, सामाजिक समस्याहरू उत्पन्न हुन्छन् र तिनै सामाजिक समस्याहरूका कारणले देशको परिस्थिति पनि नकारात्मक हुन जान्छ । अतः अखाद्य वस्तुहरूको सेवन नगरिकन सत्संगबाट मंगलकारी कार्य गर्न सबैलाई प्रेरणा दिइएको छ ।

यस काव्यमा घर गृहस्थमा रहेर आफ्ना पिता माता, भाइ, बहिनी आदिको पालन गर्नुपर्ने अवस्थामा गर्दैन भने त्यो नरकको भोगी हुने कुरा बताइएको छ । यदि कोही नर नारीले द्वेषले आफ्ना पति वा पत्नी छाड्दछन् वा मोहले परस्त्री, परपुरुष स्वीकार्दछन् भने त्यस्ताको दुर्गति हुने बताउँदै शास्त्रका माध्यमबाट समाजसुधारको मार्ग दर्शाइएको छ । सात्विक विचार प्राप्तिका लागि व्रतहरूको पनि सहायक भूमिका हुने भएकाले कविले कल्याण चाहने व्यक्तिले एकादशी, वामनजयन्ती, कृष्णजयन्ती, रामजयन्ती, नृसिंहजयन्ती आदि पर्वमा व्रत बस्नुपर्ने बताएका छन् । यसका साथै सम्पूर्ण कर्मको फलदाता, सृष्टि, स्थिति, प्रलयकर्ता, कालका पनि काल, श्रीलक्ष्मीनायक श्रीकृष्ण भगवान् नै सर्वश्रेष्ठ भएको कुरा पनि यहाँ वर्णन गरेको पाइन्छ ।

भगवान्का पर, व्यूह, विभव, अन्तर्यामी, अर्चावतार आदि गरिएका पाँच स्वरूपको वर्णन जसमा परस्वरूप (वैकुण्ठमा निवास गर्ने परवासुदेव), व्यूहस्वरूप (संसारको सृष्टि, स्थिति र लय गर्नका निमित्त धारण गर्नका निमित्त स्वीकृत स्वरूप (वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरुद्ध), विभवस्वरूप (अवतार विशेष श्रीराम, श्रीकृष्ण, वराह, मत्स्य, कूर्म आदि), अन्तर्यामीस्वरूप ( सम्पूर्ण प्राणीहरूका हृदयनिवासी) र अर्चावतार (रङ्गनाथ, मुक्तिनाथ, बद्रीनाथ, तिरुपति, जगन्नाथ एवं शालग्राम आदि स्वयं व्यक्त एवं प्रतिष्ठित विग्रह) आदिको वर्णन प्रथम शतकमा वर्णन गरिएको पाइन्छ ।

द्वितीय शतकमा भगवान् भक्तका इच्छा अनुसार भक्तकै पराधीन भएर भक्तबाट प्राप्त भए अनुसारका वस्तुलाई स्वीकार गर्ने भगवान्का सौलभ्य गुणले युक्त अर्चा विग्रहको महिमा वर्णन गरिएको छ । यसैगरी भगवानलाई प्राप्त गर्नका लागि उपायस्वरूप(कर्म, ज्ञान, भक्ति, प्रपत्ति र शरणागति)को पनि वर्णन गरिएको छ । यसका साथै भगवान्का भक्तको स्वरूपको पनि वर्णन गरिएको पाइन्छ । भगवान्का भक्तहरूले जब आफ्नो र परमात्माको स्वरूपको ज्ञान प्राप्त गर्दछन् तब भगवान्सँगको मिलनबिना भक्तहरू एकक्षण पनि रहन सक्दैनन् । सांसारिक विषय र विषयी जनहरूको संगत उनीहरूलाई आगोको ज्वालाको समान हुन्छ । ती भक्तहरू भगवान्सँगको वियोगमा अत्यन्त छट्पटाउँछन्, भावविह्वल भएर भगवान्कै नाम लिँदै आलाप विलाप गर्दछन् भन्दै भगवान्का भक्तहरूको स्वरूपको वर्णन कविद्वारा गरिएको छ ।

कविका अनुसार जसरी कामिनी प्रेमिकाको मनमा प्रेमीलाई प्राप्त गर्ने जति तीब्र चाहना रहन्छ त्यसैगरी भक्तहरू पनि भगवान्लाई प्राप्त गर्नका निमित्त तड्पिरहेका हुन्छन् । उनीहरूले

भगवान्लाई प्राप्त गर्ने विश्वासमा यति दृढ हुन्छन् र भगवानलाई प्राप्त गर्ने अठोट गर्दछन् । जस्तै -

उत्कट इच्छा दर्शन गर्ने भेटने सामुमा

भावमा भक्त विह्वल बन्छन् प्रभुकै मायामा ।

चाहे झैं प्रभु दर्शन झट्ट नमिल्दा प्रत्यक्ष

अगाडि सार्छन् भर्ता र भार्या अनेक सम्बन्ध ॥ सहस्रगीतिमञ्जरी - २।१८ श्लोक ।

छोड्दैनन् प्रभु दर्शन अब नपाई ती भक्त

कुनै दिन हामी पाउँछौं हरि-दर्शन अवश्य ।

भनेर दृढ विश्वास साथ शृङ्गार गरेर

बस्दछन् रुँदै सर्वत्र हेर्दै भक्तिमा डुबेर ॥ सहस्रगीतिमञ्जरी - २।२०

भगवान्का भक्तलाई यदि एकपटक पनि मनमा भगवान्को स्वरूप झल्क्यो भने उनीहरू यति आनन्दित हुन्छन् कि उनीहरूले त्यस स्वरूपको रसमाधुरीलाई छाडेर संसारका अन्य सम्पूर्ण भोग विलासका वस्तु दिएपनि चाहँदैनन् । यसैगरी भगवान्को स्मरण, चिन्तन, दर्शनलाई अमृत र संसारका विषय भोगलाई भगवान्का भक्तहरूले विषसमान मान्दछन् । कमलको रसको स्वाद पाएको भ्रमर जसरी कण्टकी पुष्पमा रम्न सक्दैन त्यसैगरी हरि भगवान्का चरणरूपी कमलका कथा एवं गुणानुवादहरूको स्वाद प्राप्त गरेका भगवान्का भक्तहरूका लागि अन्य विषयरस अत्यन्त तुच्छ हुन्छन् र ती भक्तहरू त्यो विषयरसमा रम्न सक्दैनन् । भगवान्का भक्तहरू भावविह्वल भएर रोदन, नृत्य, विलौना गर्दै उनीहरूले भगवान्सँग आर्त बनेर पुकार गर्दै भगवान्को स्मरण गर्दछन् भन्दै भगवान्का भक्तको स्वरूपको वर्णन गरिएको छ ।

कविका अनुसार जीवात्मा र परमात्माका बीच नवविध सम्बन्ध रहेको छ । नारायण भगवान् जीवात्माका पिता हुनुहुन्छ, लक्ष्मी माता हुनुहुन्छ । जसरी माता पिताले आफ्ना सन्तानको रक्षा जसरी हुरुक्क भएर गर्दछन् त्यसैगरी भगवान्ले पनि जीवात्मालाई रक्षा गर्न आतुर हुनुहुन्छ । जीवात्मा र परमात्माका सखासखीभाव सम्बन्ध, आधाराऽधेय भाव सम्बन्ध

- जीवात्मा आधेय हो भने भगवान् आधार हुनुहुन्छ । जीवात्मा भगवान्को शेष हो भने भगवान् शेषी हुनुहुन्छ । जीवात्मा भगवान्को सेवक हो भने भगवान् जीवात्माको स्वामी हुनुहुन्छ । जीवात्मा ज्ञाता हो भने भगवान् जीवात्माद्वारा जान्न योग्य ज्ञेय हुनुहुन्छ । यो जगत्मा भगवान्सँग सम्बन्ध नभएका कोही पनि छैनन् । जे जति छन् ती सबै परमात्माकै शक्ति पाएर आ-आफ्नो कर्म गर्दछन् । जीवात्माको र परमात्माको भर्ता र भार्याको सम्बन्ध सबैभन्दा ठूलो सम्बन्ध हो । जीवात्मा भार्या हो भने भगवान् भर्ता हुनुहुन्छ । भगवान् भर्ता भएर नै सम्पूर्ण जीवात्मालाई पालन गर्नुहुन्छ । श्रीहरि भगवान् भोक्ता हुनुहुन्छ जीवात्मा परमात्माको भोग्य हो । जीवात्मा रक्ष्य हो भने परमात्मा जीवात्माको रक्षक हुनुहुन्छ ।

कविका अनुसार जीवात्मा मोक्ष प्राप्त गरेर वैकुण्ठ जाँदा ब्रह्माण्डको सीमाना विरजा नदीमा स्नान गरी वासना रहित पवित्र भएर पार गरेर त्रिगुणले रहित वैकुण्ठमा पुग्दछ । श्रीहरि भगवान्को दिव्य स्पर्श प्राप्त गरेर दिव्य विग्रह धारण गर्दछ । त्यहाँ पुगेर जीवात्माले भगवान्का दिव्य कैंकर्य गर्दै आनन्दसाथ बस्दछ भने त्यो जीव नै धन्य हो ।

कविद्वारा वेद वेदान्त उपनिषद् आदि अनुसारको भगवान्को स्वरूपको वर्णन गरिएको छ । यो चिद् अचिद् भगवान्को शरीर हो भने भगवान् आत्मा हुनुहुन्छ । भगवान् सारा संसारमा व्यापक हुनुहुन्छ । जसरी आत्मा निस्केर जाँदाबित्तिकै हाम्रो शरीर निष्क्रिय हुन्छ । त्यसैगरी आत्मा पनि शरीरविना कुनै अस्तित्व छैन भन्दै चिद् अचिद् र ईश्वरको अभेद सिद्धि गरिएको छ ।

कविद्वारा मोक्ष प्राप्ति गर्नका लागि सरल उपाय शरणागतिको वर्णन गरिएको छ । शरणागति उपाय भनेको एउटी पुत्रीलाई पिताले जसरी योग्य पुरुषका साथमा विवाह गरिदिएर छोरीको मूल भार ज्वाइँमा सुम्पिदिन्छन् र ढुक्क भएर बस्छन् त्यसैगरी हामीले पनि आत्मारूपी छोरीलाई भगवान्रूपी वरको हातमा सुम्पिएर विश्वस्त भएर रहनु हो । शरणागत भएको जीवात्मालाई रक्षा गर्न भगवान्लाई जति कर लाग्दछ, त्यति शरणागत नभएकाको कर हुँदैन भन्ने आशय कविको रहेको छ । जसरी पखेटा नउम्रेका चराका बचेरा बाबु र आमाको प्रतीक्षामा रहन्छन्, भर्खरको लैनो बाच्छो आमाविना जसरी तड्पिन्छ र विदेश गएको पतिको अनुपस्थितिमा पतिव्रता नारी पतिसंयोगको आशामा जसरी तड्पिन्छन् त्यसैगरी यो जीवात्मा परमात्मादेखि टाढा भएर संसारमा चक्कर खाइरहँदा प्रभुको याद र

सम्झनामा तड्पिन सक्नु नै जीवको मुख्य स्वरूप हो, त्यसैगरी नतड्पेसम्म प्रभुलाई प्राप्त गर्न र प्रभुबाट कृपा पाउन गाह्रो हुन्छ ।

भक्तद्वारा नायिका भावका साथ भगवत्प्राप्तिको तीव्र चाहनाको वर्णन गर्दै पराभक्तिको स्वरूको चर्चा गरिएको छ । उन्नत सुगा चरीको जस्तो सुन्दर नासिका, घुँघराले कपाल, पुष्ट गाला, उज्ज्वल तिलक र करोडौं चन्द्रको कान्तिलाई उपेक्षा गर्नेवाला सुन्दर मुखमण्डल, दिव्य किरीट, कुण्डल आदिले युक्त भगवान्को दिव्य स्वरूपको वर्णन यस काव्यमा पाइन्छ ।

भगवान्का भक्तहरूले कहिले मलाई दया गर्नुभएन भने हजुरको दयालु नाम गुणको के अर्थ ? भन्दै भगवानलाई घुर्क्याएर त कहिले हजुरले द्रौपदी, गजेन्द्र, प्रह्लाद, ध्रुव आदिको रक्षा गर्नुभयो भने मेरो पनि रक्षा गर्नुहोस् भनेर आर्त भएर पुकार गर्दछन् । आर्त भक्तले कहिले म हजुरको परतन्त्र छु, हजुर स्वतन्त्र हुनुहुन्छ त्यसैले हजुरले मलाई साथमा लिनुहोस् वा स्वर्ग, नरक वा ब्रह्माण्डमा जहाँ जसरी राखे पनि राख्नुहोस् तर हे प्रभु म हजुरको दास हुँ, सेवक हुँ त्यसैले म जहाँ भएपनि मलाई हजुरको स्मरण गराइदिनुहोस्, हजुरका भक्तहरूका साथ नछुटाईदिनुहोस् भन्दै प्रार्थना गर्दछन् । जस्तै -

स्वर्गमा हुँ वा धरणी यद्वा म कुम्भीपाकमा  
पाताल लोकहरूमा किं वा समुद्र गर्भमा ।  
निकुञ्ज-कुञ्ज कीटादि योनि निर्जव ढुङ्गामा  
प्राणान्तसम्म नछुटोस् नित्य श्रीपद चिन्तन ॥ सहस्रगीतिमञ्जरी - २।९८ ॥

तृतीय शतकमा पनि कविद्वारा आफ्नो मनसँग आलाप गरेको प्रसंग छ - हे मेरो मन ! तैले अनादिकालदेखि यो संसारमा घुमिरहेको छस्, तैँले अनन्त विषय वासना भोग गरिस् । स्वर्गको राज्य, लोकसुन्दरी रम्भा, उर्वशी आदि अप्सरासँगको भोग, अमृतपान, अनेकथरिका मिष्ठान्न भोजन आदि अनेकौं अनेक भोग गरिस् तर श्रीकृष्णनाम समान मीठा, नाश नहुने कुराहरू के के भेटिस् ? ल भन् त । हे मन ! तँ आफूले आजसम्म अनेकौं जन्म जन्मान्तरमा गरेका पापबाट अत्यन्त भयभीत भएको होलास् तर तँ नडरा, किनकि सबै

प्रकारका पतितहरूलाई पावन गर्नुहुने पतितपावन श्रीलक्ष्मीनाथ नारायण भगवान् हुनुहुन्छ । तैँले आलस्य त्यागेर उहाँकै नाम लिई, अवश्य तेरो कल्याण हुनेछ ।

मनलाई मात्रै होइन कविले इन्द्रियलाई पनि आफ्नो कर्तव्य पालना गर्न अनुरोध गरेका छन् कि हे जिह्वा तिम्रो काम स्वाद लिने र जथाभावी बोल्ने होइन तिम्रो काम त केशव भगवान्को भजन गाउनु हो, त्यही काम गर । आँखाको काम भगवान्को, सत्पुरुषहरूको दर्शन गर्नेको हो । अनि हे कान तिम्रो काम चाहीँ कृष्णचरित्र सुन्ने हो त्यसैले आलस्य नगरिकन कृष्णचरित्र सुन । नाकको काम भगवान्का श्रीचरणमा अर्पण गरेको तुलसीको गन्ध लिनु हो भने हातको काम भगवान्को दुःखीहरूको सेवा गर्न र दान दिने हो । खुट्टाका काम तीर्थ मन्दिरमा जानु हो र शीरको काम भगवान् साधु सत्पुरुषलाई प्रणाम गर्ने हो । त्यसैले हे इन्द्रियहरू ! तिमीहरू ! आ-आफ्नो काम गर । जस्तै -

केशव गाऊ हे जिह्वा भज श्रीधर हे मन

पूजामा हात, दर्शनशील हुनु है नयन ।

कानले कृष्ण चरित्र सुन तुलसी नाकले

पाउले तीर्थ मन्दिर जानु प्रणाम शिरले ॥ सहस्रगीतिमञ्जरी - ३।१० श्लोक ।

वेदपाठ, तपस्या, जप, हवन, पूजन, यज्ञ, हठादि योग, तीर्थवास आदि जति पनि शास्त्रविहित कर्म गरिन्छन् ती कर्महरू हरिभक्तिविना सफल हुँदैनन् । हरिभक्ति विनाको कर्म हात्तीको स्नान जस्तो व्यर्थ भएको बताइएको छ । यसैगरी यो हाड, मासु, रगत, नशा आदिले बनेको शरीर नश्वर छ, यो एकदिन अवश्य जीर्ण हुनेछ र नाश पनि हुनेछ । यो शरीर बचाउनका तिमीले अनेक औषधिहरू खोज्दै भौतारिरहेका छौ । ध्यान देऊ त ती औषधिहरूले तिम्रो शरीरलाई एकैछिन् लठ्ठ पार्लान् तर यस भवसागरबाट तिमीलाई पार लगाउन सक्दैनन् । अतः यी सब कुरा छाडेर श्रीकृष्ण नामरूपी अमृत पान गर तिमी अजर अमर हुनेछौ भनेर भगवान्को भक्ति र भगवान्का नामको महिमाको वर्णन यस काव्यमा पाइन्छ ।

कविद्वारा यस काव्यमा यामुनाचार्यद्वारा रचित आलवन्दारस्तोत्रका भावहरूको पनि वर्णन गरिएको छ । हरि भगवान्का उदरमा ब्रह्मा, शिव लगायत समस्त चराचर जगत्

रहेको हुन्छ र हरिकै नाभिबाट पुनः ब्रह्माको उत्पत्ति हुँदै सृष्टिक्रम प्रारम्भ हुन्छ । अतः हरि भगवान् नै सर्वशक्तिमान् हुनुहुन्छ । जस्तै -

कस्योदरे हरविरिञ्चिमुखप्रपञ्चः

को रक्षतीममजनिष्ट च कस्य नाभेः ।

क्रान्त्वा निगीर्य पुनरुद्गिरति त्वदन्यः

कः केन चैष परवानिति शक्यशङ्कः ॥ आलवन्दारस्तोत्रम् १४ श्लोक ।

यसै श्लोकको भाव स्वामीजको कृतिमा यसरी प्रस्तुत भएको छ :

कसका पेट बीचमा ब्रह्मा शिवादि विभूति

रक्षित भई श्रीनाभिबाट उत्पन्न हुने ती ।

आँफैमा लीन गर्दछ कस्ले को द्वारा रक्षित

अचिन्त्य शक्ति श्रीहरि विना अरु को समर्थ ॥ श्रीसहस्रगीतिममञ्जरी ३।३८ ॥

कविद्वारा गीता भागवतमा वर्णन गरिएजस्तै संसारका सर्वश्रेष्ठ वस्तुमा श्रीनारायणको सर्वेश्वरत्वको वर्णन गरिएको छ :

देवमा हरि गण्डकी नदी वर्णमा ब्राह्मण

वैष्णव शिव देवीमा दुर्गा चतुर्थ आश्रम ।

पुष्पमा पारिजात हो तीर्थहरूमा पुष्कर

श्रीएकादशी तिथिमा ठुली त्यो शास्त्र भन्दछ । श्रीसहस्रगीतिममञ्जरी ३।३५७ ॥

भगवान्ले जो एकपटक प्रेमले अथवा कामले होस् अथवा डरले जसरी पनि एकपटक मेरो शरणमा आउँछ भने त्यसको रक्षाको जिम्मा मेरो हुन्छ र त्यसको कहिल्यै पतन हुँदैन । यसैगरी यस काव्यमा भगवान्का दिव्य स्वरूपको कविले ठाउँ ठाउँमा विशेष वर्णन गरेको पाइन्छ भने जीवात्माको स्वरूपको पनि चर्चा गरिएको छ ।

कविद्वारा यस काव्यमा यसैगरी जीवात्मा र परमात्माको शेषसम्बन्धको बारेमा प्रष्ट पारिएको छ । जसरी अनन्त वा शेषले भगवान्को आसन, विस्तारा, पादुका, वस्त्र, सिरानी छाता आदिको रूपमा भगवान्लाई इच्छाअनुसार सेवा गर्नुहुन्छ त्यसरी नै जीवात्मा पनि भगवान्को शेष भएर भगवान्को सेवा गर्नुपर्दछ । सम्पूर्ण जीवात्माहरू त्यसरी नै भगवान्का भोग्य पनि छन् । मुमुक्षु शरणागत जीवात्माहरू भगवान्को त्यस स्वरूपको दर्शन गर्दै शेष भएर सेवा गर्न कहिले पाउँला भनी भगवान्लाई नै स्मरण गर्दै तड्पेर बसेका हुन्छन् । जस्तै -

निवास शैत्या पादुका वस्त्र सिरानी आसन

आतप-वर्षा-निवृत्ति गर्न श्रीछत्र सुन्दर ।

यी सबै रूप भएर सारा सेवामा तत्पर

शेषत्व रूप प्रत्यक्ष गरी शेषजी प्रख्यात ॥ सहस्रगीतिमञ्जरी ३।९० श्लोक ॥

चतुर्थ शतकमा कविले भगवान्का अगाडि आफू अकिञ्चन भएको दर्शाउँदै कवि अन्तर्यामी भगवान्सँग आलाप गरेको प्रसंग वर्णित छ । जस्तै : हे प्रभो ! हजुर दयालु गुण स्वभाव र नामले विख्यात हुनुहुन्छ । हामी अनाथ अकिञ्चन र दया गर्नका लागि योग्य पात्र छौं, हजुरलाई दया गर्नका लागि सुवर्ण मौका मिलेको छ र छिटै नै दया गरिहाल्नुहोस्, अन्यथा यदि समयमा नै दया गर्नुभएन भने हजुर पछुताउनु पर्ला, हजुरको दयालु नाम स्वभावमा आघात आउला, त्यसैले समयमा नै स्वीकार्नुहोस्, दया गर्नुहोस् ।

कविद्वारा भगवद् भक्तिलाई सर्वोपरि मान्दै ‘हे भगवान् तुरुन्त स्वीकार गरिहाल्नुहोस् वा जे गर्न पर्छ गर्नुहोस् वा मेरा प्रारब्ध कर्म बाँकी भएको भए र संसारमै बस्नुपर्ने भएको हो भने मलाई हजुरका परम भक्तका घर अगाडिको नालीको कीरा आदि बनाइदिनुहोस् तर हजुरका भक्तिले विहिन सांसारिक सुख सम्पदाले युक्त ब्रह्मा आदि पद म चाहन्न, ती पद मलाई नदिनुहोस्’ भन्दै पराभक्तिको स्वरूप दर्शाएका छन् ।

श्रीवैष्णव सम्प्रदायमा जीवात्माको आकारत्रयसम्पन्नताको विशेषता रहेको छ, कविले आकारत्रयको पनि वर्णन गरेका छन् । अनन्यार्हशेषत्व, अनन्यार्हभोग्यत्व र अनन्यशरण्यत्वलाई आकारत्रय भनिन्छ । अनन्यार्हशेष भनेको भगवान्को मात्र शेष हो ,

आफ्नो र अरु कसैको पनि होइन । अनन्यार्हभोग्य भनेको भगवान्‌को मात्र भोग्य हो अरु कसैको पनि भोग्य होइन । अनन्यशरणत्व भनेको भगवान्‌को मात्र शरणमा जान योग्य हो । (लोकाचार्य, पञ्चरहस्य २०५८: ४५) जीवात्माको परमात्मा श्रीनारायणबाहेक अरु कोही पनि हुन रक्षक सक्दैन, किन कि परमात्मा र जीवात्माबाहेक अरु त प्रकृतिमात्रै हो प्रकृतिले जीवात्मालाई शरण दिन सक्ने कुरा भएन, अन्य जीवात्माले पनि जीवात्मालाई शरण लिन र रक्षा गर्न सक्दैनन् केवल एक श्रीनारायण भगवान् मात्र सम्पूर्ण जीवात्माको रक्षक हुनुहुन्छ, शरणमा जान योग्य हुनुहुन्छ, भोक्ता हुनुहुन्छ र गति वा उपाय पनि हुनुहुन्छ ।

कविले भगवान्‌का भक्तहरूले सुखमा भन्दा दु:खमा नै भगवान्‌को स्मरण धेरै गर्ने भएकाले भगवान्‌सँग दु:खको याचना गर्दछन् । जस्तै श्रीमद्भागवतमा कुन्तीले भगवान् श्रीकृष्णसँग पुकार गर्नुभएको छ । हे जगद्गुरु ! मलाई निरन्तर दु:ख दिइरहनुहोस्, किनकि जब जब दु:ख प्राप्त हुन्छ अनि हजुरको दर्शन, स्मरण हुन्छ र हजुरको दर्शनले पुन: यस संसारको दर्शन गर्नुपर्दैन । जस्तै :

"विपदः सन्तु नः शश्वत्तत्र तत्र जगद्गुरो ।

भवतो दर्शनं यत्स्यादपुनर्भवदर्शनम् ॥" (श्रीमद्भागवत, १।८।२५)

नाटककार बालकृष्ण समद्वारा रचित प्रह्लाद नाटकमा पनि ईश्वरसँग दु:खको याचना गरिएको छ -

"दु:खीको घरमा मात्र तेरो वास हुने भए ।

हे ईश्वर दया राखी मलाई अझ दु:ख दे ॥"

यस काव्यमा पनि कविले सुखमा भगवान्‌को स्मरण नहुने र दु:खमा नै भगवत् स्मरण हुने, त्यही दु:खबाट उत्पन्न भगवत्स्मरणले अन्ततोगत्वा वास्तविक सुख नै दिने भएकाले मलाई हजुरको स्मरण गराउनेवाला दु:ख नै दिनुहोस् भनेर दु:खको याचना गरेको पाइन्छ :-

सुखमा भन्दा दु:खमा हरि सम्झन्छ यो मन

तदर्थ आऊन् अनेक दु:ख कल्याणनिदान ।

सुखले माया सम्बन्ध बन्छ दुःखले विरति

विषयभीति श्रीहरिप्रीति संसारनिवृत्ति ॥ (सहस्रगीतिमञ्जरी ४।७२ श्लोक)

यसै प्रसंगमा फेरि कवि भन्दछन् हे प्रभु ! हजुरका चरणमा आश्रित प्रपन्न वैष्णवजनले यदि दुःखले जीवन यापन गर्नुपर्यो भने हजुरको स्वरूप अनुसारको कीर्ति नरहला । अनि दयालु स्वरूप भएका हजुरलाई स्वरूप विरुद्ध अर्थात् भगवान्को भक्ति गर्नेवालालाई वास्ता नगर्ने निर्दयी भनेर आरोप लाग्ला । त्यो पनि हजुरले विचार गर्नुहोस् भनेर भगवान्लाई घुर्क्याएको भाव पनि कविद्वारा प्रकट भएको पाइन्छ ।

यसैगरी कसैले श्रद्धापूर्वक भगवान्को श्रीनाम एक निमेष मात्र भज्दछ भने उसले अनन्त यज्ञ गरेको भन्दा ठूलो हुन्छ । अनेकौँ यज्ञहरू गरेर स्वर्गादिको तुच्छ फल प्राप्त होला तर भगवान्को नाम जप्नेले सिधै ब्रह्मसायुज्य प्राप्त गर्दछ भनी भगवान्नामको महिमा वर्णन गरेको पाइन्छ ।

पञ्चम शतकमा हामीले मानवचोला पाएकै हरिको कृपाले हो । त्यसैले हामी हरिको भजन गरेर कृतज्ञ बन्नुपर्दछ, कृतघ्न बन्नुहुँदैन । सुख र दुःखलाई प्रारब्ध एवं हरिकै कृपा सम्झेर सबै कुरामा आशक्ति छाडी हरिको भजन गर्नुपर्दछ भन्ने कुरा दर्शाएका छन् भने नेपालको महिमा, त्यसमा पनि श्रीमुक्तिनाथ, कृष्णगण्डकी, शालग्राम आदिको विशेष महिमाको वर्णन यस काव्यमा पाइन्छ । भगवान् भक्तलाई दर्शन दिन वा कृपा गर्न जुन रूपमा जसरी र जहिले पनि आउन सक्नुहुन्छ, हरिको निवास सम्पूर्ण चराचर जगत्मा हुन्छ त्यसैले सर्वत्र हरिको भाव गर्न सक्यौँ भने हरि भगवान् हाम्रो हृदय बीचमा नै प्रकट हुन सक्नुहुन्छ । कविले बारम्बार भगवान्सँग आफू कीट पतङ्गादि जुन रूपमा भए पनि हजुरको स्मरण, हजुरका भक्तको संगत भइरहोस् भनेर प्रार्थना गरेको पाइन्छ ।

यस काव्यमा बारम्बार शरणागतिलाई मोक्ष प्राप्त गर्ने सर्वोपरि उपायको रूपमा उल्लेख गरेको पाइन्छ भने श्रीनारायण नै जीवात्माका सेव्य भएको दर्शाउनको लागि कविले प्रह्लाद, विभीषण, द्रौपदी, गजराज, अहल्या, ध्रुव आदि भक्तको चरित्रद्वारा पुष्टि गरिएको छ । विशेष गरेर पञ्चम शतकमा प्रह्लादको चरित्रको वर्णन त्यसपछि श्रीरामचरित्रको प्रारम्भ गरिएको छ । कविले भक्त प्रह्लाको चरित्रको वर्णन गर्दै हिरण्यकशिपुले प्रह्लाद परमज्ञानी र वैष्णवलाई पुत्रको

रूपमा प्राप्त गरेर पनि ऐश्वर्यले मत्त भई आफ्नै पुत्र प्रह्लादलाई मार्नका लागि अनेक उद्यम गर्दछ । उनलाई भोजन नै नदिई कैयौँ दिनसम्म कोठामा बन्दी बनाएर राख्दछ भने कहिले अग्निमा जलाउने प्रयत्न गर्दछ । कहिले हात्तिबाट कुचाउन लगाउँछ त कहिले भिरबाट खसाएर र कहिले टुनामुना लगाएर मराउन धेरै प्रयास गर्दछ । कहिले सर्पबाट डसाई मार्न उद्यत हुन्छ भने कहिले समुद्रमा डुबाउँछ । कहिले नागपाशबाट बँधाउँछ । विविध प्रकारले अनेक दुःख दिँदै तड्पाएर मराउने धेरै प्रयास गर्दा पनि प्रह्लादजी नतड्पीकन निर्धक्कका साथ पूर्ण भगवान्कै भरोसा र शरणागति गरेर आनन्दपूर्वक नै रहन्छन् । अझ भनौं प्रह्लादको नारायणभक्तिलाई देखेर हिरण्यकशिपुले शण्डामर्क समेत मार्ने प्रयास गर्दा प्रह्लादले भगवान्सँग प्रार्थना गरी हे प्रभो मेरो यदि केही पुण्य छ भने यी द्विजलाई बचाइदिनुहोस् भन्नुहुन्छ । यस प्रकारको भगवान्का भक्तको सम्पूर्ण प्राणीप्रतिको प्रेमको भावना दर्शाइएको छ ।

अनेक दुष्प्रयास गर्दा पनि अरुबाट मराउन नसकेपछि हिरण्यकशिपुले पुत्रप्रतिको सम्पूर्ण माया मारेर आफै मार्छु भनेर तम्सिन्छ र तँलाई रक्षा गर्ने विष्णु कहाँ छन् मलाई देखा भन्दछ । सर्वत्र हरि देख्ने प्रह्लादले पनि मेरा मात्र होइन हजुरका र सारा जगत्का पनि रक्षक विष्णु भगवान् यत्र तत्र सर्वत्र हुनुहुन्छ । हिरण्यकशिपुले यदि तेरा भगवान्ले तँलाई रक्षा गर्छन् भने ल आउन् रक्षा गरुन् भनेर तरबार खम्बामा ठोकेर प्रह्लादलाई हान्न खोज्दछ । त्यसै बेलामा भगवान्ले आफ्नो शरणागत भक्तलाई रक्षा गर्नका निमित्त वात्सल्य गुण देखाउँद ठूलो आवाजका साथ खम्बाबाट नृसिंहको रूपमा प्रकट भएर हिरण्यकशिपुलाई मार्नुहुन्छ । भक्त प्रह्लादले आफू गर्भमा रहँदा नारदबाट शरणागति ग्रहण गरेका थिए र त्यसैको फल स्वरूप आज भगवानले उनको रक्षा गर्नुभयो भन्दै भगवानद्वारा भक्तको रक्षाको विषय वर्णन गरिएको छ ।

कविका अनुसार शरणागत भक्तको भगवान्ले रक्षा गर्नुभएको प्रसङ्ग उठाएर शरणागतिको महत्व दर्शाइएको छ । यही प्रसंगलाई भगवान् श्रीकृष्णले श्रीमद्भगवद्गीतामा यसरी बताउनुभएको छ । जसले शरणागत भएर केवल भगवान्को चिन्तन गर्दछ भने भगवान्ले त्यसको सम्पूर्ण जिम्मेवारी मैले लिन्छु भन्नुभएको छ । जस्तै :

“अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।

तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥” (श्रीमद्भगवद्गीता - ९।२२)

मानव जीवनको सार भनेको आचार्यबाट भगवान्‌को शरणागत भएर भगवान्‌कै भक्ति गर्दै रहनु हो । यदि कोही अनेकौँ गुणले युक्त भएको ब्राह्मण छ तर भगवान्‌को भक्ति छैन भने त्यो नरकगामी हुन्छ र भगवान्‌को शरणागत भक्त छ भने त्यो चाण्डाल भएता पनि त्यसले मोक्ष प्राप्त गर्दछ, भवसागरबाट पार हुन्छ ।

कविका अनुसार हामी सम्पूर्ण जीवात्मा पनि प्रह्लाद हौँ र जस्तै दुःखमा पनि हरिलाई वरण गरेपछि हिरण्यकशिपु जस्ता विरोधीहरू दूर भएर जान्छन् भन्ने कुरा बताएका छन् । यही शिक्षा प्राप्त गरी आचरणमा उतार्ने प्रयास गर्नु नै प्रह्लादचरित्र र भक्तिको औचित्य हुन आउँछ ।

पञ्चमशतकको लगभग अन्त्यतिरबाट श्रीराम भगवान्‌को चरित्रको उपोद्घात गरिएको छ र षष्ठ शतकमा राजा दशरथले पुत्र प्राप्तिका लागि गरेको यज्ञ, श्रीराम भगवान् सहित लक्ष्मण, भरत, शत्रुघ्न आदिको अवतार आदिको वर्णन गरिएको पाइन्छ । श्रीराम भगवान्‌का बाललीलाको वर्णन, विश्वामित्रद्वलाई राम भगवान् साक्षात् परब्रह्म परमात्मा हुनुभएको कुराको वर्णन, राम भगवान्‌को विश्वामित्रका साथ गमन, राक्षसहरूको नाश, अहल्या उद्धार, विवाह आदि वर्णन गरिएको छ ।

सप्तम शतकमा पञ्चवटी वनको सुन्दरताको वर्णनका पञ्चवटी वनमा भएका वन्यवनस्पतिको उल्लेख पाइन्छ । जसले कविलाई धेरै वनस्पतिहरूको ज्ञान र प्रकृतिप्रेमी भएको कुरा पनि स्पष्ट हुन्छ । जस्तै –

अनेक थरी वृक्षका भेद वटार्क पिप्पल
श्रीसहकार समी र बिल्व तिलक बकुल ।
शगुन सल्ला अनेक थरी शाल र तमाल
हिंगु श्रीपर्णी फदेलो मौवा बाँस र खयर ॥ (सहस्रगीतिमञ्जरी – ७३)

यसै शतकमा जीवात्मा भगवान्‌का दास वा सेवक भएको कुरालाई स्पष्टसँग यसरी वर्णन गरिएको छ -

प्रभुका दास छन् पराधीन जीवात्मा सदैव
स्वतन्त्र हुँदा जीवात्मा बन्छन् स्वरूप-विच्युत ।

शेषत्व सम्झे स्वरूप बच्यो अन्यथा पतन

अनन्य भक्त श्रीबालस्वामी प्राणले समान ॥ - सहस्रगीतिमञ्जरी ७१५ श्लोक ।

यस काव्यमा भगवान्का विभिन्न लीलाहरूको वर्णन गर्दै श्रीरामचन्द्र भगवान्ले जीवात्माको कल्याणका लागि गर्नुभएका कर्म तथा उपदेशको वर्णन गरिएको छ । भगवान्ले आफ्ना शरणागतभक्त जीवात्माको रक्षा गर्नु आफ्नो कर्तव्य र प्रतिज्ञा सम्झँदै सीता मातासँग भन्नुहुन्छ -"हे सीता ! मैले बरु तिमीलाई छाड्नुँला, मेरा प्रिय भाइ लक्ष्मणलाई छाड्नुँला, बरु मैले आफ्नै प्राणलाई छाड्नुँला तर मैले मेरा भक्तको रक्षा गर्ने प्रतिज्ञा छाड्ने छैन" ।

रामचन्द्र भगवान्को वनवास, राक्षसहरूको वध, शूर्पणखाको नासिकाच्छेदन, रावणद्वारा सीताहरण, जटायुसँगको भेट, राम भगवान्द्वारा सीताको खोजी आदिको वर्णन गरिएको छ । त्यसै क्रममा आचार्याभिमानद्वारा राम भगवान्को दर्शनको प्रतिक्षामा जीवन विताएकी शवरीले श्रीरामभगवान्को दर्शनप्राप्ति  आदिको वर्णन यस काव्यमा रहेको छ ।

श्रीवैष्णव सम्प्रदायमा आचार्याभिमानको विशेष महत्व रहेको पाइन्छ । कविले त्यसै कुरालाई शवरीको उपाख्यानबाट विशेष प्रेरणा दिन खोजेको पाइन्छ । यसैगरी श्रीरामचन्द्र भगवान्को हनुमान, सुग्रीवसँगको भेट आदिको वर्णन गरिएको छ । श्रीराम भगवान्को सुग्रीवसँगको मिलनको प्रसंगलाई कविले विशेष प्राथमिकाताका साथ व्याख्या गरेको पाइन्छ ।

यदि कुनै जीवात्मा परमात्माको शरणमा पर्दछ र परमात्माले पनि जुन जीवात्मामाथि कृपा गर्न चाहनुभयो भने अन्य कसैको पनि केही लाग्दैन भन्ने कुरा वर्णन गरिएको छ :

प्रभुका साथ अविद्यावश मायाका कारण

विरोध गरी मोहित हुँदा आफू नै बिर्सेर ।

देवादिरूपी आफू हुँ भनू प्रकृतिबन्धन

पर्दछ जीव संसाररूपी आपत्ति जालमा ॥ सहस्रगीतिमञ्जरी ८।५१ ।

यसैगरी श्रीसम्प्रदायमा प्रसिद्ध "त्वम् मेऽहम्मे कुतस्तत्...." इत्यादि पद्यको भाव पनि यहाँ वर्णन गरिएको छ -

श्रीहरि भन्छन् हे बाबु ! तिमी मेरा ह्वौ सेवक

जीवले भन्छ स्वतन्त्र छु म कसैको होइन ।

श्रीहरिरूप आफू हुँ भनी प्रकृतिबन्धन

पर्दछ जीव कडा भै दिन्छ कसरि म तिम्रो ॥

हरिले भने अनादिसिद्ध वेद छन् प्रमाण

छ स्वानुभूति ज्ञापित जगत् प्रत्यक्षसमान ।

ईश्वराधीन प्रमाण उक्ति पाइन्छन् प्रबल

जीवले सोध्यो सूक्ति हुन् कस्का कहाँ छन् भन त ? (सहस्रगीतिमञ्जरी ८।५२/५३ श्लोक)

कविका अनुसार शास्त्रहरूले जीवात्मा र परमात्मा दुई सखा हुन् । जीवात्मा अविद्याका कारणले र मायाको वशमा भएर सांसारिक विषयवस्तुमा भुलेर आफ्नो स्वरूपलाई र परमात्मालाई बिर्सेर अनेक दुःख भोग्दछ । भगवान्ले अनेक अवतार लिएर आचार्य बनेर जीवात्मालाई सम्झाउनुहुन्छ । तर जीवात्मा आफ्नो शेष स्वरूपलाई विर्सेर आफूलाई स्वतन्त्र सम्झन्छ, परमात्मालाई विर्सन्छ । त्यहि पनि भगवान्ले जीवात्मामाथि निर्हेतुक कृपा गरेर उसलाई अनेक प्रकारले सम्झाउने प्रयास गर्नुहुन्छ । जब जीवात्माले भगवान्को शरणागतिलाई स्वीकार गर्दछ तब परमात्माले जीवात्माले अनादि कालदेखि गरेका उसका सम्पूर्ण दुष्कर्मलाई भुल्दिनुहुन्छ र उसको उद्धार गर्नुहुन्छ । यसैगरी श्रीराम भगवान्ले पनि बालिबाट प्रताडित सुग्रीवसँग मित्रता गरी सुग्रीवको कल्याण गर्नुहुन्छ ।

यसै शतकमा विभीषणको शरणागतिको उठान गरिएको छ । दाइ रावणको व्यवहारबाट असन्तुष्ट विभीषणले रावणको विरोध गर्दा रावणबाट अनेक कष्ट व्यहोर्न बाध्य हुन्छन् र यस दुष्ट रावणका हातबाट मर्नु भन्दा श्रीराम भगवान्को शरणमा पर्दछु र मर्नै परेपनि रामकै हातबाट मर्छु रावणलाई त्याग गरेर रामको शरणमा जान्छन् । अन्त्यमा शरणागतिका प्रभावले रावणको मृत्युपश्चात् विभीषणले अखण्ड लङ्काको राज्य प्राप्त गर्दछन् ।

कविका अनुसार विभीषण पनि हामी सबै जीवात्माका प्रतीक हुन् । सुखको खोजीमा संसारमा भौतारिँदा सांसारिक विषयबाट बारम्बार लात खाँदा पनि हाम्रो होश आएको छैन ।

विषयवासनालाई हृदयदेखि नै त्याग गरी हरिको शरणमा परेमा सांसारिक विषयभन्दा धेरै परको अखण्ड परमपद नै प्राप्त हुन्छ। कवि श्रीधराचार्यको मुख्य आशय यही नै रहेको छ।

कविले द्रौपदीलाई पनि जीवात्माको प्रतिनिधिको रूपमा मानी द्रौपदीले कौरवहरूको भारी सभामा कौरवहरूद्वारा लुटिँदा भगवान्‌को शरणागति स्वीकार गरेर भगवान्‌बाट रक्षित हुन्छिन् त्यसरी नै यो जीवात्मा पनि द्रौपदीका समान शरणागतिलाई स्वीकार गर्ने हो भने द्रौपदीकै समान सुरक्षा प्राप्त गरी मोक्षपद प्राप्त गर्न सक्दछ भन्ने कुरा वर्णन गरेको पाइन्छ।

गजराज हात्ती पशुयोनिमा भएर त शरणागत भई प्रभुको स्मरण गर्दा मरणासन्न अवस्थामा मोक्ष प्राप्त गर्न पुग्दछन् भने हामी त मनुष्य हौं मनुष्यले अवश्य पनि जति नै दुःख परे पनि पूर्ण शरणागत भएर हरि स्मरण गरेमा उद्धार अवश्य नै हुन्छ र दुर्गतिमा पर्न पर्दैन। गजराज परमभक्त भएको प्रसङ्गले मनुष्य अझ त्यो गजराज भन्दा पनि उत्कृष्ट पद प्राप्त गर्ने मूल विचार लिएर अघि बढेमा अवश्य पनि उद्धार र रक्षा हुन्छ भन्ने कुरा कविद्वारा व्यक्त गरिएको छ।

गौतम ऋषिकी पत्नी अहल्या पतिको आज्ञालाई शिरोधारण गरी शीलारूपमा रहेकी हुन्छिन् र पनि श्रीरामले भक्तिलाई सर्वोपरि मान्दै आफ्नो चरण स्पर्श गराउँदा साथ दिव्य सुन्दरी बनेर पति सेवामा संलग्न हुन्छिन्। शरणागति र भक्तिको पराकाष्ठाले अहल्याले पाषाणबाट पनि दिव्यरूपा बन्ने अवसर प्राप्त गरिन्। हामी पाषाण नै त बनेका छैनौं त्यसैले अवश्य पनि शरणागति हुनै पर्ने आशय यस काव्यबाट स्पष्ट हुन्छ। ध्रुवले सानै उमेरमा आफ्नो अटल स्वभावमा रहेर गुरु र माताको आज्ञा स्वीकार गर्दै दुःख कष्ट सहेरै भए पनि शरणमा पर्दछन् र भगवान्‌को दर्शन, अखण्ड राज्यपद, परमपद सबै प्राप्त गर्न समर्थ हुन्छन्। यसरी कविले भगवान्‌का दिव्य गुणहरूको वर्णन, भगवान्‌का भक्तहरू र तिनीहरूको भक्ति शरणागति आदिको वर्णनका साथै भगवान्‌द्वारा आफ्ना शरणागत भक्तको रक्षा गर्नुभएको विषय यस काव्यमा वर्णन गरिएको छ।

दशम शतकमा सावित्री र यमको सम्वादको वर्णन गर्दै भगवान्‌का नवधा भक्तिको वर्णन गरिएको छ। भगवान् श्रीनारायण नै परब्रह्म परमात्मा सर्वेश्वर हुनुहुन्छ। मुक्तिको सबैभन्दा ठूलो उपाय भगवान् नारायणको भक्ति हो, भगवान् श्रीहरिबाटै ज्ञान पाएर शिवले शिवत्व प्राप्त

गर्नुभयो । सारा चराचर जगत् भगवान्को इच्छाधीनमा रहेको छ । भगवान्ले नै आफ्नो इच्छा अनुसार संसारको सृष्टि स्थिति लय आदि लीला गर्नुहुन्छ ।

कविका अनुसार बोल्ने, हेर्ने, सुन्ने, स्मरण गर्ने, विचार गर्न सक्ने आदि अनन्त शक्तिले युक्त भएको यो शरीर हामीलाई भगवान्ले नै आमा बुबालाई निमित्त बनाई प्रदान गर्नुभएको यो मानव शरीर अन्य पशु, पक्षी, कीट पतङ्ग आदिको जस्तो कर्म भोगका निमित्त मात्र होइन । यो मानव शरीर त सत्कर्म गरेर परमार्थ सुधार्नका लागि हो, संसारको जन्ममरणरूपी चक्रबाट छुट्कारा पाउनका लागि हो ।

दशम शतकमा जगत्का प्राणीमात्रको कल्याणका लागि शेष नै रामानुज स्वामीजीको अवतार भएको हो । भगवान्द्वारा रामानुज स्वामीजीका शिष्य परम्परमा जति पनि जीवहरू आउनेछन् तिनलाई मोक्ष दिने प्रतिबद्धता जनाउनु भएको छ । अतः रामानुज स्वामीजीको शिष्य परम्परामा रहेर भगवान्को शरणमा पर्नु नै जीवमात्रको परम कल्याणको सहज मार्ग भएको कुरा यहाँ वर्णन गरिएको छ ।

यस काव्यमा अन्त्यमा चार श्लोकहरू ग्रन्थको उपसंहार एवं निष्कर्षको रूपमा रहेका छन् । कविद्वारा विना विधानका मन्त्र र तन्त्रहरूको श्रद्धाहीन भएर प्रयोग गर्दा भगवान्को उपचारको नाममा गरिएको यो काव्यलेखन अपचाररूप हुनसक्छ तर पनि हे प्रभो हजुरले त्यसलाई उपचार नै सम्झेर स्वीकार गरिदिनुहोला भनी भगवान्सँग प्रार्थना गरिएको छ । कलियुगमा पाषण्ड संकीर्ण धर्महरू उत्पन्न हुन्छन् । कामादि प्रबल शत्रुबाट इन्द्रियहरू पीडित छन् तर पनि हे नाथ ! यो दासलाई अनाथ सम्झेर शरणमा लिई रक्षा गर्नुहोस् । ब्रह्मादि देवता, शेष, मुनिन्द्रहरूले पनि वर्णन गर्न नसकेको हजुरको वर्णन अज्ञानी, सुमन्द भाग्य, प्रारब्धपीडित, साधनशून्य, केवल श्रीपादपद्ममा आश्रित यस दासबाट के नै हुन सक्छ र ? तैपनि अज्ञानपूर्ण, अस्पष्ट, टुटेफुटेका शब्दमा श्रीहरिमा भावपूर्वक प्रार्थना व्यक्त गर्ने प्रयास भएको छ । हे भगवान् ! श्रीगुरुकृपाबाट जे-जस्तो गाइएको छ यो सबै स्वीकार गर्नुहोस् भनेर प्रार्थना गरिएको छ ।

समग्रमा कविद्वारा मानव जीवनको प्राप्ति, मानव जीवनका उद्देश्य उसले गर्नुपने कर्तव्य, भगवद् भक्ति, शरणागति, भगवद् अनुभव, भगवान् र भगवान्का भक्तहरूको चरित्रवर्णन, भगवान्को भक्तहरूप्रतिको सौशिल्य वात्सल्यादि गुण, जीवात्माका उद्धारका लागि

आचार्यको रूपमा भगवान्‌को आगमन आदि कुराहरूलाई यस काव्यको विषयवस्तु बनाइएको पाइन्छ ।

वर्तमान समयमा प्रकृति, मायाप्रेम, हास्यब्यङ्ग्य, सांसारिक द्वन्द्व आदि विषयवस्तुहरू नै साहित्यक कृतिहरूमा समेटिने गरेको पाइन्छ । तर केवल भगवान्‌को भक्ति, केवल विशुद्ध पारमार्थिक चिन्तन आदि विषय वस्तुलाई समेटेर रचना गरिएको यो काव्य नेपाली साहित्यमा नयाँ आयाम थप्न सफल भएको पाउन सकिन्छ ।

## ३.३ पात्रविधान

पात्रका दृष्टिले यस काव्यमा कुनै एक नायक नायिकाको मात्र वर्णन गरिएको छैन । मुख्य रूपमा यस भक्ति/गीतिकाव्यका पात्र जीवात्मा र परमात्मालाई मान्न सकिन्छ । परमात्माका स्वरूप व्यूह, विभव, अर्चावतार आदिराम, कृष्ण आदि अनेकौ अवतारहरू यस काव्यका पात्र रहेका छन् । त्यसैगरी जीवात्माका स्वरूप देवी, देवताहरू, ऋषिमुनिहरू, भगवान्‌का भक्तहरू, आचार्यहरू लगायत प्रह्लाद, सुग्रीव, हनुमान्, ध्रुव, गजराज आदि औपनिषदिक तथा पौराणिक पात्रहरू यस काव्यमा रहेका छन् । यस काव्यको आरम्भमा कविले मनलाई नै पनि पात्रको रूपमा चित्रित गरेको पाइन्छ । समग्रमा पात्रको अवस्था सामान्य रहेको मान्न सकिन्छ ।

## ३.४. विचार/दर्शन

मानव मनका जाग्रत्, स्वप्न र सुषुप्ति तीन अवस्था हुन्छन् । मासिन जाग्रत् अवस्थामा कुनै अन्य काममा व्यस्त रहेको अवस्थामा वा नरहेको अवस्थामा पनि उसको मनमा अनेका प्रकारका विचारहरू खेलिरहेका हुन्छन् । मानिसले आफ्नो अनुभव, अध्ययन र चिन्तनबाट उसले संसारलाई हेर्ने एक प्रकारको दृष्टि बनाउँछ र त्यसै अनुसारको जीवन जगत्‌को व्याख्या गर्दछ । प्राचीन ऋषि मुनिहरूले अनन्त अध्ययन, अनुभव र चिन्तनबाट न्याय, वैशेषिक, मीमांसा, वेदान्त, सांख्य, योग, अनेक दर्शनहरूको स्थापना गरेको पाइन्छ । श्रीधराचार्य स्वामीजीको जीवन केवल आहारनिद्रादि व्यवहारमा नभएर पारमार्थिक चिन्तन, शास्त्र अध्ययन, समाज सेवा आदिमा व्यतीत भएकाले स्वामीजीको यस काव्यमा स्वामीजीका अनुभव, अध्ययन आदिको प्रभाव पर्नु स्वाभाविकै हो । स्वामीजीले आफूले जीवनमा भोगेका, अध्ययन गरेका

चिन्तन गरेका विषयहरू नै यस काव्यमा झल्किएको पाइन्छ । अझ विशेष गरी स्वामीजी श्रीवैष्णव सम्प्रदायमा रहेको र श्रीवैष्णव सम्प्रदाय सम्बन्ध दर्शन विशिष्टाद्वैत वेदान्त दर्शन भएका कारण विशिष्टाद्वैत दर्शनको प्रभाव यस काव्यमा परेको पाइन्छ ।

### ३.४.१ विशिष्टाद्वैतवेदान्तदर्शन

संस्कृतमा ' द्वयोर्भावः = द्विता, द्विता एव द्वैतम् (स्वार्थमा अण्) भेद इत्यर्थः, न द्वैतम् = अद्वैतम् अभेद इत्यर्थः, कार्यावस्थाकारणावस्थयोरभेदः कार्यावस्थकारणवस्थविशिष्टस्याभेदः अद्वैतम् इति व्युत्पत्तिः । स्वव्यतिरिक्तसमस्तचेतनाचेतनविशिष्टं ब्रह्म एकमेवतत्वं = अनारोपितं वस्तु इति पर्यवसितोऽर्थः । यस व्युत्पत्तिअनुसार दुईको भाव नै द्वैत हो भने कार्यावस्था र कारण अवस्थाको अभेद नै अद्वैत हो । कार्यावस्थामा स्थुल रूपले र कारणावस्थामा सूक्ष्मरूपले रहने समस्त चेतनाचेतनशरीरक अर्थात् चेतनाचेतनविशिष्ट (युक्त) एकमात्र तत्व (अनारोपित वस्तु) विशिष्टाद्वैतदर्शनपदवाच्य तत्व हो । जो निर्विशेषाद्वैतको प्रतिकोटि रूपमा जानिन्छ । चेतन र अचेतन यी दुई यस्ता तत्व हुन् जो परमात्माको सत्ता र सम्बन्ध विना कहिल्यै रहँदैनन् । त्यसैले शरीर शरीरी, अंश अंशी आदि रूपले वेदान्तमा वर्णन गरिएको छ । चेतन र अचेतन परमात्मादेखि अपृथक्तत्व हुँदाहुँदै पनि सरूपतः दुवैदेखि विलक्षण र दुवैको नियन्ता भएको हुनाले एक अद्वैत आदि भनिएको हो । अभेद अद्वैत भनिरहँदा पनि निर्विशेष अद्वैत भन्ने अर्थ नलागोस् भन्नका लागि विशिष्ट पद जोडिएको हो । “विशेषेण युक्तं विशिष्टं, ब्रह्मणो विशेषस्तावद् गुणविग्रहविभूतयः” अर्थात् विशेषताले युक्त विशिष्ट - विशेष भन्नाले ब्रह्मका गुण, विग्रह, विभूतिहरू हुन् । गुण भन्नाले दिव्यात्मगुण - सौशिल्य वात्सल्य आदि । दिव्यमंगलविग्रहका गुणहरू सौन्दर्य, सौकुमार्य, लावण्यादि हुन् । विभूति भन्नाले लीलाविभूति, त्रिपादविभूति हुन् । यी सबै विशेषताले युक्त परमात्मा ब्रह्मतत्व नै विशिष्टाद्वैत तत्व हो । यस्तो तत्वको सम्यक्ज्ञान नै विशिष्टाद्वैतदर्शन हो । (रेग्मी, २०१२:३४)

यही सिद्धान्तअनुसार वेदान्तको व्याख्या विश्लेषण गरिएकाले यस दर्शनको नाम विशिष्टिाद्वैतवेदान्तदर्शन नाम रहेको स्पष्ट हुन्छ । वेद, वेदान्त, उपनिषद्, स्मृति, पुराण आदिमा यस दर्शनको चर्चा भएता पनि श्रीवैष्णव सम्प्रदायका विशिष्ट आचार्य तथा प्रवर्तक रामानुज स्वामीजीले यसको विशेष प्रवर्तन गर्नुभएको र लोकमा विख्यात बनाउनुभएकाले यस दर्शनलाई रामानुज वेदान्तदर्शन पनि भनिन्छ ।

### ३.४.१.१ तत्वत्रय

यस विशिष्टाद्वैत वेदान्तदर्शनका अनुसार तत्व भनेका जीवात्मा परमात्मा र मूल प्रकृति हुन् । यिनै तीन कुरालाई नै तत्वत्रय भनी विशिष्टाद्वैतदर्शनसम्मत ग्रन्थहरूमा वर्णन गरिएको पाइन्छ । जस्तै -

तत्वत्रयं नाम चिदचिदीश्वरश्च । (लोकाचार्य, *तत्वत्रयम्,* १९९३ : ५)

विशिष्टाद्वैत वेदान्त दर्शनमा चिद् = जीव, अचिद् = प्रकृति, ईश = ईश्वर तीन तत्व मानिएको छ । यिनै कुरालाई कविद्वारा यस कृतिमा यसरी प्रस्तुत गरिएको छ -

जीव र ईश प्रकृतिज्ञान हो ज्ञान महान

यसैको नाम स्वरूपज्ञान मुक्तिको साधन ।

यी तीन तत्व अवश्य जान पञ्चार्थ ज्ञान हुन्

विरोधी, स्व र पुमर्थ ईश उपाय यिनै हुन् ॥ सहस्रगीतिमञ्जरी १।७ श्लोक ।

### ३.४.१.२ अर्थपञ्चक

श्रीवैष्णव सम्प्रदायमा अर्थपञ्चकको ज्ञानको अत्यन्त महत्व रहेको छ । अर्थपञ्चक भनेको स्वस्वरूप (जीवात्माको स्वरूप), परस्वरूप (परमात्माको स्वरूप), पुरुषार्थस्वरूप, उपायस्वरूप (परमात्मा प्राप्तिका उपाय) र विरोधीस्वरूप (परमात्माको प्राप्तिका अवरोधक तत्व) हो । जस्तै :

अर्थपञ्चकज्ञानन्नाम स्वस्वरूपपरस्वरूपपुरुषार्थस्वरूपोपायस्वरूपविरोधिस्वरूपाणां याथात्म्यज्ञानम् । -अर्थपञ्चकम् १ पृष्ठ ।

यस काव्यमा अर्थपञ्चकमा वर्णित जीवात्माको स्वरूपको वर्णन समेत यहाँ गरिएको छ । कविका अनुसार जीवात्मा भगवान् श्रीहरिको शेष हो, त्यो जीवात्मा आफ्ना कर्मले गर्दा अल्पज्ञ भएको छ, शास्त्रले बताए अनुसार कर्म, भगवद्कैंकर्य गर्नु, सद्गुरुबाट भगवान्को शरणागत भएमा भगवान्को प्रिय बन्न सक्दछ र मोक्ष प्राप्त गर्न सक्दछ ।

### ३.४.१.३ भगवान्लाई नै उपाय र उपेय

वेदान्त, उपनिषद् आदिले बताएअनुसार मोक्ष वा परमात्मा प्राप्ति न प्रवचनद्वारा प्राप्त हुन्छ, न बुद्धिद्वारा, न धेरै ज्ञानगुन सुनेर नै प्राप्त हुन्छ । अपि तु स्वयं परमात्माले जसलाई विशेष कृपा गर्नुहुन्छ त्यसैले प्राप्त गर्न सक्दछ । जस्तै –

नायमात्मा प्रवचनेन लभ्यो

न मेधया न बहुना श्रुतेन ।

यमेवैष वृणुते तेन लभ्य

स्तस्यैष आत्मा विवृणुते तनूँस्वाम् ॥ (कठोपनिषद् १।२।२३ मन्त्र)

इत्यादि वाक्यलाई नै आधार मानेर विशिष्टाद्वैत दर्शनमा भगवान्लाई उपाय/साधन र भगवान्लाई उपेय अर्थात् साध्य पनि मानिन्छ । भक्ति ज्ञान र कर्मले प्रसन्न भएका भगवान् नै उपायको रूपमा आचार्य बनी शरणागत गराउनुहुन्छ र स्वयंले मोक्षफल पनि प्रदान गर्नुहुन्छ । सोही कुरालाई यहाँ कविद्वारा वर्णन गरिएको छ -

भक्ति र ज्ञान कर्मले खुशी भएका औतारी

उपाय बनी स्वयं ती लक्ष्मीविशिष्ट श्रीहरि ।

शरणागति खोज्दछन् सधैँ आचार्य-विहित

यो तथ्यमाथि विश्वास गर्छन् आचार्य समस्त ॥ -सहस्रगीतिमञ्जरी १।१९ श्लोक ।

अनन्य भाव लिएर प्रभु निर्भर दुःखी म

उपायोपेय प्रभु नै एक श्रीलक्ष्मीवल्लभ ।

प्रभुकै आशा लिएर बस्नु शेषको स्वरूप

शेषीको धर्म सधैँ नै गर्नु स्ववस्तुरक्षण ॥ -सहस्रगीतिमञ्जरी ८।१०३ श्लोक ।

शांकर वेदान्त अनुसार जीव र ब्रह्ममा अभेद मानिन्छ, सोऽहम्, सोऽहम् यो उक्तिको प्रयोग हुन्छ भने विशिष्टाद्वैत दर्शन अनुसार जीवात्मा र परमात्मात्मा भेद मानिएको छ । जीवात्मा भगवान्को दास हो भन्ने कुरालाई कविले यसरी वर्णन गरिएको छ -

ज्ञानात्मा नित्य हरिको शेष कर्मले जानेर

देहात्मभाव छोडेर भन दासोऽस्मि केशव ॥ सहस्रगीतिञ्जरी १। ४० श्लोक ।

### ३.४.३.४ परमात्माको स्वरूप वर्णन

परस्वरूप भगवान्को पनि पर, व्यूह, विभव, अर्चावतार र अन्तर्यामी गरी पाँच स्वरूपको वर्णन पनि यहाँ गरिएको छ -

श्रीपरब्रह्म इच्छाले पाँच रूपका धारक

श्रीपर व्यूह सर्वान्तर्यामी अर्चा र विभव ।

श्रीवासुदेव श्रीसंकर्षण प्रद्युम्नसहित

श्रीअनिरुद्ध हुन् चतुर्व्यूह आगम-पूजित ॥ सहस्रगीतिञ्जरी १। ९५ श्लोक ।

परब्रह्म परमात्मा श्रीनारायण भगवान् परस्वरूप, पुनः वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरुद्ध गरी ४ व्यूहस्वरूप, मत्स्य, कूर्म, वराह, नृसिंह, परशुराम, राम, वलराम, कृष्ण, बुद्ध, कल्की आदि अवतार विशेष विभवस्वरूप, सम्पूर्ण प्राणीहरूको हृदयमा निवास गर्ने अन्तर्यामीस्वरूप र शालग्राम, मुक्तिनाथ, वेंकटनाथ, रंगनाथ, वद्रीनाथ आदि अर्चावतारस्वरूपको वर्णन गरिएको छ । यही कुरा विशिष्टाद्वैत दर्शनसम्मत ग्रन्थमा यसरी वर्णन गरिएको छ -

एवं प्रकारः ईश्वर परव्यूहविभवान्तर्याम्यर्चावताररूपेण पञ्चप्रकारः (श्रीनिवासाचार्य, यतीन्द्रमतदीपिका, १९३४ : ८३)

### ३.४.४ वैराग्य र भगवत्प्राप्तिको उत्कट चाहना

सांसारिक भौतिक पदार्थबाट प्राप्त हुने सुखलाई बारम्बार प्राप्त गर्न चाहनु वा त्यसका लागि प्रयासरत रहनु राग हो हो भने भौतिक पदार्थबाट टाढा रही पारमार्थिक चिन्तन गर्नु नै वैराग्य हो भन्ने कुरा पातञ्जल योगसूत्र पन्ध्रमा बताइएको छ । संसारबाट विरक्त भएर मोक्ष प्राप्त गर्नका लागि भगवान्को भक्ति उत्तम साधन हो । सोही भक्तिका साधकहरूबाट भगवद् प्रेमले आर्त भएर भगवान्लाई कतिखेर कसरी प्राप्त गरौँ भन्ने उत्कट र अत्यन्त तीब्र अभिलाषा रहेको हुन्छ । भक्तिको त्यही अवस्थाको वर्णन यहाँ पाइन्छ । यसै कुरालाई आत्मसात् गर्दै भगवत् प्राप्तिका लागि यसरी प्रार्थना गरिएको छ :

दर्शन दिनोस् हे नाथ ! कि त लिनुहोस् स्वसाथ

प्रकृतिबन्ध छुटाइदिनोस् असह्य यो बाधा ।

निन्दित माया मोह र गर्व यी सव हटाऊ

दर्शनजन्य पीयुष स्वाद सरस पिलाऊ ॥ सहस्रगीतिमञ्जरी २।१६ श्लोक ।

श्रीवैष्णव सम्प्रदायमा प्रसिद्ध स्तोत्ररत्न नामले विख्यात आलबन्दारस्तोत्रमा श्रीयामुनाचार्य स्वामीजीका भावहरू पनि यस काव्यधाराबाट प्रवाहित भएका छन् ।

जसले चाख्यो हरिको पाद पीयूष स्वादिष्ट

त्यसले किन विषय भोग चाहन्छ नीरस ।

कमलरस पाएको अलि कण्टकी पुष्पमा

किन पो जाला ? भक्तको मन भुल्दछ हरिमा ॥ सहस्रगीतिमञ्जरी २।३३ श्लोक ।

### ३.४.५ जीवात्माको एकमात्र रक्षक र सेव्य श्रीनारायण भगवान्

कविद्वारा यस काव्यमा जीवात्माको सबै प्रकारले रक्षा गर्नेवाला र जीवात्माद्वारा सेवा गर्न योग्य एकमात्र श्रीलक्ष्मीनारायण भगवान् हुनुहुन्छ भन्ने कुरा दर्शाइएको छ । यसैगरी कविद्वारा आफ्ना सम्पूर्ण दुःख कष्टलाई नाश गरी पारमार्थिक कल्याण चाहने जीवहरूलाई यस प्रकारको सन्देश दिइएको छ :

संसारका अनेक प्रकारका तापहरूलाई नाश गर्नेवाला, अनेक प्रकारका दानवीय प्रवृतिबाट प्राप्त हुने दुःख, कष्ट तथा संसारका सम्पूर्ण भयहरूलाई नाश गरिदिनेवाला एवं शरणागत भक्तको रक्षा गर्नेवाला एकमात्र भगवान् श्रीकृष्ण हुनुहुन्छ त्यसैले हे मन सबै दुःखलाई नाश गर्ने र सम्पूर्ण प्रकारको कल्याण प्रदान गर्नेवाला उनै श्रीकृष्ण भगवान्का दिव्य नामरूपी औषधिलाई पान गर । जस्तै -

व्यामोहनाशी औषध मुनि ध्यानका आधार
दैत्यादिपीडाविनाशकारी त्रिलोकसुन्दर ।
प्रपन्नजनरक्षण गर्ने भवभीनाशक
श्रेयातिश्रेय औषध पिऊ त्रितापवारक ॥ सहस्रगीतिमञ्जरी ३।१८ श्लोक ।

उपर्युक्त भाव कुलशेखर स्वामीजीद्वारा रचित स्तोत्र मुकुन्दमालाबाट प्रभावित भएको देखिन्छ जस्तै -

व्यामोहप्रशमौषधं मुनिमनोवृत्तिप्रवृत्यौषधम्

दैत्येन्द्रार्तिकरौषधं त्रिभुवने सञ्जीवनैकौषधम् ।

भक्तात्यन्तहितौषधं भवभयप्रध्वंसनैकौषधं

श्रेयः प्राप्तिकरौषधं पिब मन श्रीकृष्णदिव्यौषधम् ॥ मुकुन्दमालास्तोत्रम् २४ श्लोक ।

श्रीमद्भगवद्गीता, भागवत आदि शास्त्रमा वर्णित (यस जगत्मा जे जति श्रीसम्पन्नता, तेज, ऐश्वर्य आदि श्रेष्ठ वस्तुलाई मेरै स्वरूप जान) भगवद् विभूतिको वर्णन पनि यस काव्यमा पाइन्छ । यसैगरी सम्पूर्ण शास्त्रहरूको सार वा निचोडलाई अगाडि सार्दै नारायण भगवान् नै आराधना गर्न योग्य भएको कुरा वर्णन गरिएको पाइन्छ -

वात्सल्यपूर्ण अभयदाता आर्तार्तिननाशक

उदारशील पापौघहारी अमित फलद ।

त्यसैले हरि सेव्य छन् सधैँ छन् साक्षी प्रह्लाद

श्रीविभिषण द्रौपदी गज अहल्या श्रीध्रुव ॥ सहस्रगीतिमञ्जरी ५।३१ ।

यही कुरालाई लिङ्गपुराणमा यसरी बताइएको छ –

आलोड्य सर्वशास्त्राणि विचार्य च पुनः पुनः ।

इदमेकं सुनिष्पन्नं ध्येयो नारायणः सदा ॥ लिङ्गपुराण, उत्तरभाग अध्याय ७, श्लोक ११ ।

अर्थात् सम्पूर्ण शास्त्रहरूको सारलाई मन्थन गर्दा, बारम्बार विचार गर्दा यही नै एउटा सार तत्व  निस्कन्छ कि श्रीनारायण भगवान् सम्पूर्ण प्राणीहरूले ध्यान गर्न उपासना गर्न योग्य हुनुहुन्छ । सम्पूर्ण प्राणीमात्रको एकमात्र रक्षक, अभय प्रदान गर्नेवाला र सम्पूर्ण प्रकारका पापलाई नाश गरिदिनेवाला परमात्मा श्रीहरि नै हुनुहुन्छ । श्रीहरि बाहेक जीवात्माको अन्य कोही पनि रक्षक छैन र हुन पनि सक्दैन । कविले प्रह्लाद, विभिषण, द्रौपदी, गजराज आदिको यसको

उदाहरण पनि दिएका छन् । यसै कुरालाई श्रीवैष्णव सम्प्रदाय प्रसिद्ध आचार्य श्रीलोकाचार्य स्वामीजीले यसरी वर्णन गर्नुभएको छ -

जीवात्माका दाजुभाइ, पुत्र, माता, पितादेखि लिएर ब्रह्मा, रुद्र आदि देवता पनि पूर्ण रक्षक हुन सक्दैनन् जसका उदाहरणहरू यस प्रकार छन्- दाजुभाइ रक्षक हुन सक्दैनन् भन्ने उदाहरण रावण र बालिबाट जान्न सकिन्छ । पुत्र रक्षक हुन सक्दैनन् भन्ने विषयमा रुद्र जसले आफ्नै पिता ब्रह्माको शीर छेदन गरेका थिए, त्यसैगरी कंसले पनि आफ्नै पिता उग्रसेनलाई बन्दी बनाएर आफू राजा बनेको थियो । माता पिता रक्षक हुन सक्दैनन् भन्ने विषयमा कैकेयी, कुन्ती, हिरण्यकशिपु आदि उदाहरण छन् । कैकेयीले पुत्र रामलाई वनवास पठाइन्, कुन्तीले पुत्र कर्णलाई फालिदिइन्, हिरण्यकशिपुले पुत्र प्रह्लादलाई मार्न के सम्म प्रयास बाँकी राख्यो ? स्त्रीहरूको रक्षक उनीहरूका आफ्नै पति (जसले जीवनभर पाल्ने, सँगै जिउने, सँगै मर्ने कसम खाएका हुन्छन्) पनि हुन सक्दैनन्, जसरी द्रौपदीको रक्षा गर्न पञ्चपाण्डव असक्षम भएका थिए, नलले आफ्नी श्रीमती दमयन्तीलाई अर्धनग्न अवस्थामा वनमा छाडिदिएका थिए । यी कुराहरूको उदाहरण त अहिले पनि समाजमा प्रशस्त पाउन सकिन्छ ।

यी मानवहरूले रक्षा गर्न नसके पनि चन्द्र, सूर्य, इन्द्र, रुद्र, ब्रह्मा आदि देवताहरूले त रक्षा गर्लान् नि भन्दा ती देवताहरू पनि उनै श्रीहरिको निर्देशनमा चल्नेवाला हुन् । परामात्माको आज्ञा अनुसार एक निमेष पनि तलमाथि नगरी आफ्नो आफ्नो कर्म गर्न तल्लिन हुन्छन् । सूर्य चन्द्रहरू पनि उदाउँछन्, अस्ताउँछन् । इन्द्रले आफ्नो स्वार्थ पुरा भएन भने अथवा स्तुति गरेन भने रिसाउँछन् । कहिले पदबाट च्युत हुनुपर्छ भनेर डराइरहन्छन् । ब्रह्मा आफै मधुकैटभ आदिबाट, आफ्नै पुत्र रुद्रबाट पीडित भएको पाइन्छ । ब्रह्माको पनि निश्चित आयु छ र कहिले सकिन्छ भनेर आफै पीडित हुन्छन् । त्यसैले भगवान् नारायण बाहेक कसैले पनि जीवात्माको रक्षा गर्न सक्दैन । (लोकाचार्य, २०५८ : ४२)

### ३.४.६ शरणागतिको महिमा

शरणागतिको सामान्य अर्थ शरणमा पर्नु भन्ने हुन्छ । भगवान्को शरणमा पर्नका लागि अकिञ्चनत्व (केही पनि नभएका), अनन्यगतित्व(भगवान् बाहेक अन्य गति नभएको) अनन्यशरणत्व (भगवान बाहेक अन्य शरणमा लिन वा शरण दिन वा शरणमा जान अयोग्य

भएको) भावका साथमा भगवान्को शरणमा पर्नु नै शरणागति हो । श्रीवैष्णव सम्प्रदायमा आचार्यबाट पञ्चसँस्कारपूर्वक यसरी भगवान्मा पूर्ण समर्पित हुन वा शरणागत हुने परम्परा रहेको छ ।

सम्पूर्ण प्राणीको परमलक्ष्य भनेको सुख प्राप्ति हो । त्यसमा पनि कहिल्यै नखोसिने, कहिल्यै नसकिने, कहिल्यै अन्त्य नहुने सुख । यस संसाररूपी दुखालयमा बसेर त्यो सुख प्राप्त हुन सक्दैन । त्यो सुख प्राप्त गर्नका लागि सुखको आनन्दको सागर भगवान्सँग नै पुग्नुपर्दछ । त्यसलाई नै मोक्ष पनि भनिन्छ ।  त्यो प्राप्त गर्नका लागि शास्त्रमा कर्म, ज्ञान, भक्ति आदि अनेक उपाय बताइएका छन्, तीमध्ये सबैभन्दा सहज र सरल उपाय भगवान्को शरणागति नै हो । जसरी आफ्ना बच्चाहरूको स्याहार, रेखदेख, खानपिन आदि बाबुआमाले गरेका हुन्छन्, बच्चालाई केही पनि कत्ति पनि चिन्ता हुँदैन, त्यसैगरी भगवान्को शरणमा परेका भक्तको पनि भगवान्ले सम्पूर्ण जिम्मा लिनुहुन्छ । त्यसै कारणले भगवान्को शरणागतिभन्दा मोक्ष प्राप्त गर्ने अन्य सहज उपाय केही पनि छैन । त्यसैले मोक्ष चाहनेले भगवान्को शरणागति हुनुपर्दछ भन्ने विचार कविले यस काव्यमा धेरै ठाउँमा प्रह्लाद, ध्रुव, विभिषण, सुग्रीव, द्रौपदी आदि विभिन्न भक्तको दृष्टान्तहरूका साथमा प्रस्तुत गरेको पाइन्छ ।

शरणागति प्रभुमा मति विषय-विरक्ति

प्रभुका भक्त-वृन्दमा प्रीति प्रपञ्च-निवृत्ति ।

कर्तव्यनिष्ठा शास्त्रमा रति निषिद्ध निष्कृति

भएका हरि पाउमा पुग्छन् पाउँछन् श्रीहरि ॥ सहस्रगीतिमञ्जरी ८।३० श्लोक ।

जीवात्माले आफ्नो कल्याणका लागि भगवान् शरणागति गर्नु, भगवान्का श्रीचरणमा मन लगाउनु, विषयबाट मनलाई हटाउनु, भगावन्का भक्तहरूसँग प्रेम गर्नु, शास्त्रविहित कर्ममा निष्ठा राखेर भगवत्कैंकर्य गरेर रहनु व्यक्तिले नै भगवान्लाई प्राप्त गरेर आनन्द प्राप्त गर्ने कुराको वर्णन गरिएको छ । श्रीराम भगवान् र सुग्रीवको मिलनको प्रसङ्गबाट कविले ईश्वर जीवात्माको सम्बन्ध तथा मिलनको वर्णन यहाँ वर्णन गरिएको छ -

रामका साथ सुग्रीव मैत्री जीवेश प्रतीक

जीव र ईश निवासी एक वृक्षका ती मित्र ।

प्रकट भयो जीवेश नाता सुग्रीव राममा

हरिले स्वयं जो जन लिन्छन् विधिले के गर्छ ?  सहस्रगीतिमञ्जरी ८।५० श्लोक ।

द्वासुपर्णा सयुजा सखाया

समानं वृक्षं परिषस्वजाते ।

तयोरन्यः पिप्पलं स्वाद्ववत्य-

नश्नन्नन्यो अभिचाकशीति ॥ (श्वेताश्वेतरोपनिषद् ४।६ मन्त्र)

जीव र ईश्वर एकै वृक्षका दुई पक्षी समान मित्र हुन् । राम र सुग्रीवमा पनि त्यही भाव प्रकट भयो । भगवान्ले कसैको रक्षा गर्न चाहनुभयो भने कसैको केही जोर चल्दैन । आज रामले सुग्रीवको रक्षा गर्न चाहनुभयो र रक्षा गर्नुभयो । बालि बलशाली भएर पनि उसको केही जोर चलेन ।

कविले यस काव्यमा आफूले जीवनभर अध्ययन गरेका शास्त्रहरूको सार स्वरूप निकालेर मन्थन गरेर मधुर माखन निर्माण दर्शनहरूको निष्कर्ष र साररूपी मिश्री सम्मिश्रण गरेर संसारबाट मुमुक्ष र भगवच्चरणरसिक भगवद्गुणकथा बुभुक्षुहरूका लागि पनि यस काव्यरूपी यो स्वादिष्ट फल तयार गरेर राखेको पाइन्छ ।

### ३.५ भावविधान

जीवन जगत्का हाम्रा सम्पूर्ण अनुभवहरू भावको रूपमा परिवर्तन हुन्छन् । यस काव्यमा विशेष गरेर भगवान्प्रतिको भक्तिभाव र प्रेमभावको पराकाष्ठा ठाउँ ठाउँमा प्रशस्त उर्लिएको पाइन्छ । वेदादि शास्त्रका अनुसार अज्ञान नै बन्धन र ज्ञान मोक्षको कारण हो भने ज्ञानविना मुक्ति सम्भव छैन भन्ने कुरा वेदादि शास्त्रमा बताईको छ :

अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते । (ईशोपनिषद्, १४ मन्त्र)

यसअनुसार ज्ञान नै मोक्षको कारण भनिएता पनि त्यो ज्ञान मात्र मोक्षको कारण हुन सक्दैन । त्यसलाई श्रद्धा भक्तिपूर्वक श्रवण, मनन र ध्यानको आवश्यकता हुन्छ :

आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः । (बृहदारण्यकोपनिषद् २।४।५ मन्त्र)

उपर्युक्त वाक्यअनुसार ध्यान सतत स्मरणरूपलाई लिइन्छ । श्रद्धारहित भएको गरिएको कुनै पनि कर्म र क्रियारहित ज्ञान पनि निरर्थक हुन्छ । अतः श्रद्धापूर्वक गरिएको तैलधारावत् अविच्छिन्न स्मृतिसन्तानरूपलाई नै भक्तिको स्वरूप मानिएको छ । कर्म र ज्ञानलाई भक्तिको पूरकको रूपमा मानिएको छ । यसप्रकारको भक्तिको अनुष्ठानबाट वास्तविक ज्ञानको उदय हुन्छ र भक्तिको सहचर ज्ञान रूप नै मोक्षको मुख्य कारण हुन आउँछ । (रामानुजाचार्य, श्रीभाष्यम्, २000: २४)

जसले चाख्यो हरिको पाद पीयूष स्वादिष्ट

त्यसले किन विषय भोग चाहन्छ नीरस ।

कमलरस पाएको अलि कण्टकी पुष्पमा

किन पो जाला ? भक्तको मन भुल्दछ हरिमा ॥ सहस्रगीतिमञ्जरी २।३३ श्लोक ।

यहाँ जसरी कमलको फूलमा रमाएका भ्रमर कण्टकी पुष्पमा जाँदैन त्यसैगरी भगवान्का भक्तहरू भगवान्का श्रीचरणको भक्तिरूपी रसको स्वाद चाखिसकेको छ उसले भगवान्को भक्तिरूपी रसलाई छाडेर अन्यत्र जान सक्दैन । किनकि उसका लागि संसारका विषय भोगहरू अत्यन्त नीरस र निरर्थक भइसकेका हुन्छन् भनेर भगवान्प्रतिको भक्तको प्रेमभाव दर्शाइएको छ ।

मायालाई जित्न अत्यन्त कठीन छ । जो भक्तहरू मेरो शरणमा आउँछन् तिनीहरू नै दुर्जेय मेरो मायाबाट पार पाउन सक्दछन् -

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।

मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥ (श्रीमद्भगवद्गीता, ७।१४ श्लोक)

सम्पूर्ण लोकधर्मलाई छाडेर केवल एक मेरो शरणमा आउ । मैलै तिमीलाई सम्पुर्ण पापबाट मोक्ष दिनेछु, तिमी चिन्ता नगर -

सर्वधर्मान् परित्यज्य मामेकं शरणं ब्रज ।

अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥ (श्रीमद्भगवद्गीता, ७।६६ श्लोक)

भगवान् श्रीकृष्णका उपर्युक्त वचनअनुसार यस संसारबाट पार हुनका लागि शरणागति नै अत्यन्त सहज र सरल मार्ग सिद्ध हुन आउँछ । यिनै भक्ति र प्रपत्ति अथवा शरणागति भाव स्वामीजीका कृतिमा प्रशस्त मात्रमा पाइन्छन् ।

यसैगरी भावका वस्तुगत भाव, आत्मपरकभाव, बिम्बात्मकभाव, वैचारिकभाव, आख्यानीकरणभाव, नाटकीकरण, लयात्मकभाव, अवचेतनमूलकभाव प्रकार रहेका छन् ( आचार्य, *आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,* २०७१ : १९) । स्वामीजीको यस काव्यमा आत्मपरक भाव, विम्बात्मक भाग, वैचारिक भाव, आख्यानीकरण भावहरू प्रस्फुटित भएको पाइन्छ ।

कविद्वारा काव्यको प्रारम्भमा हे मेरो मन तैँले श्रीहरिको भजन गर भनेर आफप्नै मनसँग आलाप गरिएको छ । वास्तवमा जो भगवान्का भक्तहरू छन् उनीहरू भगवान्को यति धेरै स्मरण गर्दछन्, भगवान्को दर्शन प्राप्तिका लागि धेरै आलाप विलाप गर्दछन्, उनीहरूलाई संसारका कुरासँग केही मतलब रहँदैन । कहिले भगवान्को भजन गाउँछन्, भजनमा मस्त भएर नाच्छन्, आलाप गर्दछन् । संसारी व्यक्तिका लागि उनीहरू पागलसरह पनि हुन्छन्, तर तिनीहरू भगवान्का परम भक्त भएर भगवान्लाई स्मरण गर्दै आनन्दित हुन्छन् । कविद्वारा आफ्नो भाव यसरी प्रकट गरिएको छ :

दर्शन गर्न हरिको धेरै समय बिताएँ

अवश्य एक दिन त मिल्ला भनेर पर्खिएँ ।

दर्शनविना निमेष पनि कल्पकै समान

अव त देऊ दर्शन नाथ अनर्थ नठान ॥ सहस्रगीतिमञ्जरी २।२४ श्लोक ।

जीवात्माले अनादिकालदेखि यस संसारचक्रमा घुम्दै आएको छ, गर्भमा छँदा हे प्रभु अव त म हजुरको भजन गर्नेछु मलाई यस गर्भबाट निकालिदिनुहोस् भनेर प्रार्थना गर्दछ तर संसारमा आएपछि आफ्नो प्रतिज्ञालाई बिर्सन्छ र संसारका विषयवस्तुमा नै भूल्दछ भन्ने कुरा शास्त्रमा वर्णन गरिएको छ । कवि सानैदेखि नै भगवान्को भजन, कीर्तन सेवा आराधनामा रमाउने स्वभावका भएका र भगवान्को दर्शन पाउने आसमा बसीरहेको र एकदिन अवश्य दर्शन मिल्नेछ भन्ने दृढ विश्वास पनि कविमा पाइन्छ । श्रीमद्भागवतको गोपीगीतमा 'त्रुटियुगार्यते त्वामपश्यताम्' अर्थात् हे कृष्ण तिमीलाई एकछिन् एक निमेष नदेख्दा हामीलाई

युगौँ युग बितेजस्तो लाग्दछ भनेजस्तै भाव कविमा पाइन्छ । यस्ता भावहरू यस काव्यमा प्रशस्त पाइन्छन् ।

यस कृतिमा नारायणका अनेक अवतारका बिम्बहरू देख्न सकिन्छ भने देवी, देवता, रावण, सीता, राम, मारीच, प्रह्लाद, हिरण्यकशिपु, द्रौपदी, ध्रुव, अहल्या, गजेन्द्र, रामानुज आदि पौराणिक तथा ऐतिहासिक बिम्ब प्रयोगमा छन् । समुद्र, हिमाल, नदीनाला, डाँडाकाँडा, तारा, सूर्य, चन्द्र, आकाश, धरती, त्रिपादविभूति आदि प्राकृतिक तथा अप्राकृतिक बिम्ब र चार्वाक, अद्वैत, वैराग्य, मुक्ति, भक्ति, परमपद, क्षीराब्धि, गोलोक आदि धार्मिक बिम्बहरू प्रयोगले गर्दा काव्यमा बिम्बात्मकभाव समेत स्पष्ट हुन्छ ।

वैचारिकभाव पनि यस काव्यकृतिमा कलात्मक रूपमा प्रस्तुत गरिएको छ । संसारमा सम्पूर्ण प्राणीहरू सुखको खोजीमा लागि परेका हुन्छन् । कसैले पनि जानी जानी म दुःखी होऊँ भन्ने चाहँदैन र सुखकै लागि जीवनभर परिश्रम गरिरहेका हुन्छन् तर सही बाटो नभेट्टाउँदा सुख प्राप्त गर्नुको साटो उल्टै दुःख प्राप्त गरिरहेका हुन्छन् । कविका विचारमा संसार दुःखमय छ, संसारका वस्तुहरू अनित्य छन् र ती वस्तुबाट शाश्वत सुख प्राप्त गर्न असम्भव छ । त्यो शाश्वत सुख सच्चिदानन्द स्वरूप भगवान्लाई प्राप्त गरेपछि मात्र प्राप्त हुन्छ । भगवान्लाई प्राप्त गर्ने कर्म, ज्ञान, भक्ति, प्रपत्ति आदि अनेक उपायहरू शास्त्रमा वताइएका छन् । ती साधनहरूमध्ये सबैभन्दा सरल सहज मार्ग भनेको प्रपत्ति/शरणागतिमार्ग नै हो भन्ने वैचारिक भाव यस काव्यमा यसरी प्रस्तुत भएको छ -

सुपात्र रूप पतित दास सद्गुण सार्थक
केवल जोड्छु अञ्जलि भाव प्रभुका याचक ।
शास्त्रमा उक्त साधन मध्ये उत्कृष्ट साधन
श्रीहरिप्रद शरणागति वरिष्ठ साधन ॥ (सहस्रगीतिमञ्जरी ३।५६ श्लोक ।

जसरी बलिरहेको आगोमा घ्यू थप्दा आगो शान्त हुँदैन, उल्टो दन्किन्छ त्यसैगरी संसारका विषय वस्तुहरूको भोगबाट इन्द्रियहरू तृप्त हुँदैनन् । ती विषयभोगबाट क्षणिक सुखको भान भएता पनि अन्त्यमा पुनः दुःखदायक नै हुन्छन् । धन र सम्पत्ति जति थुपारे पनि हामीलाई थोरै नै हुन्छ । अब मलाई सम्पत्ति पुग्यो यहाँभन्दा चाहिँदैन भन्ने मान्छे संसारमा बिरलै होलान्

तर जति नै धन सम्पत्ति भएता पनि जति नै भौतिक सुविधा भएपनि संसारमा आध्यात्मिक ज्ञान र भगवान्‌को प्राप्ति नभएसम्म जीवात्मा वास्तवमा सुख हुन सक्दैन भन्ने विचार कविमा रहेको पाइन्छ ।

यस काव्यमा आद्योपान्त शिलशिलाबद्ध रूपमा आख्यान त छैन तर प्रत्येक पद्य विशेष आख्यानको भार वहन गर्न समर्थ छन् । बीच बीचमा प्रह्लाद, गजराज, श्रीरामचन्द्र भगवान् आदिका आख्यानहरू प्रस्तुत भएकाले यस काव्यमा आख्यानीकरण भाव पनि प्रकट भएको पाइन्छ ।

### ३.६ शिल्पशैली

शिल्प र शैली २ शब्द मिलेर शिल्पशैली बन्दछ । जति शब्दहरू सरल, सरस, सुगम्य हुन्छन् काव्य वा साहित्य पनि त्यति नै रोचक मनोरञ्जक, आनन्ददायक, मीठो बन्दछ । श्रीधराचार्य स्वामीजीद्वारा सहस्रगीति मञ्जरी (भक्तिगीति महाकाव्य) मा प्रयुक्त शब्द चयन, प्रतीक, बिम्ब, अलङ्कार, लोकोक्ति आदिलाई कसरी प्रयोग गरेका छन् यी सबै विषयहरूलाई विभिन्न कोणबाट केलाउने (मन्थन) गर्ने प्रयास गरिएको छ ।

कविले एक हजार एकाइस श्लोकात्मक पुष्पहरूले भगवान्‌का गुण, चरित्र, स्वभाव र भक्तहरूका चरित्रहरूको गान गर्दै हरिका गुणहरूको प्रकाश पार्ने काम गरेका छन् । प्रायशः श्लोकहरू मुक्तकमा रहेका छन् । मुमुक्षु जनका लागि यो अति उपयोगी ग्रन्थ हो । कविले सम्पूर्ण शास्त्रको सारतम वस्तु यहाँ दर्शाएका छन् ।

#### ३.६.१ शब्दचयन

श्रीधराचार्य स्वामीजीबाट रचित प्रस्तुत कृतिलाई शब्दचयनका दृष्टिकोणबाट हेर्दा प्रायशः तत्सम शब्दहरूको नै आधिक्यता पाइन्छ । इतिहास र पुराणहरूका शब्दहरू प्रायःजसो प्रयोग गरिएका छन् । कविले कतै कतै 'रसो वै सः' तैत्तिरियोपनिषद्‌को ब्रह्मानन्दवल्लीबाट टपक्क टिपेर प्रसङ्गलाई मार्मिक र रोचक बनाएका छन् भने कतै 'अहमन्नम्, अहमन्नाद' 'हावु हावु' आदि अंशहरू भृगुवल्ली बाट उद्धृत गरिएका छन् । स्वामीजीले पूर्वाचार्यहरूका वाणी, भगवान्‌का वाणी आदिलाई भाव नविग्रने गरी अनुदित प्रसङ्गहरू पनि यदाकदा समावेश गरेका छन् । कतै हिन्दीबाट पनि आगन्तुकका रूपमा शब्दहरू आएको पाइन्छ । जस्तै कैद, गाँथ,

सरिक आदि शब्दहरू समावेश छन् भने कतै छन्द मिलाउन संस्कृतकै अपभ्रंश अवतारको ठाउँमा औतार, मार्नोस्, गर्नोस् आदि शब्दहरू प्रयोग भएका छन् । प्रायः जसो समासयुक्त शब्दहरू चयन गरिएको छ ।

शब्दहरू सरल र सरस तथा गम्भीर गहन र कहीँ कहीँ क्लिष्ट पनि अवश्य छन् । भगवान्का लागि कहीं बक्सियोस् जस्ता उच्च आदरार्थी शब्दहरू प्रयोगमा छन् भने कतै मध्यम आदरार्थी शब्दहरू छन् । सम्बोधन वाचक शब्दहरू प्रशस्त भेटिन्छन् । वनस्पतिलाई पनि श्रीशब्द प्रयोग गरिएको छ । जस्तै श्रीतेजपात, श्रीकोविदार, श्रीनरिवल, श्रीशतीशाल, श्रीकरवीर आदि । समोऽहम्, हावुहावु, कोऽसीति, अहमन्नम्, अहमन्नादमहमन्नाद आदि उपनिषद्का सूत्रात्मक शब्दहरू प्रसङ्ग अनुरूप प्रयोग भएका छन् ।

### ३.६.२ बिम्ब र प्रतीक

बिम्बविधान र प्रतीक योजनाका दृष्टिले पनि यस कृतिलाई हेर्न सकिन्छ । मोटामोटी रूपमा हेर्दा यस कृतिमा नारायणका अनेक अवतारका बिम्बहरू देख्न सकिन्छ भने देवी, देवता, रावण, सीता, राम, मारीच, प्रह्लाद, हिरण्यकशिपु, द्रौपदी, ध्रुव, अहल्या, गजेन्द्र, रामानुज आदि पौराणिक तथा ऐतिहासिक बिम्ब प्रयोगमा छन् । समुद्र, हिमाल, नदीनाला, डाँडाकाँडा, तारा, सूर्य, चन्द्र, आकाश, धरती, त्रिपादविभूति आदि प्राकृतिक तथा अप्राकृतिक बिम्ब र चार्वाक, अद्वैत, वैराग्य, मुक्ति, भक्ति, परमपद, क्षीराब्धि, गोलोक आदि धार्मिक बिम्बहरू प्रयोगमा आएका छन् । बिम्बका दृष्टिले कृति अत्यन्त उत्कृष्ट बन्न पुगेको छ भने प्रतीकहरूले पनि स्थान ओगटेका छन् ।

हरिका चरणहरू अमृतको प्रतीक, जीवात्मा अन्नको प्रतीक, तृष्णा जलको प्रतीक, मोह तरङ्गको प्रतीक, पत्नी भुमरीको प्रतीक, वान्धव ग्राहको प्रतीक, जीव डुङ्गाको प्रतीक, अच्युत नामलाई कामधेनु, कल्पवृक्ष र निधिको प्रतीक मानिएको छ । विषय भोग विषवृक्षको प्रतीक, प्रारब्ध कर्म पर्दाको प्रतीक, हरिण्यकशिपुले प्रह्लादलाई काँडाको प्रतीक मानेको छ । रिस कालाग्निको प्रतीक, शिव धनुष शिवकै प्रतीक, सीतालाई प्रकृति शक्तिको प्रतीक, रामलाई विष्णुको प्रतीक, अहिंसा, इन्द्रिय निग्रह, दया, दान, तपस्या, ध्यान सत्य आदिलाई फूलको प्रतीक मानिएको छ । त्रिशिरालाई जिउँदो लास, रामलाई अग्निज्वालाको प्रतीक, शूर्पणखाले रावणको

सन्निधिमा आएर तिमीहरू आफ्नो यो गति हुँदा पनि हेरेर बस्ने भन्दै रावणलाई पनि जिउँदो लासको संज्ञा दिएको हुनाले रावण पनि लासको प्रतीक हो ।

स्तनस्थित दुध अमृतको प्रतीक हो । घ्यू र दाउराले युक्त अग्निलाई विषय भोगको प्रतीक मानिएको छ । कृषिलाई एक प्रकारको सृष्टिको प्रतीक मानिएको छ । यसरी प्रस्तुत कृतिमा प्रतीकको आंकलन गर्दा प्रत्येक प्रसङ्गमा प्रतीकको योजना युक्तिसंगत ढङ्गले राखिएको पाइन्छ ।

### ३.६.३ अलङ्कार

संस्कृतमा अलम् पूर्वक 'कृ' धातुदेखि घञ् प्रत्यय भएर अलङ्कार शब्द निर्माण हुन्छ । उक्त व्युत्पत्तिको अनुसार अलङ्कारको शाब्दिक अर्थ आभूषण वा गहना भन्ने अर्थ हुन्छ । यसैगरी यस शब्दको अर्को अर्थ पर्याप्त पनि हुन्छ । अलङ्कृयते अनेन इति अलङ्कारः यस अर्थमा प्रशस्त सीप पुऱ्याएर या सारै राम्रो बनाइएको भन्ने पनि बुझिन्छ । काव्यमा अलङ्कार भन्नाले काव्यको सौन्दर्य भन्ने बुझिन्छ, यसको तात्पर्य सुन्दर वा मीठासपूर्ण कथन पनि भन्न सकिन्छ । अलङ्कारको परिभाषा अलङ्कार सम्प्रदायका विभिन्न आचार्यहरूले आ-आफ्नो तरिकाले परिभाषा गरेका छन् ती परिभाषाहरूलाई केलाउँदा अलङ्कार भनेको काव्यको सौन्दर्य भन्ने बुझिन्छ (शर्मा, लुइटेल, २०६७ : ५८) ।

साहित्यमा अलङ्कारको भूमिका महत्वपूर्ण हुन्छ । यसले साहित्यमा उक्तिवैचित्य, चमत्कार तथा विलक्षणता र सौन्दर्य पनि उत्पन्न गर्छ । अलङ्कारले साहित्यलाई आकर्षक बनाउँछ । अलङ्कारको अभावमा साहित्य विशेष पार्न अलङ्कारका प्रकारहरू धेरै प्रकारका विवेचना गरिएपनि मुख्य रूपमा शब्दालङ्कार र अर्थालङ्कार गर्न असमर्थ हुन्छ । अलङ्कार सम्प्रदायका आचार्यहरूले विभिन्न प्रकारको रूपमा वर्णन गरेपनि यसका शब्दालङ्कार र अर्थालङ्कार गरेर दुई मुख्य रूपमा प्रसिद्ध प्रचलित रहेका छन् । यहाँ यस काव्यमा कवि श्रीधराचार्य स्वामीजीबाट प्रयोग भएका अलङ्कारहरूको यहाँ चर्चा गरिएको छ ।

शब्दालङ्कार

शब्दमा चमत्कार हुने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ । यस काव्यमा ठाउँठाउँमा शब्दालङ्कारको प्रयोग भएको पाइन्छ ।

अन्त्यानुप्रास अलङ्कार

हात्तीले छाती कुचायो भीरबाट नि खसायो

टुना र मुना जानेको गर्यो सर्पले डसायो ।

दैत्यका धेरै ती माया छाड्यो सिन्धुमा डुबायो

विषाक्त-धूम निरोध गर्यो विष नै पिलायो ॥ (सहस्रगीतिमञ्जरी, ५।३३ श्लोक) ।

दैत्य हिरण्यकशिपुले आफ्नो पुत्र प्रह्लादलाई मार्न विभिन्न प्रयास गरेको वर्णनको प्रसङ्ग अन्तर्गत यस श्लोकमा माथिल्लो दुई हरफको अन्त्यमा प्रयोग भएको शब्दमा खसायो र डसायो आदिको प्रयोगले अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ ।

सीताले राम-वियोग-कारी अनर्थ गर्नुभो

जसको फल रावण-वश स्वयं नै पर्नु भो । (सहस्रगीतिमञ्जरी, ७।९३ श्लोक) ।

घुमेर थाकी निश्चित गरे रामले मनमा

दैत्यले कुनै सीताजी लग्यो दवायो वनमा । (सहस्रगीतिमञ्जरी, ८।३ श्लोक) ।

आदि उपर्युक्त श्लोक लगायत अनेक स्थानमा यस अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

श्रीयोगेश्वर श्रीनरसिंह योगेश श्रीमत्स्य

श्रीत्रिविक्रम श्रीनन्दलाल श्रीभक्तवत्सल ।

श्रीकणिकृष्ण यथोक्तकारी श्रीपार्थसारथि

पाण्डवादूत श्रीशार्ङ्गधनुर्धर श्रीमुरारि ॥ (सहस्रगीतिमञ्जरी, १।१०४ श्लोक)

भगवान्का एकसय आठ दिव्य देशको वर्णन गर्ने क्रममा आएका यी श्लोकमा श्रीको पुनरावृत्तिले वृत्यनुप्रासको प्रयोग भएको देखिन्छ ।

अर्थालङ्कार

अर्थमा चमत्कार हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । यस काव्यमा ठाउँठाउँमा अर्थालङ्कारको प्रयोग भएको पाइन्छ -

उपमा अलङ्कार

पीयूष सरि प्रभुको रस मिठास पाएँथें
विषय रस विष झैं मानी प्रभुमैं धाएँथें ।
रस नै तिमी 'रसो वै सः' त्यो चिनेंथें स्वरूप
मान्दैन छाड्न श्रीहरिपद मानस भ्रमर ॥ (सहस्रगीतिमञ्जरी, २।३१ श्लोक)

कविद्वारा हरिको चरणमा प्राप्त हुने अमृत रसलाई बताएको छ । हरिपद र स्वर्गको अमृतसँग तुलना हुन सक्दैन तर पनि त्यो भन्दा उत्तम केही पनि नमिल्ने हुनाले अमृत समान भनिएको हो । विषय रसलाई विष झैं को उपमा दिँदै विषयलाई विष भन्दा पनि अझ निकृष्ट मानिएको छ । यहाँ मनलाई भ्रमरको उपमा दिइएको छ । यसै गरी 'कमल रस पाएको अति कण्टकी पुष्पमा' हरिचरणलाई कमल पुष्पको उपमा र विषयरसलाई काँडा तथा रसरहित फूलको उपमा दिइएको छ । तृतीय शतकको आठौं श्लोकमा तृष्णालाई जल, कामलाई हुरी, मोहलाई तरङ्ग, पत्नीलाई भुमरी, बान्धवलाई ग्राह आदिको उपमा दिइएको छ । यस्तै छैठौं शतकको १९ औं श्लोकमा दशरथले रामलाई छोडेर अरू सबै माग्न आग्रह गर्दा विश्वामित्र ऋषिको कोपको वर्णन गरिएको छ -

राजाका कुरा सुनेर ऋषि रिसले युगान्त
थर्थर ओठ काँपेको देह कालाग्नि तुल्य छ ।
आज नै मानौं अयोध्या पुरी भस्मसात् गर्दछन्
भने झैं क्रोध विवश भई ती मुनि बोल्दछन् ॥ (सहस्रगीतिमञ्जरी, ६।१९ श्लोक)

कविले ऋषिको रिसलाई प्रलयाग्निको उपमा दिएका छन् । यस्ता उपमा अलङ्कारमा प्रसंगहरू अनेकौं छन् ।

दृष्टान्तालङ्कार

कविले भगवद्भक्तिको पराकाष्ठाको अवस्थाको वर्णन गरेको पाइन्छ । यस काव्यमा सांसारिक विषय वस्तुको वर्णन खासै भएको छैन र वर्णन भएको भएमा पनि ती कुरालाई भगवान्सँग जोडिएको पाइन्छ । कविले सर्वसाधारणलाई भगवान्, भक्त र भक्तिको स्वरूपलाई बुझाउन नायक, नायिका र भोगको दृष्टान्त यसरी प्रयोग भएको देखिन्छ -

नायकलाई नायिका जस्तै भोगका खातिर

आह्वान गर्छे कामिनी बनी निर्लज्ज भएर ।

त्यस्तै नै भक्त भक्तिको रस आनन्द विहार

श्रीहरिलाई दर्शन गर्न स्त्रीरूप बन्दछन् ॥ (सहस्रगीतिमञ्जरी, २।१९ श्लोक)

जसरी नायिका वा कामिनी स्त्री नायक वा आफ्नो प्रेमी वा पतिका अगाडि विषय भोगादिका लागि आतुर भए निर्लज्जताका साथ अगाडि बढ्दछे त्यसैगरी नै भगवान्का भक्तहरू भगवान्को भक्ति वा प्रेमले ओतप्रोत भएर भगवान्का दर्शन गरेर भक्तिरूपी रस आनन्द प्राप्तिका लागि संसारी व्यक्तिहरूले केही भन्लान् भन्ने कत्ति पनि संकोच नराखेर केवल भगवद् स्मरण गर्दै भगवान्कै भक्तिमा यसरी लिप्त हुन्छन् भन्ने कुरा बुझाउन खोजिएको छ ।

देवार्ह पुरोडाषको आशी जसरी कुकुर

प्रभुको परिजनको आशा लायक छैन म ॥ (सहस्रगीतिमञ्जरी, ४।३ श्लोक)

देवताको लागि योग्य पुरोडाश (हवनीय पदार्थ) जसरी कुकुरले पाउँदैन त्यसैगरी अनन्त पापका कारण तिम्रा परिजनको चाहना राखेपनि त्यसलाई प्राप्त गर्न म योग्य छैन ।

जो अन्य देव उपास्य मान्छन् ती मति-विहीन

खन्दछन् कुवा तिर्सना मेट्न गङ्गाको तटमा ॥ (सहस्रगीतिमञ्जरी, ४।५२ श्लोक)

बुद्धि नभएको मुर्ख व्यक्तिले सामुन्नेमा भएको गङ्गाको पानी पिउन छोडेर त्यही गङ्गाको किनारमा कुवा खनेर पानी पिउने प्रयास गर्दछन् त्यसैगरी संसारका सामान्य र तुच्छ कामनाहरूले मति भ्रष्ट भएको छ त्यस्ता व्यक्तिले विश्वपालक वासुदेव नारायण भगवान्को पूजन छोडी अन्य देवताहरूको उपासना गर्दछन् र संसारको चक्रबाट उठ्न नसकी अत्यन्त दुःख पाउँछन् भनी कविले दृष्टान्त दिएका छन् ।

पखेटा हीन बिचरा चल्ला आशाले चाराको
तड्पिन्छन् हेर्दै आउने बाटो आमा र बाबुको ।
विदेशी पति प्रतीक्षा गरी युवती कामिनी
गाईका बाच्छा ती आमा भेट्न तड्पिन्छन् जसरी ॥ (सहस्रगीतिमञ्जरी,४।७६ श्लोक)
त्यसरी मेरो चञ्चल मन सम्झेर श्रीहरि
श्रीपाद स्पर्श दर्शन निम्ति आत्तियोस् वेसरी ॥ (सहस्रगीतिमञ्जरी, ४।७७ श्लोक)

कविले यहाँ चराका वचेरा, युवती पत्नी, गाईका बाच्छा जसरी आफ्ना ईष्ट विना आत्तिन्छन् त्यसरी नै प्रभुका चरण स्पर्श र दर्शनका निम्ति यो जीवन आत्तिन सकोस् भनी दृष्टान्त प्रकट गरेका छन् ।

सादृश्य धर्ममूलक अलङ्कार :

वियोग अग्नि दन्केर आयो रामको शरीर
इन्द्रिय मन जलायो कोही छैन नि सहारा ॥ (सहस्रगीतिमञ्जरी, ८।५ श्लोक)

यहाँ वियोगलाई अग्नि समान दाहकत्व गुण बताइएको छ । जसरी अग्निमा दाहक गुण छ त्यसैगरी वियोगमा पनि दाहकत्व गुण हुने भएकोले सादृश्य धर्ममूलक अलङ्कार स्पष्ट भएको छ ।

रूपक अलङ्कार

सारीका आत्मा भएर हरि वस्त्रको रूपमा
वात्सल्य गर्भ औदार्य गुण गर्नुभो प्रकट ॥ (सहस्रगीतिमञ्जरी, ९।७०)

यसरी हरिको आत्मालाई सारीमा रूपारोपित गरेकाले रूपक अलङ्कार स्पष्टिएको छ । यसै गरी विरोधाभाष अलङ्कार

आकाश खस्न धरती डुब्न हिमाल टुक्रिन
समुद्र सुक्न पश्चिमबाट श्रीसूर्य झुल्किन ।
सम्भव होला कहिल्यै बरु विफल हुँदैन
प्रपन्न जन अवश्य तार्छु श्रीकृष्ण वचन ॥ (सहस्रगीतिमञ्जरी, १०।५१ श्लोक)

आकाश खस्नु, धरती डुब्नु, हिमाल टुक्रिनु, समुद्र सुक्नु, पश्चिमबाट सूर्य उदाउनु असम्भव देखिन्छ, त्यसैले यहाँ विरोधाभाष अलङ्कारको प्रयोग भएको  छ ।

भनिन्छ साहित्यमा अलङ्कारको सिर्जना अलङ्कारकै निम्ति हुनु हुँदैन । त्यसैगरी नै यस कृतिमा पनि अलङ्कारलाई अलङ्कारका निमित्त नभएर भावको पूरकका रूपमा स्वतः आएको पाइन्छ । यस कृतिमा शब्दालङ्कारको प्रयोग मध्यम रूपमा भएको छ भने अर्थालङ्कारमा समासोक्ति, अतिशयोक्ति, सन्देह, संसृष्टि आदि अलङ्कारको समुचित प्रयोग पाइन्छ ।

### ३.६.४ रसविधान

रस शब्दले पदार्थको रस जलीय तत्व, अमिलो, पिरो आदि छ प्रकारको रस, आयुर्वेद अनुसारको औषधीय रस, भक्ति रस अनुसार परमात्माको अनुभवरूप भक्तिरस र साहित्यलाई सौन्दर्यता वा मीठास बनाउने साहित्यिक रस भनेर रसको चार प्रकारको अर्थ गरिएको छ । ( शर्मा, लुइटेल : ६२) । रसशास्त्रका आचार्य भरतले विभाव, अनुभाव र व्यभिचारीभावको संयोगबाट साहित्यिक रसको निष्पत्ति हुने उल्लेख गरेका छन् र त्यो रसलाई शृङ्गार, वीर, करुण, अद्भुत, हास्य, भयानक, विभत्स, रौद्र गरी भरतले आठ प्रकारको र अन्य विद्वान्हरूले पुनः शान्त रसलाई पनि थपेर नौ प्रकारको साहित्यिक रसको वर्णन गरिएको पाइन्छ । संख्याका हिसाबले केही विद्वान्हरूले तीभन्दा धेरै रसको वर्णन गरेको भएतापनि यी नव रसहरूलाई नै अधिकांश विद्वान्हरूले स्वीकारेका छन् ।

साहित्यमा प्रयुक्त भक्तिले पनि साहित्यिक कृतिलाई विशेष आस्वाद्य बनाउने भएको र पूर्ववर्णित नौ प्रकार भन्दा भिन्न भएकाले भक्तिरसलाई पनि साहित्यिक रसको रूपमा परिगणना गर्नु उपयुक्त हुन्छ । गौडिया सम्प्रदायका आचार्य श्रीरूपगोस्वामीद्वारा भक्तिलाई मुख्य रस र अन्य शृङ्गारादि रसलाई गौण रसको रूपमा व्याख्या गरिएको पाइन्छ । उनले भक्तिरसको स्थापनाका लागि नै भक्तिरसामृतसिन्धु, उज्वलनीलमणि आदि ग्रन्थको रचना गरेका छन् ।

आचार्य भरतले रस उत्पत्तिमा विभाव, अनुभाव, व्यभिचारी भावको संयोगबाट रस निष्पत्ति हुने कुरा बताएका छन् :

तत्र विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः । (भरतमुनि, नाट्यशास्त्र)

रूपगोस्वामीले सात्विकभावलाई पनि थपेर भक्तिरसामृतिसिन्धुमा विभाव, अनुभाव, सात्विकभाव र व्यभिचारीभाव गरी यी चार भावको संयोगबाट रसको निष्पत्ति हुने कुरा व्यक्त गरेको पाइन्छ -

सामग्री परिपोषेण परमा रसरूपता ।

विभावैरनुभावैश्च सात्विकैर्व्यभिचारिभिः ॥

स्वाद्यत्वं हृदि भक्तानांमानीता श्रवणादिभिः ।

एषा कृष्णरतिः स्थायीभावो भक्तिरसो भवेत् ॥ (रूपगोस्वामी, भक्तिरसामृतसिन्धु, दक्षिणविभाग, लहरी १, श्लोक ५, ६)

यहाँ कृष्णको रतिलाई स्थायीभावको रूपमा उल्लेख गरिएको छ । यस काव्यमा कृष्ण, नारायण, राम, नृसिंह आदि एकै देवका स्वरूपलाई लिइएको छ । नाम जे भए पनि कृष्ण नारायण आदि स्वरूपप्रतिको रति वा प्रेम पाइन्छ ।

भगवान्‌को नवविध भक्तिको वर्णन गर्दै हरिभक्ति र सेवाले रहित एक क्षण पनि नबितोस् भन्ने हरि भाव पाइन्छ जो रतिको रूपमा रहेको छ । यस प्रकारका भक्तिरसका उदाहरण यस काव्यमा प्रशस्त रहेका छन् ।

करुण रस

दर्शन दिनोस् हे नाथ ! कि त लिनुहोस् स्वसाथ

प्रकृतिबन्ध छुटाइदिनोस् असह्य यो बाधा ।

निन्दित माया मोह र गर्व यी सब हटाऊ

दर्शन जन्य पीयूष स्वाद सरस पिलाऊ ॥ (सहस्रगीतिमञ्जरी, २१६ श्लोक)

जीवात्माले करुण भाव प्रकट गर्दै हरिको दर्शनाभिलाषी हुँदै असह्य बाधा छुटाउन, मायाबाट हटाउन र पीयूसरस पिलाउन प्रार्थना गरिएको छ ।

वीररस

अपार शक्ति भएको सेना त्रिशिरा खरको

रामका साथ घटिका तीन अद्‌भुत युद्ध भो ।

रामले दिव्य शक्तिले सबै ती दैत्य सिद्ध्याए

विक्रम गिरि कूटमा दिव्य श्रीसूर्य उदाए ॥ (सहस्रगीतिमञ्जरी, ७५६ श्लोक)

जम्मा एक घण्टा १२ मिनटमा श्रीरामले अपार शक्ति भएका खर र त्रिशिराका सेनालाई दिव्य शक्तिले समाप्त पार्दछन् यसरी नै यहाँ वीर रसको प्रयोग भएको छ ।

अद्भूत रस

त्रिशिरा सेना समेत सारा रामाग्नि ज्वालाले
जलायो कोही फर्केन स्वर्ग पठाए रामले ।
त्यो शूर्पणखा आत्तिई छिट्टै श्रीलङ्का पुगेर
भन्दछे मूर्ख रावण तिम्रो जीवन धिक्कार ॥ (सहस्रगीतिमञ्जरी, ७६२ श्लोक)

त्रिशिराका सारा सेनाहरू रामरूपी अग्नि ज्वालाले सबै जल्दछन् र स्वर्गमा पुग्दछन् यो दशालाई देखेर शूर्पणखा आत्तिँदै श्रीलङ्का पुगेर रावणलाई धिक्कार्दै भन्दछे । यहाँ रामका वाणरूपी अग्निज्वालाले गरेको काम अद्भूत छ र अद्भूत रस झल्किएको छ ।

शान्त रस

जुन एक पल्ट हे स्वामी ! तिम्रो सुन्दर स्वरूप
झलक्क झल्क्यो मनमा मायाँ जितेर भौतिक ।
आनन्दरूपी पीयूष प्यूँछन् त्यो रस मधुर
ती अरू रस चाहन्नन् कैल्यै श्रीहरि छाडेर ॥ (सहस्रगीतिमञ्जरी, २।२९ श्लोक)

समग्रमा यस कृतिमा शान्त रसको बाहुल्यता भएको पाइन्छ । सर्वस्व रस, सम्पत्ति, आनन्द, अमृत भगवान्कै सान्निध्यमा प्राप्त हुने हुनाले शान्त रसले स्थान पाएको छ । सामान्य संसारको विषयभोग प्राप्त गर्न त कति त्याग, नाटक, प्रयास गर्नु पर्दछ भने साक्षात् परमात्मा प्राप्तिको लागि त अनेक अभिनय, इच्छा, प्रयास, दीनता, विवाद, संवाद, मनोवाद, उदाहरण, आतुरता देखाउनु स्वाभाविक हो । कविले यिनै विषयलाई दर्शाउँदै भगवान्मा आर्त पुकार भाव दर्शाएको पाइन्छ ।

यसरी श्रीधराचार्य स्वामीजीले आब्रह्माण्डका आराध्यदेव र सम्पूर्ण जीवात्माका सर्वस्वरूप भगवान्का अनेक गुणको प्रकाश पार्नका लागि अनेक भक्त र भगवान्का चरित्रलाई समावेश गर्दै सबै जीवात्माका प्रतिनिधि स्वयं बनेर वार्तालाप, आलाप, विलाप, संवाद, मनोवाद गर्दै ग्रन्थलाई अग्रगामी भएको छ । कविले यस काव्यमा शरणागति

मार्गको विस्तृत वर्णन गरेका छन् । जीवात्मा र परमात्माको बीचमा नौ प्रकारको सम्बन्धको सारांश प्रस्तुत गरिएको छ । मानव मात्रले गर्नै पर्ने कर्तव्यको समग्र बोध गराएको पाइन्छ ।

## ३.७ निष्कर्ष

श्रीधराचार्य स्वामीजीका लेखहरू सबै भगवच्चरणमा अनुराग वृद्धि गर्ने वाला छन् । नेपालीमा मात्र नभएर संस्कृत वाङ्मयमा पनि राम्रो कलम चलाएका स्वामीजीको सहस्रगीति मञ्जरी विशाल र उत्कृष्ट ग्रन्थ हो । यो ग्रन्थ १०० दिनमा पूर्ण भएको हो । मनलाई सम्बोधन गर्दै ग्रन्थ प्रारम्भ हुन्छ । तत्वत्रय आदिको अर्थपञ्चकको पनि वर्णन गरिएको यो काव्य ज्ञान, भक्ति र साहित्यिक गुणले भरिपूर्ण छ । नाम संकीर्तन उत्कृष्ट प्रकारको छ । परमात्मा र जीवात्माको स्वरूप वर्णन गरिएको छ । यसैगरी जीवात्माको र भगवान्संगको नवविध सम्बन्ध, प्रपत्तिको वर्णन, ब्रह्मानन्दको स्मरण, सौशील्यादि गुणको वर्णन, भगवान्को प्रतिज्ञा, परमपुरुषार्थको वर्णन, नारायण नै सदा सत्य, श्रीराम चरित्र, प्रह्लाद, ध्रुव, शवरी आदि भक्तको चरित्र वर्णन, अखण्ड भक्तिको वर्णन गरिएको छ । यहाँ काव्यको विधातात्विक आधारमा सहस्रगीति मञ्जरीको विश्लेषण गरिएको छ ।

चतुर्थ परिच्छेद

# 'मनोदूति काव्यमञ्जरी' र 'कल्याणकारी साधना गरौँ' कृतिको अध्ययन

## ४.१ विषयप्रवेश

श्रीधराचार्य स्वामीद्वारा दोस्रो चरणमा मनोदूति काव्यमञ्जरी काव्य र कल्याणकारी साधना गरौँ कविता गरी दुई मौलिक कृतिको रचना भएको छ । मनोदूति काव्यमञ्जरी जीवात्माद्वारा मनलाई दूत बनाएर परमात्माका साथ पठाइएको छ, जुन काव्यको मूल लक्ष्य मनलाई परमात्मामा स्थिर रहेको बुझ्न सकिन्छ । यसका साथै कल्याणकारी साधना गरौँ कृतिको रचना गरेर कविले सम्पूर्ण जीवात्मालाई आफ्नो कल्याणका मार्गमा लाग्नका लागि प्रेरणा गरेको पाइन्छ । यी दुई कृतिको यस अध्यायमा अध्ययन गरिएको छ ।

## ४.२ मनोदूति काव्यमञ्जरी कृतिको अध्ययन

### ४.२.१ परिचय

स्वामी श्रीश्रीधराचार्यद्वारा रचित यस मनोदूति-काव्यमञ्जरीको रचनाको बारेमा चर्चा गर्दा स्वामीजी वि.सं. २०२१ तिर अयोध्याजीमा निवास गर्दा कुनै सन्तको प्रेराणबाट तयार गरिएको हो (मनोदूति काव्यमञ्जरी, २०७३ : दो.सं., १) । रचनाकालको विषयमा चर्चा गर्दा स्वामीजीले यसै पुस्तकको अन्तिममा २०५६।५।२१ लेखिएकाले यसको रचनाकाल वि.सं. २०५६ को पूर्वार्द्ध नै रहेको भन्ने  कुरा स्पष्ट हुन्छ । साथै यसको भूमिकामा २०५६/६/२५ मिति पनि लेखिएको हुनाले त्यसै समयमा प्रकाशन गर्नका लागि कविद्वारा तयार गरिएको तर त्यसको केही समयपछि नै कविको परमपद भएका कारणले गर्दा तत्काल प्रकाशन हुन सकेन । पछि कविका २०६२ श्रावण संक्रान्तिमा श्री यतिराज प्रकाशनबाट १००० प्रति प्रकाशित भएको र यसका सम्पादकद्वय रूपमा ऋषिप्रपन्नाचार्य, देवराजप्रपन्नाचार्य भएको पाइन्छ । साथै यस पुस्तकको दोस्रो संस्करणको प्रकाशन श्रीधराचार्य यतिराज प्रकाशनबाट मिति २०७३ श्रावणमा १००० प्रति प्रकाशित भएको पाइन्छ । यो पुस्तक श्रीधराचार्य स्वामीजी बाग्लुङको कालीगण्डकीतट श्रीलक्ष्मीनृसिंह गुफा ढोडेनीमा निवासका क्रममा रचना भएको हो (रिजाल, २०७१ : ६९) ।

पूर्वीय साहित्यमा महाकविहरूले पक्षी, मेघ, पवन आदिलाई दूत बनाई प्रेमी प्रेमीकाको सन्देश प्रेमी प्रेमिका समक्ष पठाइएको काव्यकृतिहरूमा पाइन्छ । तर यस काव्यमा मनलाई नै दूत बनाइकाले ती काव्यमा भन्दा फरक विशेषता पाइन्छ । यस मनोदूति काव्यमञ्जरीमा जीवात्मा रूपी नायिकाले मनलाई दूत बनाएर नायकरूप वैकुण्ठनाथ भगवान्का समक्ष आफ्ना भावजन्य सन्देशका मञ्जरीहरू पठाएको हुनाले यस रचनालाई मनोदूति काव्यमञ्जरीको संज्ञा दिइएको कुरा कवि स्वयंले (मनोदूति काव्यमञ्जरी, पृष्ठ १) बताएका छन् । आकारका दृष्टिले हेर्दा प्रथम संस्करणमा प्रस्तुत ग्रन्थमा १६८ श्लोकहरू रहेका छन् । जसमध्ये ३ श्लोक श्रीमद्भागवतमहापुराणबाट २ श्लोक श्रीमद्भगवद्गीताबाट १ श्लोक श्रीमद्रामायणबाट गरी जम्मा ६ पूर्ण श्लोक, एक ठाउँमा आधा श्लोक तथा अन्यत्र दुई चार एक एक पाउ र कहिँ कहिँ केही पदावलीहरू विभिन्न शास्त्रहरूबाट संस्कृतमा नै यथारूप उद्धरण गरिएको पाइन्छ । यसरी हेर्दा १६२ श्लोक कविद्वारा रचित र ६ श्लोक विभिन्न शास्त्रबाट उद्धरण गरिएको भन्न सकिन्छ । यी मध्ये १५८ श्लोक अनुष्टुप् छन्दमा छन् भने अन्य १० श्लोक वसन्ततिलका, पञ्चचामर आदि छन्दमा रहेका छन् । प्रस्तुत काव्यमा प्रसङ्गवश श्रीमद्भागवत, गीता, रामायण, महाभारत, धर्मशास्त्र, अनेक पुराण आदिका श्लोकहरू उद्धरण गरिएको पाइएता पनि ती श्लोकहरूले काव्यमा सङ्गति प्रदान गरेको र काव्यलाई अझ कौशलता प्रदान गरेको पाइन्छ ।

यसैगरी स्वामीजीको 'कल्याणकारी साधना गरौं' नामक कविता स्वामीजीको मौलिक कृति रहेको छ । यो कविताको रचनाकाल २०५५ साल भएको पाइन्छ । शार्दूलविक्रिडित छन्दमा लेखिएको छ । यस परिच्छेदमा यिनै काव्यकृतिको विश्लेषण गरिन्छ ।

### ४.२.२ विषयवस्तु

यस काव्यका रचयिता स्वामी श्रीश्रीधराचार्यले ग्रन्थको आरम्भमा मङ्गलाचरण गर्ने पूर्वीय परम्परा अनुसार श्रीदेवी भूदेवी र नीलादेवीले सहित श्रीवैकुण्ठनाथ भगवान्, विश्वक्सेन, शठकोप सुरी  शेषावतार श्रीभाष्यकार रामानुज स्वामीजी र आचार्यहरूको मंगलाशासन गर्दै सातौं श्लोकसम्म नमस्कारात्मक मंगलाचरण गरेका छन् । आठौं श्लोकदेखि चौधौं श्लोकसम्म ग्रन्थको संक्षेपमा उपोद्घात गरिएको छ । तत्पश्चात् पुनः तिनै कुराहरूको विशद वर्णन कविले गरेका छन् । कविले भन्दछन् रमानाथ भगवान् श्रीहरिको प्रेमले युक्त भएर वेदादि प्रामाणिक ग्रन्थसम्मत काव्यको रचना गर्न लागेको बताइएको छ ।

यस काव्यमा श्रीमद्भगवद्गीता, रामायण, गद्यत्रय, पद्मपुराण, भागवतपुराण, सहस्रगीति, वेदान्त आदिको प्रसंग यस काव्यमा रहेको वर्णन गरिएको छ । यसका साथै श्रीभूनीलादिका साथमा श्रीवैकुण्ठनाथ भगवान् नै परतत्व रहेको बताउँदै जीवात्मा र परमात्माको नौ प्रकारका सम्बन्धको वर्णन गरिएको छ । नौ प्रकारको सम्बन्धले जीव सर्वदा परतन्त्र र जीवेशमा स्वतन्त्र, सर्वशक्तिमत्ता रहेको बताइएको छ । नौ प्रकारका सम्बन्धको बलले ईश्वरले जीवलाई कहिल्यै पनि त्याग्ने वा त्याग्न सक्ने अवस्था देखिँदैन । जीवात्मा र परमात्माको नवविध सम्बन्धका क्रममा भर्ता भार्या वा पतिपत्नीको जुन सम्बन्ध देखाइएको छ, त्यसले जीवात्मा स्त्रीस्वरूपा भएको पुष्टि हुनुका साथै जीवात्मामा स्वतन्त्रताको अभाव स्पष्ट हुन जान्छ । जसरी नारी बालक, युवा र वृद्धा कुनै अवस्थामा पनि स्वतन्त्र हुँदैनन्, सर्वदा परतन्त्र रहन्छन् त्यसैगरी आत्मा पनि सबै अवस्थामा परतन्त्र हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ । जस्तै -

अस्वतन्त्र सदा जीव छैन स्त्रीमा स्वतन्त्रता ।

नारी समान यो जीव सधैँ भार्या सधर्मी छ । (मनोदूति काव्यमञ्जरी १९ श्लोक)

त्यसैगरी ईश्वर सारथी हो र यो जीव रथिको स्थानमा रहेको छ । त्यही जीव नै नायिका बनेर मनलाई दूतको स्थान दिएर नारायणरूपी नायकको सन्निधिमा खबर लिएर पठाइएको छ । आत्मारूपी नायिका र मनरूपी दूतिको संवादको रूपमा यस काव्यको रचना गरिएको छ । यहाँका सामान्य दूतले त केवल खबर मात्र लगेर जान्छन् तर यहाँ सामान्य सन्देशमात्र पठाइएको छैन, यहाँ जीवात्माले मनलाई दूत बनाएर परमात्माका साथमा पठाई जीवात्मा र परमात्माको सम्बन्धलाई विशेष रूपमा दर्शाइएको पाइन्छ ।

कविद्वारा आफूलाई भगवान्को दर्शनको प्यासले आर्त बनी आफूलाई नायिका र भगवान्लाई नायक मानिएको छ । जीवात्मारूपी नायिकाले आफ्नो भगवत् प्राप्तिको चाहनाको तथा प्रभुको दर्शनको अभावमा आफू अत्यन्त दुःखी भएको र दर्शनको अत्यन्त अभिलाषी भएको सन्देश वैकुण्ठलोकनिवासी परमात्मारूपी नायकका समक्ष पठाइएको कुरा यस काव्यमा व्यक्त गरिएको छ ।

मनोदूतिले वैकुण्ठ दिव्यलोकमा कसरी के साधनका माध्यमबाट कुन बाटो भएर जाने ? भनेर सोधेको प्रश्नमा नायिकाले यस संसार लीला विभूति भएको र त्यसको सीमामा विरजा नाम गरेको महानदी छ, जुन नदीको जल सेवन गर्नाले संसारको जन्ममृत्युरूपी चक्र छुट्दछ, त्यसदेखि पर वैकुण्ठ दिव्यलोकमा विभिन्न मणिरत्नादिले जाज्वल्यमान रहेको र त्यहाँका नरनारीहरू सधैँ किशोर अवस्थामा रही चतुर्बाहु स्वरूप, विभिन्न बस्त्र अलंकार आदिले सुशोभित भई भगवान्‌को कैंकर्यमा रहेर दिव्यानुभूति गरेको कुरा नायिकाले व्यक्त गरेकी छिन् । त्यस वैकुण्ठलोकमा दिव्य सरोवर, कुवा, उद्यानहरू रहेका छन् । विभिन्न प्रकारका फलफूल वनस्पति, औषधि आदिले सुशोभित भएका ती उद्यानहरूमा विभिन्न पक्षीहरूले सामगानका दिव्य ध्वनीहरूका साथमा नृत्य गरिरहेका हुन्छन् भन्दै त्यहाँको दिव्य सौन्दर्य नायिकाले बताएकी छिन् । त्यस वैकुण्ठपुरीको बीचमा वैकुण्ठनाथको दिव्य मन्दिर रहेको छ । जुन मन्दिर करोडौँ सुर्यका समान तेजले देदिप्यमान भएको मन्दिरमा केरा, सुपारी आदिले सुशोभित स्तम्भ, दिव्य तोरण, ध्वजा पताकाले सुशोभित दिव्य चार द्वार रहेको छ । त्यस द्वारमा रहेका द्वारपालसँग आज्ञा लिई भित्र छिर्न मनोदूतिलाई निर्देशन दिएकी छन् । त्यसैगरी हजारौँ मणियुक्त स्तम्भहरूले सुसज्जित दिव्यमण्डप, भगवान्‌को दिव्य सिंहासनको वर्णन गर्दै नित्य मुक्तादिले सेवित वैकुण्ठनाथ नायकको दिव्य स्वरूपको वर्णन गर्दै भगवान्‌को दिव्य स्वरूपको दर्शन गर्न दूतिलाई नायिकाले आग्रह गरेकी छिन् । जस्तै -

किशोर नीरद-श्याम भास्वत्-चञ्चम विग्रह ।

देखी त्यो प्रभूको रूप श्रीपाउ वन्दना गर ॥ (मनोदूति काव्यमञ्जरी, ६६ श्लोक)

त्यसैगरी भगवान्‌का दायाँ बायाँमा रहनुभएकी श्रीदेवी, भूदेवी, नीलादेवीको स्वरूपको वर्णन, भगवान्‌का सन्निधिमा रहेका विष्वक्सेन, शेष, गरुड आदिको वर्णन गर्दै मनोदूतिलाई लक्ष्मीमाताको चरणमा परी शिफारिस लिएर भगवान्‌को चरणमा साष्टाङ्ग गर्दै मेरो निवेदन भगवान्‌लाई सुनाइदिन आग्रह गरेकी छिन् ।

मेरो निवेदन सुनेर वाचाल एवं सर्वज्ञ पनि भएका भगवान्‌ले केही नजानेजस्तो गरेर उहाँ परमात्मा र म जीवात्माको सम्बन्ध के छ ? सम्बन्ध भएता पनि त्यसको के प्रमाण छ आदि विभिन्न प्रश्न गर्न सक्नुहुनेछ । त्यस अवस्थामा तिमीले आचार्यका श्रीपदलाई स्मरण गरेर

धैर्यता पूर्वक बिन्ती गरेर नवविध सम्बन्धको वर्णन, वेद शास्त्रादि प्रमाण रहेको कुरा भगवान्लाई स्मरण गराइदिनु भनेर आग्रह गरेकी छिन् । कविले जीवात्मा र परमात्माको पति पत्नी भावको सम्बन्धलाई दर्शाउँदै यो सम्बन्ध संसारका पति पत्नीको सम्बन्धभन्दा विशेष भएको बताएका छन् । संसारका पतिपत्नीको सम्बन्ध त केवल शरीरमा आत्माको सत्ता रहँदासम्म मात्र रहन्छ । आत्माले शरीर छोडेर गएपछि त्यो सम्बन्ध रहन्न । तर भगवान् र आत्माको सम्बन्ध त्यस्तो होइन । त्यो सम्बन्ध त अनादि अनन्त सम्बन्ध हो भन्ने विषय चर्चा गरिएको छ ।

कविका अनुसार अनादि कालदेखि आत्मारूपी पत्नी संसारमा हराएको छ । त्यसले शरणागति गरेर ईश्वर नै मेरा पति हुन् भनी ज्ञान भएपछि मात्र उसलाई थाहा हुन्छ । अनि आत्तिएर प्रारब्ध नसकिएसम्म रहनै पर्ने शरीर छिटो भन्दा छिटो छोडेर प्रभुरूपी पतिको सन्निधिमा जान पाऊँ भन्दै मनलाई दूत बनाएर वैकुण्ठ पठाइएको छ । भगवान्ले परीक्षा लिनलाई दूतिसँग- होइन मैले जान्दिन, मलाई थाहा छैन भन्दा शरणागति हुँदा आचार्यले भगवान्लाई नै पति रूपमा वरण गरेको स्पष्ट वर्णन गरिएको छ । जस्तै -

माता मन्त्र पिताऽचार्य संप्रदाय भयो कुल ।

प्रभुका पाउमा भार्या जीव-कन्या समर्पण ॥ (सहस्रगीतिमञ्जरी, १०३ श्लोक)

कविद्वारा जीवात्मा र परमात्माको सम्बन्ध स्पष्ट पार्न रामावतार र कृष्णावतारमा भगवान्ले गरेका प्रतिज्ञाहरूको उठान गराएर सम्बन्धलाई अझ मजबुत भएको देखिन्छ । जस्तै -

सकृदेव प्रपन्नाय तवास्मीति च याचते ।

अभयं सर्वभूतेभ्यो ददाम्येतद्व्रतं मम ॥ (सहस्रगीतिमञ्जरी, १२६ श्लोक)

नायिकाले परमात्मासँगको प्रेम सम्बन्धलाई स्पष्ट पार्न विभिन्न उदाहरण दिएको कुरा कविले वर्णन गरेका छन् - जसरी कछुवाले फुल पारेर अन्यत्र जान्छ । त्यही परदेशमा रहँदा आफ्ना फूलको याद गर्दछ । त्यही यादले गर्दा फुलबाट विकसित भएर बच्चा पैदा हुन्छन् । त्यसै गरी हे नारायण तिमीले संसारी जीवलाई यो मेरो हो भनेर सम्झे मात्र पुग्दछ । संसारमा सद्ग्रन्थहरू नै पत्रिकाका रूपमा रहेका छन् । ज्ञान, शक्ति, बल, ऐश्वर्य, वीर्य, तेज सबै प्रभुमा पूर्ण रूपमा रहेका छन् । नारायण बाहेक अरु सबैमा केही न केही गुणको कमी छ । नायिका पनि एक मात्र लक्ष्मीमाता हुनुहुन्छ । त्यस्ता नित्यमा पनि नित्य नायक र नायिकालाई छोडेर

अरू नायक खोज्नु नै परममूर्खताको लक्षण हो । कमल पुष्पको रसमा आनन्दित भएको भमँरो त्यो आनन्दलाई छोडेर जसरी काँडाको झ्याङ्गमा जान सक्दैन त्यसरी नै श्रीनारायणको चरणकमलको अमृतानन्दमा रमेको प्राणी छाला, हाड, मांस आदिले बनेको त्याज्य वस्तुमा रम्न सक्दैनन् ।

यसरी मनरूपी दूति वैकुण्ठमा गएर नायक नारायणसँग संवाद गरी जीवात्मा र परमात्माको सम्बन्ध अत्यन्त दृढ बनेको छ, जहाँसम्म कि नायक नारायणले दूतिलाई फेल गराउन अनेक जटिल प्रश्न गर्दा पनि दूति चलाख भएर नवविध सम्बन्ध दर्शाएर नायकलाई नै निरुत्तर बनाएकी छिन् । नायिकाले मनलाई हे दूति तिमी त्यस वैकुण्ठ दिव्यलोकमा गएर भगवान्को दिव्य दर्शन गरेर पवित्र हुनेछ्यौ तब तिमी भगवान्का दर्शनमा यति मग्न हुनेछ्यौ कि त्यहाँबाट यस संसारमा फर्कन नसक्ने दुर्वल हुनेछ्यौ । जस्तै -

प्रभुका दृष्टिले पूता प्रभु-दर्शनले तिमी ।<br>
हुनेछ्यौ प्रभु छाडेर यता फर्कन दुर्बल ॥ (मनोदूति काव्यमञ्जरी १६५ श्लोक)

दूत बनाएर वैकुण्ठ प्रेषण गरी तिमी पनि त्यही वैकुण्ठमा नै, दूत त विना पारिश्रमिक राजाका सन्निधिमा बस्दैनन्, मलाई वेतन चाहिन्छ भन्ने कुरा नगर, किनकि प्रभुका श्री मुखकमलको दर्शन गर्न पाउनु नै सबैभन्दा ठूलो वेतन हो त्यसैले त्यही प्रभुदर्शनलाई नै वेतन सम्झी आनन्दित भई मेरो प्रतीक्षा गरेर बस । त्यसरी निरन्तर प्रभुको दर्शन गरेर रहनाले तिमी पनि निर्मल बन्नेछ्यौ । यस प्रकारको विषयवस्तुबाट कविले एकछिन स्थिर रहन नसक्ने अत्यन्त चञ्चल र सांसारिक विषयवस्तुमा भट्कने मनलाई जीवात्माले दूत बनाएर भगवान्का दिव्य स्वरूपको वर्णन चिन्तन गर्दै श्रीहरिचरणमा लगाएपछि त निश्चिन्त रूपले हरि भजन चिन्तन गरेर दिन बिताउने छ र परम शान्ति प्राप्त गर्नेछ भन्ने भाव व्यक्त गर्दै काव्यको उपसंहार गरिएको पाइन्छ ।

### ४.२.३ दर्शन

पाणिनीय दर्शन अनुसार दृशिर् प्रेक्षणे धातुबाट ल्युट् प्रत्यय भई त्यसका स्थानमा अन आदेश भएर दर्शन शब्दको निष्पत्ति हुन्छ, जसको अर्थ तत्वको यथार्थ ज्ञान गराउने साधन वा भन्ने बुझिन्छ । दर्शन पूर्वीय र पाश्चात्य गरी दुई प्रकारको, त्यस अन्तर्गत पूर्वीय दर्शन पनि आस्तिक र नास्तिक गरी दुई प्रकारको बताइएको छ । त्यसअन्तर्गत पनि नास्तिक दर्शन

चार्वाक, जैन र बौद्ध गरी तीन प्रकारको र आस्तिक दर्शन पनि न्याय-वैशेषिक, सांख्य-योग, मीमांसा-वेदान्त गरी छ प्रकारको रहेको पाइन्छ र यीसबै दर्शनका आ-आफ्ना सिद्धान्त, मान्यता र विशेषताहरू रहेका हुन्छ । यसैगरी पाश्चात्य दर्शन र  वर्तमानमा दर्शनका अनेकौं हाँगाविँगाहरू पाइन्छन् ती सबै दर्शनले आ-आफ्नो तवरबाट जीवन र जगत्को परिभाषा गर्ने गर्दछन् ।

श्रीधराचार्य स्वामीजी पूर्वीय दर्शन त्यसअन्तर्गत आस्तिक र तीमध्ये पनि वेदान्तदर्शन र त्यसका पनि अद्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत, शुद्धाद्वैत विभिन्न हाँगाविँगा रहेका छन् तीमध्ये विशिष्टाद्वैत वेदान्तदर्शनबाट बाट विशेष प्रभावित भएको पाइन्छ । यो विशिष्टाद्वैत वेदान्तदर्शन उपनिषद्, वेदान्तसूत्र, पुराण, महाभारत आदिमा रहेको भएता पनि पछिल्ले चरणमा लगभग आजभन्दा एक हजार वर्ष पहिला रामानुज स्वामीजीले यसको प्रवर्तन गर्नुभएको हो त्यसैले यस दर्शनलाई रामानुज वेदान्तदर्शन पनि भनिन्छ । रामानुज स्वामीजी श्रीवैष्णव सम्प्रदायका पनि विशिष्ट आचार्य तथा प्रवर्तक हुनुहुन्थ्यो । जसले अहिंसा, दया, ज्ञान, भक्ति, शरणागति आदिको उपदेशबाट समाजलाई सत्मार्गमा डोऱ्याउन र सम्पूर्ण प्राणीमात्रको कल्याण गर्नका लागि आफ्नो जीवन व्यतीत गर्नुभएको थियो । यसै सम्प्रदायसँग आवद्ध रहेका कारण पनि श्रीधराचार्यस्वामीजीका कृतिमा पनि विशिष्टाद्वैत वेदान्तदर्शनको प्रभाव पूर्ण रूपमा पाइन्छ, अझ भनौं स्वामीजीबाट विशिष्टाद्वैत वेदान्तदर्शनकै कुराहरूलाई नै समेटेर साहित्यिक कृतिहरूको रचना भएको पाइन्छ । विशिष्टाद्वैत वेदान्तदर्शनका अनुसार  तत्व भनेका जीवात्मा परमात्मा र मूल प्रकृति हुन् । यिनै तीन कुरालाई नै तत्वत्रय भनी विशिष्टाद्वैतदर्शनसम्मत ग्रन्थहरूमा वर्णन गरिएको पाइन्छ । जस्तै -

तत्वेन यश्चिदचिदीश्वरतत्स्वभाव

भोगापवर्गतदुपायगतिरुदारः । (यामुनाचार्य, आलवन्दारस्तोत्रम्, ४ श्लोक)

तत्वत्रयं नाम चिदचिदीश्वरश्च । (लोकाचार्य, तत्वत्रयम् ५पृष्ठ)

यी तीन बाहेक अन्य अनित्य वा नाशवान् भएकाले यिनै तत्वको विशेष ज्ञान वा परिचय जसले गराउँदछ त्यसैलाई वास्तविक रूपमा दर्शन भन्न सकिन्छ । यिनै कुराहरूको विशेष चर्चा गरिएकाले स्वामीजीका कृतिमा पूर्ण विशिष्टाद्वैत वेदान्त दर्शन रहेको छ ।

यस काव्यमा शास्त्रको प्रमाणसम्मत श्रीदेवी, भूदेवी र नीलादेवीका साथमा रहनुभएको श्रीवैकुण्ठनाथ भगवान्लाई नै परत्व स्थापना गर्दै त्यसभन्दा विपक्षका मतको खण्डन गरिएको कुरा कवि स्वयंले उल्लेख गरेका छन् ।

### ४.२.३.१ जीवात्मा र परमात्माको नवविध सम्बन्ध

रामानुज दर्शन अनुसार शास्त्रसम्मत जीवात्मा र परमात्माका साथमा नौ प्रकारका सम्बन्ध मानिएका छन्, तिनै नौ प्रकारको सम्बन्धलाई कविद्वारा दर्शाईएको छ -

पिता च रक्षकः शेषी भर्ता ज्ञेयो रमापतिः ।

स्वाम्याधारो ममात्मा च भोक्ता चाद्य मनुदितः ॥ (आचार्यसूक्ति)

| | परमात्मा | | जीवात्मा |
|---|---|---|---|
| १. | पिता | - | पुत्र |
| २. | रक्षक | - | रक्ष्य |
| ३. | शेषी | - | शेष |
| ४. | भर्ता | - | भार्या, |
| ५. | ज्ञेय | - | ज्ञाता, |
| ६. | स्वामी | - | सेवक |
| ७. | आधार | - | आधेय, |
| ८. | भोक्ता | - | भोग्य, |
| ९. | आत्मा | - | शरीर |

यसैलाई कविद्वारा यसरी पुरुषार्थ बताइएको छ -

रक्षक श्रीपिता शेषी भर्ता जान्नु नि माधव ।

स्वामी आधार भोक्तादि सम्बन्ध हरिमा नव ॥ (मनोदूतिकाव्यमञ्जरी श्लोक १५)

यहाँ रक्षक, पिता, शेषी, भर्ता, स्वामी, आधार र भोक्ता सात ओटा सम्बन्ध उल्लेख गरिएको भए पनि आदि शब्दले अन्य ज्ञेय र आत्मालाई लिइन्छ र तिनलाई पनि जोडेर नवविध सम्बन्ध बताईको छ ।

यी नवविध सम्बन्धमा भर्तृ-भार्या सम्बन्ध सबैभन्दा प्रधान भएको कुरा कविले बताइएको छन् । अन्यभावमा भन्दा पतिपत्नीभावमा विशेष प्रेम हुने भएकाले पनि सम्बन्धलाई सबै भन्दा प्रधान मानिएको हो । त्यसैगरी जीव भार्या नारी समान भएकाले जीवमा बाल, युवा र बृद्धावस्थामा सधैँ परतन्त्रता रहेको जस्तै जीवात्मा पनि सधैँ परमात्माको अधीनमा रहेको बताइएको छ । हुन त शास्त्रमा जीवात्मालाई पुरुष नै भनेर बताइएको छ -

द्वाविमौ पुरुषौ लोके क्षरश्चाऽक्षर एव च ।

क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥ (श्रीमद्भगवद्गीता, अध्याय १५, श्लोक १६)

तर भगवान्ले जीवात्मालाई पिताले पुत्रलाई जसरी, एक सखाले अर्को सखालाई, प्रियले प्रियतमालाई गरी क्षमा गर्नुहुने भएकाले जीवात्माको परमात्मासँग पतिपत्नीभावको कल्पना गरिएको हुनसक्ने आधार छ । जस्तै -

तस्मात्प्रणम्य प्रणिधाय कायं

प्रसादये त्वामहमीशमीड्यम् ।

पितेव पुत्रस्य सखेव सख्युः

प्रियं प्रियायार्हसि देव सोढुम् ॥ (ऐजन, अध्याय ११, श्लोक ४४)

यस श्लोकमा अर्जुनले भगवान् श्रीकृष्णसँग मैले हजुरालाई नमन गरेर विनम्र पूर्वक हजुरलाई प्रसन्न बनाउँछु, हजुर मलाई पिताले पुत्रलाई जसरी, सुहृद्ले सखालाई जसरी र प्रियले प्रियतमालाई जसरी क्षमा गरिदिन योग्य हुनुहुन्छ भनेर प्रार्थना गरेको पाइन्छ, त्यसैगरी भक्तहरूले भगवान्सँग विभिन्न भावहरू व्यक्त गर्ने भएकाले त्यसै अनुसार आचार्यहरूद्वारा नौप्रकारको विशेष भावको चर्चा गरिएको कुरालाई कविले पनि ती भावको विशेष चर्चा यहाँ गरेको पाइन्छ ।

कवि भन्छन् जीवात्मा र परमात्माको रथी र सारथीको जस्तो अन्योन्याश्रय सम्बन्ध रहेको छ, जसरी युद्धमा रथीविना सारथी सारथीविना रहन सक्दैन त्यसैगरी जीवात्मा र परमात्माको पनि अन्योन्याश्रय सम्बन्ध रहेको छ । सारथीले रथीको रक्षा र रथीले सारथीको पनि रक्षा गरेको हुन्छ जस्तै राजा दशरथको युद्धमा कैकेयी सारथी हुँदा उनले राजालाई रक्षा गरेकी थिइन्, प्रद्युम्नलाई दारुकपुत्रले बचाएका थिए भने रथीले सारथीको रक्षा त गरेकै हुन्छ ।

सखासखी सम्बन्धभावकै कारण भगवान् श्रीकृष्ण अर्जुनको सारथी बन्नुभएको कुरा उल्लेख गर्दै परमात्माले जीवात्माको रक्षा र कहिलेकाहीँ जीवात्माले पनि परमात्माको रक्षा गर्ने कुरा कविले बताएका छन्, जस्तै जीवात्माको रक्षा गर्नका अनेक अवतार लिएर आउनुहुन्छ, कहिले गजेन्द्रको उद्धारका लागि श्रीहरि अवतार लिएर आउनुभयो, त कहिले राम, कृष्ण, मत्स्य, कुर्म, वराह आदि अनेक अवतार लिएर जीवात्माको रक्षा गर्नुभएको छ, कहिले नृसिंह बनेर भक्त प्रह्लादको रक्षा गर्नुभयो, कृष्णावतारमा अनेक भक्तहरूको उद्धार र रक्षा गर्नुभयो, कौरवहरूको अपमानबाट आर्त द्रौपदीको रक्षा गर्नुभयो भने भगवान् अर्चावतारमा रहेको अवस्थामा आफू सर्वज्ञ सर्वशक्तिमान् भएता पनि केही पनि नजानेजस्तो, केही गर्न नसकेजस्तो बनेर भक्तको अधीनमा रहनुहुन्छ त्यस अवस्थामा भगवान्को रक्षा भक्तले गर्दछ भन्ने जीवात्मा र परमात्माको रक्ष्यरक्षकभाव सम्बन्धरूप दर्शन यहाँ प्रकट भएको पाइन्छ जस्तै

रथी-सारथी सम्बन्ध देही आत्मा समान छ ।

अन्योन्याश्रय सम्बन्ध आधाराधेय नित्य छ ॥

उपनिषद्मा पनि आत्मालाई रथी भनेर बताइएको छ-

आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु । (कठोपनिषद् अध्याय१, वल्ली ३, मन्त्र ३)

ईश्वरले सम्पूर्ण प्राणीहरूको हृदयमा बसेर सम्पूर्ण प्राणीहरूलाई शरीररूपी यन्त्रमा रहेका जीवहरूलाई घुमाउदछ भन्ने कुरा श्रीमद्भगवद्गीतामा उल्लेख गरिएको छ -

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।

भ्रामयन् सर्वभूतानि यन्त्रारुढानि मायया ॥ (श्रीमद्भगवद्गीता, ६१ श्लोक)

यस अनुसार परमात्मालाई जीवात्माको  सारथीको रूपमा मान्न सकिन्छ र जीवात्मा र परमात्मको रथी सारथी जसरी समान अन्योन्याश्रय सम्बन्ध रहेको कुरा कविले दर्शाएका छन् ।

### ४.२.३.२ अर्चिरादिमार्गको वर्णन

अनादिकालदेखि सुख खोज्दै गर्दा संसारको जन्ममरणरूपी चक्रमा घुमीरहेको जीवात्माले भगवत्कृपाद्वारा जब आचार्य, साधु, सत्पुरुषहरूको सत्संग प्राप्त गर्दछ र यस संसारबाट मोक्ष प्राप्त गर्ने इच्छा जाग्दछ त्यसपछि त्यो जीवात्मा संसारदेखि विरक्त भएर भगवत्प्राप्तिको लागि कर्म, ज्ञान, भक्ति, प्रपत्ति आदि उपाय अवलम्बन गर्दछ र प्रारब्ध सञ्चित र क्रियमाण तीन प्रकारको कर्ममध्ये प्रारब्धको भोगका माध्यमबाट, सञ्चित कर्मको प्रायश्चित्त, ज्ञान, भक्ति प्रपत्ति आदिका माध्यमबाट र क्रियमाण कर्मलाई निष्काम कर्मका माध्यमबाट निर्मूल बनाएर शरीरको अन्त्यपछि परमात्माको कृपाद्वारा जब यो जीव संसारको चक्रबाट छुट्छ र अर्चिरादिमार्ग हुँदै जन्म, मृत्यु, जरा, रोग, शोक आदिले रहित  भगवान्को वैकुण्ठलोकमा जान्छ । त्यहाँ पुगेर भगवान्को दिव्य सन्निधि प्राप्त गरी भगवान्को सेवा कैंकर्य प्राप्त गरी अनन्त आनन्दलाई प्राप्त गर्दछ । र त्यो जीव धन्य हुन पुग्दछ । (पद्मपुराण, उत्तरखण्ड, २२७ अध्याय)

यसै प्रसंगलाई समेटिएको श्रीवैष्णवसम्प्रदायमा प्रसिद्ध दुई श्लोक यस अनुसार रहेका छन् -

सत्संगाद् भवनिस्पृहो गुरुमुखाच्छ्रीशं प्रपद्यात्मवान्
प्रारब्धं परिभुज्य कर्मसकलं प्रक्षीणकर्मान्तरः ।
न्यासादेवनिरंकुशेश्वरदयानिर्लूनमायान्वयोः
हार्दानुग्रहलब्धमध्यधमनिद्वाराद्बहिर्निर्गतः ॥
मुक्तोर्चिर्दिनपूर्वपक्षषडुदङ्मासाब्दवातांशुमद्
ग्लौर्विद्युत्वरुणेन्द्रधातृमहितः सीमान्तसिन्ध्वाप्लुतः ।
श्रीवैकुण्ठमुपेत्य नित्यमजडं तस्मिन्परब्रह्मणः
सायुज्यं समवाप्य नन्दति पुमान् तेनैव धन्यः पुमान् ॥ (श्रीगुरुपरम्परा, श्रीधराचार्य यतिराज प्रकाशन, २०७०:६)

### ४.२.३.३ परमाभक्ति

अष्टाङ्गयोगले युक्त तेलको धारासदृश भगवान्को स्मृतिलाई भक्ति भनिन्छ ( श्रीनिवासाचार्य, यतीन्द्रमतदीपिका, १९३४ : ६२) । भक्तिका विभिन्न स्वरूप रहेका छन्, श्रीमद्भागवत् सप्तमस्कन्धमा प्रह्लाद चरित्रमा श्रवण, कीर्तन आदि नौ प्रकारका भक्तिको वर्णन गरिएको छ भने एकादशस्कन्धमा तामसिक, राजसिक, सात्विक र निर्गुण गरी ४ प्रकारको भक्ति बताइएको छ । त्यही भक्ति नै परिपाक अवस्थामा क्रमशः उत्तरोत्तर परभक्ति, परज्ञान र परमाभक्तिको रूपमा रहन्छ ।

कविले यहाँ त्यही परमाभक्ति अवस्थाको वर्णन गरेका छन् - जब जीवात्मा अर्चिरादिमार्गबाट भगवान्को दिव्यलोकमा पुगी भगवान्को दर्शन गरेर आनन्दित रहन्छ भन्ने शास्त्र र पूर्वाचार्यहरूले दर्शाएको कुरालाई मनन गर्दै जीवात्मारूप नायिकाका माध्यमबाट मनलाई दूतिको रूपमा कल्पना गरी अर्चिरादिमार्ग हुँदै वैकुण्ठलोकमा पठाएर त्यस मार्गको वर्णन, वैकुण्ठलोकको वर्णन, जीवात्माका नायकरूप श्रीवैकुण्ठनाथ भगवान्को दिव्यस्वरूपको वर्णन, भगवान्को दर्शन र नित्य कैंकर्य(सेवा)बाट प्राप्त हुने दिव्य आनन्दको वर्णन गर्दै मनोदूतिलाई वैकुण्ठनाथ भगवान्सँग आफ्ना भावमञ्जरीरूप सन्देश सुनाइदिन आग्रह गरिएको छ । कविले मानवेतर मनलाई मानवस्वरूप कल्पना गरी हे मनोदूति तिमी त्यहाँको त्यो दिव्य आनन्दलाई अनुभव गर्दै त्यसैलाई वेतन सम्झेर म नआउन्जेल मेरो प्रतीक्षा गरेर बस भन्ने निर्देशन गरेर आफ्नो मनलाई भगवान्मा स्थिर गराउने उद्देश्यस्वरूप विशेष प्रयत्न देखिन्छ वास्तवमा नै यहाँ दिव्य र अद्भुत भक्ति दर्शन रहेको स्पष्ट हुन्छ ।

### ४.२.३.४ श्रीवैकुण्ठनाथ भगवान् नै परतत्व र मोक्षदायक रहेको वर्णन

कविद्वारा यस काव्यको प्रारम्भमा उपोद्घातका क्रममा श्रीभूनीलादिले युक्त श्रीवैकुण्ठनाथ भगवान्को परत्व मतको स्थापना गर्दै विपक्षमतको खण्डन गरिन्छ भन्ने कुरालाई पनि सार्थक तुल्याएका छन् । परवासुदेव नारायण भगवान् नै यस संसारको जन्ममरणरूपी चक्रबाट मोक्ष दिनेवाला एकमात्र मोक्षदाता हुनुहुन्छ । किनकि अन्य देवहरूमा विभिन्न प्रकारका न्यूनताहरू रहेका छन्, कसैमा ज्ञान, कसैमा क्षमा, कसैमा, अकर्मण्यता, कसैमा दम्भ कसैमा भगवत्तत्व (ज्ञान, शक्ति, बल, ऐश्वर्य, वीर्य, तेज) आदि केही न केहीको कमी रहेकाले र सम्पूर्ण

गुणले युक्त केवल एक श्रीनारायण मात्रै भएकाले नारायण भगवान् नै परतत्व र मोक्षदाता भएको कुरा कविले पुष्टि गरेका छन् ।

### ४.२.४ भावविधान

प्रस्तुत काव्यमा विशुद्ध भगवान्को प्रेम विषय भक्तिलाई अङ्गीकार गरिएको छ । अन्य काव्यमा सामान्य मानव मानवबीचको प्रेमको वर्णन गरिएको हुन्छ भने यस काव्यमा कविले जीवात्मालाई नायिका र परमात्मालाई नायकको कल्पना गरेर अनादिकालदेखि जीवात्मारूपी नायिका परमात्मारूपी नायकसँगको वियोगले प्रतप्त भएर दुःखी हुँदै मनलाई दूतिको कल्पना गरी त्यही मनोदूतिका साथमा आफ्ना प्रेम र प्रभुप्राप्तिरूपी उत्कट चाहनारूप भावको सन्देशरूपी मञ्जरीलाई वैकुण्ठलोक निवासी परमात्मारूपी नायकका समक्ष पुऱ्याइदिन गरेको आग्रहले भगवद्भक्ति तथा प्रेमरूप भाव प्रकट भएको छ ।

मनोदूतिले जीवात्मारूपी आत्माको सन्देश परमात्मारूपी नायकका समक्ष पुर्‍याउनका लागि जाने मार्ग तथा साधनका बारेमा प्रश्न गर्दा जीवात्मारूप नायिकाले ब्रह्माण्डको सिमामा रहेको विरजा महानदी, त्यसदेखि पर रहेको दिव्य वैकुण्ठलोक र त्यहाको दिव्य सौन्दर्यको वर्णन र मनोदूतिलाई श्रीवैकुण्ठनाथको दिव्य दर्शनपश्चात् प्राप्त हुने दिव्य आनन्द एवं प्रेमको भाव परिपाक अवस्थामा पुगेको र मनोदूतिलाई परमात्माका सन्निधिमा पुगेर त्यही आनन्दलाई नै दूतको वेतन सम्झी आफ्नो आगमनको प्रतीक्षा गरेर बस्न गरेको आग्रह र अन्त्यमा मनलाई परमात्माको श्रीचरणमा स्थिर गर्ने उद्देश्य प्रकट गर्नुले भावपक्षलाई उत्कर्षमा पुर्‍याएको छ । कविले अमानव मनलाई मानवरूप कल्पना गर्नु र त्यसलाई दूत बनाई आफ्नो सन्देश पठाएर नायकको सन्निधिमा पठाई मनलाई त्यहाँ स्थिर गर्न खोज्नु आदि कुराले यस काव्यमा भाव विधान पक्ष अत्यन्त उत्कृष्ट र जीवन्त बन्न पुगेको छ जसले कविको कलाकौशलता पनि प्रकट भएको छ । समग्रमा यस काव्यको मूल भाव अनादि कालदेखि संसारको जन्ममरणरूप चक्रमा घुमीररहेका सम्पूर्ण जीवात्मारूपी नायिकाहरूले शरणागतिरूप भगवत्प्राप्तिको उपायलाई स्वीकार गरी सबैका नायकरूप श्रीवैकुण्ठनाथ भगवान्लाई प्राप्त गरी अनन्त कालीन दिव्य आनन्दको अनुभव गरुन् भन्ने रहेको छ ।

### ४.२.५पात्रविधान

पात्रका दृष्टिले पनि यस काव्यमा अन्य काव्यमा जस्तो साधारण मानवको चित्रण नभएर जीवात्मा परमात्मा आदि दैवीय, मानवीय र मानवेतर विशिष्ट पात्रको प्रयोग गरिएको पाइन्छ । यस काव्यमा 'म' पात्र जसलाई जीवात्मा र नायिकाको रूपमा केन्द्रमा राखेर चित्रण गरिएको छ । यसैगरी दैवीक पात्रका रूपमा परमात्मा नायक (वैकुण्ठनाथ भगवान्), लक्ष्मीजीको भूमिका देखिन्छ भने भूदेवी, नीलादेवी, विश्वक्सेन, सूत्रवती, गरुड, ब्रह्मा, रुद्र, वसु, रुद्र, भगवान्का भक्तहरू, आचार्यहरू  नित्यसूरिहरू, मुक्तात्माहरूको उल्लेख गरिएता पनि यी पात्रको भूमिका कमजोर देखिन्छ । कविले मानवेतर मनलाई जीवात्माको दूतिको रूपमा चित्रण गरी मनलाई पनि पात्रको भूमिका दिनु पात्रविधानको दृष्टिले विशेष मान्न सकिन्छ । यस काव्यमा चलभन्दा स्थिर पात्रहरूमात्र रहेका छन् र पुरुष मुख्य पात्रको नायक वैकुण्ठनाथ भगवान्लाई राखिएको छ भने नायिका(जीवात्मा) र मनलाई पनि स्त्रीपात्रको रूपमा चित्रण गरिएको पाइन्छ । नायिका, मनोदूति र परमात्माको संवादको रूपमा रहेको छ । यहाँ विशेष गरेर नायिकाले मनलाई दूतिको रूपमा परमात्मासमक्ष पठाएर परमात्माको दर्शन, चिन्तन गर्दे मनलाई त्यहीँ नै स्थिर गराउने प्रयास गर्नु 'म' पात्र(नायिका)को उद्देश्य रहेको पाइन्छ ।

### ४.२.६ छन्द

यस मनोदूति काव्य मञ्जरी ग्रन्थमा १६८ श्लोक छन् । यिनमा १५८ श्लोक अनुष्टुप् छन्दमा छन् । अनुष्टुप् छन्दका प्रत्येक श्लोकमा चार पाउ, प्रत्येक पाउमा आठ आठ अक्षर रहेकाले प्रत्येक श्लोकमा ३२ अक्षर रहेका छन् । अनुष्टुप् छन्दका सम्पूर्ण श्लोक छन्दको नियम अनुसार नै रहेका छन्, कहीँ पनि छन्दको नियम भंग भएको पाइएको छैन । कविले अन्त्यानुप्रासीय मोह राखेका छैनन् ता पनि कहीँ कहीँ स्वतः स्फूर्त रूपमा अन्त्यानुप्रासको प्रयोग भएको पाइन्छ ।  ८१ औं श्लोक उपेन्द्रवज्रा छन्दमा संरचित छ । १३८ देखि १४२ सम्म ५ श्लोक पञ्चचामर छन्दमा विरचित छन् । १५० औं श्लोक वसन्ततिलका छन्दमा छ र संस्कृत शब्दावलीमा छ । १५२ र १५३ पनि वसन्ततिलकामा नै रचिएको छ र संस्कृत शब्दावलीमा नै रहको छ भने १५४ औं श्लोक वंशस्थ छन्दमा छ । कविले १०८ र १५८ औं श्लोक प्रसङ्गवश गीताबाट र १२५ औं श्लोक वाल्मिकीय रामायणबाट संस्कृतमा नै उद्धरण गरेका छन् ।

काव्यमा छन्दका कारणले भावमा र भावका कारणले तथा बीचबीचमा राखिएका संस्कृतका उद्धरणले पनि छन्दमा कुनै असर परेको देखिँदैन त्यसैले समग्रमा कविले विशेष अनुष्टुप् छन्दलाई र अन्य छन्दलाई पनि आवश्यकता अनुसार प्रयोग गर्न सक्ने क्षमता रहेको पुष्टि हुन्छ ।

**४.२.७ अलङ्कार विधान**

प्रस्तुत काव्यमा कविले काव्यिक भावलाई अभिव्यक्त गरी मूर्त रूप दिने क्रममा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग भएका पाइन्छ । उपमा, दृष्टान्त, रूपक आदि अलङ्कार विभिन्न अप्रशस्त छन् ।

शब्दालङ्कारको प्रयोग

शब्दका माध्यमबाट काव्यमा चमत्कार हुने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ (शर्मा, लुइटेल, पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, २०६७ : ६२) । यस अनुसार यस काव्यमा अत्यन्त न्यून ठाउँमा मात्र शब्दालङ्कारमध्ये अन्त्यानुप्रास, वृत्यनुप्रास आदिको प्रयोग भएकाले जसलाई कविले चाहेर भन्दा पनि स्वतःस्फूर्त रूपमा भएको मान्न सकिन्छ, किनकि कविले शब्दलाई भन्दा भावलाई विशेष प्राथमिकता दिएका छन् ।

अन्त्यानुप्रास

सारथी रथीको रक्षा रथी सारथिको पनि ।

परस्पर दुवै गर्छन् सखा प्रेमी दुवै बनी ॥ (मनोदूति काव्यमञ्जरी, श्लोक २१)

यहाँ पनि र बनीको अनुप्रास मिलेको छ ।

वृत्यनुप्रास

सुलक्षण चतुर्वाहु किशोरी पद्मलोचना ।

पद्मानना पद्मकरा पद्मनाम-प्रिया बरा ॥ (मनोदूति काव्यमञ्जरी, श्लोक ८४ )

यहाँ प् वर्णको पटक पटकको पुनरावृत्तिले वृत्यनुप्रास अलङ्कार रहेको छ ।

अर्थालङ्कारको प्रयोग

अर्थका माध्यमबाट काव्यमा चमत्कार हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ (ऐजन : ६६) । यस अनुसार यस काव्यमा विभिन्न ठाउँमा उपमा, दृष्टान्त, रूपक आदि अलङ्कारको प्रयोग भएको पाइन्छ ।

दृष्टान्त तथा उपमालङ्कारको प्रयोग

अस्वतन्त्र सदा जीव छैन स्त्रीमा स्वतन्त्रता ।
नारी समान यो जीव सँधै भार्या सधर्मी छ ॥ (मनोदूतिकाव्यमञ्जरी श्लोक १९)

जसरी स्त्री बाल अवस्थामा बुवा आमाको अधीनमा रहन्छिन्, युवावस्थामा पतिको र बृद्धावस्थामा पुत्रका अधीनमा रहन्छिन्, जसमा स्वतन्त्रता छैन त्यसै गरी जीवमा पनि स्वतन्त्रता छैन । नारीका समान जसरी पत्नी पतिका परतन्त्र रहन्छिन् त्यसै गरी जीवात्मारूपी पत्नी पनि भगवान्रूपी पतिको परतन्त्र रहन्छिन् । यहाँ उपमा र दृष्टान्त दुवै अलङ्कार झल्किएको पाइन्छ ।

सुधा सरी श्री प्रभुका सुपाउमा
रमी सकेको मन जान्छ के कहाँ ।
सुधा सरी पद्म विलीन षट्पद
रमाउला कण्टक वृक्षमा किन ॥ (मनोदूतिकाव्यमञ्जरी श्लोक १५४)

यस श्लोकमा सरी वाचक पद, सुधा उपमान र भगवान्का पाउलाई उपमेय बनाइएको छ, जस अनुसार उपमा अलङ्कार झल्किएको छ भने भगवान्का श्रीचरणरूप पाउमा रमेको मन त्यसलाई छाडेर अन्त जान सक्दैन, जसरी कमलको रसपानमा लीन भएको भ्रमर त्यसलाई छाडेर अन्य कण्टक पुष्पमा किन रमाउन सक्ला र भन्ने दृष्टान्तको प्रयोग भएकाले यस श्लोकमा दृष्टान्त र उपमा अलङ्कार प्रयोग भएको छ ।

यसैगरी उपमा अलङ्कार प्रयोग भएको अर्को पद्य-

ऐनाझैं चम्किला गाला लामा छन् कान मत्स्यझैं ।

तिलपुष्प सरी नाक अनङ्ग-धनु भ्रूलता ॥ (मनोदूतिकाव्यमञ्जरी श्लोक ८०)

यहाँ गालालाई ऐनाको, कानलाई मत्स्यको, नाकलाई तिलपुष्पको र आखीभौँलाई कामदेवको बाणको उपमा दिइएको छ ।

रूपक अलंकारको प्रयोग -

माता मन्त्र पिताऽचार्य संप्रदाय भयो कुल ।

प्रभुका पाउमा भार्या जीव-कन्या समर्पण ॥ (मनोदूतिकाव्यमञ्जरी श्लोक १०२)

यहाँ उपमान उपमेय स्वरूप माता र मन्त्रमा, पिता र आचार्यमा सम्प्रदाय र कुलमा, जीव र कन्यामा अभेद सम्बन्ध देखाइएकाले रूपक अलङ्कारको प्रयोग भएको छ । यसैगरी सादृश्य धर्ममूलक, अन्योन्य, अध्यवसायमूलक, अप्रस्तुत प्रशंसा, भावोदय आदि अलङ्कार यस काव्यमा प्रयोग भएको पाइन्छ ।  अलङ्कारका दृष्टिमा यो काव्यले उत्कृष्ट स्थान प्राप्त गर्न सक्षम छ ।

### ४.२.८ बिम्ब र प्रतीक

बिम्बले काव्यलाई माझेर अति उज्ज्वल बनाउने काम गर्दछ । यहाँ स्मृति, कल्पना, दृश्य, अतिसंस्लिष्ट आदि बिम्बको राम्रो प्रयोग भएको छ । जस्तै :-

ऐना झैं चम्किला गाला लामा ती कान मत्स्य झैं ।

तिलपुष्प सरी नाक अनङ्ग धनु भ्रूलता ॥ (मनोदूतिकाव्यमञ्जरी श्लोक ७९ )

यहाँ ऐना, मत्स्य, तिलपुष्प, अनङ्ग आदि बिम्बका रूपमा आएका छन् ।

रसको कूप झैं मानौं चिउँडो अति सुन्दर ॥ (मनोदूतिकाव्यमञ्जरी श्लो. ७८  पृ.१७)

यहाँ ‘कूप’ बिम्बको रूपमा आएको छ । यो मनोदूति काव्य मञ्जरी वीरताको प्रतीकको रूपमा देखिन्छ । परतन्त्र भएको आत्माले एउटा चेतन मनलाई सर्वसमर्थ नारायणको परमपद वैकुण्ठ, जहाँ भगवद् कृपा विना योगीहरू पनि जान असमर्थ छन् । त्यस्तो वैकुण्ठमा पठाउन हिम्मत गरेर पठाएको देखिन्छ । वैकुण्ठ पुगेर सर्वसमर्थ भगवान्सँग वार्ता गरेर नायिकाको यथार्थ दशालाई प्रकट गरेको प्रसङ्गबाट नायिका र दूति दुवै वीरताका प्रतीक हुन् भन्ने ग्रन्थले नै स्पष्ट गरेको छ । (रिजाल, श्रीधराचार्य स्वामीज्यूको जीवनी व्यक्तित्व र कृतित्व, २०७१ : ७२) ।

### ४.२.९ रसविधान

यस कृतिमा प्रयुक्त भगवान् अनुभव एवं भक्तिरूप जुन विशिष्ट रस छ त्यसले अन्य सम्पूर्ण रसहरूलाई फिकासरह बनाएको छ । यसका साथै शृङ्गार, अद्‌भुत, शान्त रसको प्रयोग यस काव्यमा पाइन्छ । श्रीनारायणको चरणकमलको मकरन्द रस नै वास्तविक रस हो । उनै नारायणमा सबै रसहरू समाहित छन् । यस काव्यमा भक्तिरस नै मुख्य रसको रूपमा प्रयोग भएको पाइन्छ ।

श्रीअङ्ग स्पर्शले हर्ष रोमाञ्च-स्मित श्रीमुखी ।
पाणिमा लालिमा युक्त पद्मपुष्पादि धारिणी ॥ (मनोदूतिकाव्यमञ्जरी श्लोक १८)

यहाँ पद्मावतीको शृङ्गारको वर्णनको साथमा शृङ्गार रसको प्रयोग भएको छ । त्यस्तै वीर रसको उदाहरण :

जसका तर्जनी-त्रस्त ब्रह्मा रुद्रादि देवता ।
आ-आफ्ना कार्यमा ज्यादै प्रेमले अति तत्पर ॥ (मनोदूतिकाव्यमञ्जरी श्लोक ९१)

यहाँ विश्वक्सेनको वीरताको वर्णनबाट वीररस प्रकट भएको छ र वीभत्स रस पनि मिसिएको पाइन्छ ।

प्रभुका दृष्टिले पूता प्रभु दर्शनले तिमी ।
हुनेछ्यौ प्रभु छाडेर यता फर्कन दुर्बल ॥ (मनोदूतिकाव्यमञ्जरी श्लोक१६४)

यहाँ करुण रसको झल्को आउँछ । कविले यसरी मनोदूति काव्य मञ्जरीमा धेरै रस प्रयोग गर्नुभएको छ र ती रसहरू भगवद् परक नै रहेका छन् ।

### ४.२.१० भाषाशैली

प्रस्तुत काव्यमा कविले प्रयोग गरेको भाषाशैली शब्दचयनको शैली हृदयस्पर्शी भएको कुरा स्वयं ग्रन्थले नै भन्दछ । थोरै शब्दमा धेरै कुरा अटाउन सक्नु नै मुख्य शब्द चयनको वैशिष्ट्य हो । बीच बीचमा संस्कृतका शब्दले पनि अझ सुन्दरतामा सुगन्ध फैलाएको छ । जस्तै :

सहस्रगीति वेदान्त श्री शठारि चरित्रको ।
भावमा भावना राखी मनो-दूति प्रसङ्ग छ ॥ (मनोदूतिकाव्यमञ्जरी श्लो. १० पृ. ५)

शोधनायक संस्कृत भाषाका मर्मज्ञ भएको हुनाले प्रसङ्गवश संस्कृत शब्दहरूको प्रयोग गर्नुभएको छ र त्यसै कारणले यहाँ अत्यन्त मीठास छाएको पाउनु यसको सकारात्मा पक्ष हो भने संस्कृत तथा वेद वेदान्तका एवं सम्प्रदायसम्बद्ध पारिभाषिक भाषा, शब्द तथा पद पदावलीहरूको प्रयोगले त्यससम्बन्धी प्राथमिक ज्ञान नभएका जनहरूका लागि भने क्लिष्टप्रायः हुन सक्छ ।

## ४.३ 'कल्याणकारी साधना गरौँ' कविताको अध्ययन

### ४.३.१ परिचय

श्रीधराचार्य स्वामीजीद्वारा यो 'कल्याणकारी साधना गरौँ' कविताको प्रकाशन वि.सं. २०५५ जेठ २७ मा भएको पाइन्छ (रिजाल, श्रीधराचार्य स्वामीज्यूको जीवनी व्यक्तित्व र कृतित्व, २०७१ : ७३) । । यस कवितामा नौ श्लोक छन्, कविता शार्दूलविक्रीडित छन्दमा रचिएको छ । यस कवितामा कविले शास्त्रहरूको सारलाई उद्धृत गरी सम्पूर्ण मानवमात्रलाई कल्याणकारी मार्ग अपनाउनका लागि आग्रह गरिएको छ ।

### ४.३.२ शीर्षक

शीर्षकलाई  कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक सङ्केत वा उद्घाटक समेत हो (त्रिपाठी,  नेपाली कविता भाग ४, २०६०,१७) यस अनुसार यस कविताको शीर्षक सार्थक देखिन्छ । शीर्षकले कविताको सारभूत संकेतलाई उद्घाटन गरेको ।

### ४.३.३ संरचना

संरचना भन्नाले कविताको आकृति र बनावट भन्ने बुझिन्छ । कविताको बाहिरी कलेवर कति आयाममा विस्तारित छ साथै यसको आन्तरिक बनावट के-कस्तो छ भन्ने कुराको अध्ययन संरचनामा गरिन्छ । आन्तरिक र बाहय गरी संरचना दुई प्रकारको हुने गर्दछ । यस कवितामा नौ श्लोक रहेका छन् । प्रत्येक श्लोकमा ४ पाउ रहेका छन् । आन्तरिक संरचना हेर्दा यहाँ सिधै कविकथन रहेको छ । गरौँ, बनौँ आदिको आग्रहमय शब्दको पटक-पटक पुनरावृत्ति भएकाले यहाँ वृत्तीय संरचना छ भन्न सकिन्छ । साथै भाषशैलीले भावविचारका साथै अन्तर्लय तथा रूपतत्वलाई समेत गतिमय बनाइएको छ ।

### ४.३.४. लयविधान

शास्त्रीय शार्दूलविक्रिडित छन्दमा रचना गरिएका यस कविताका प्रत्येक श्लोकमा ४ पाउ छन भने प्रत्येक पाउमा १९ अक्षर रहेका छन्, छन्दको नियम अनुसार नै पहिलो र दोश्रो विश्राम छैठौँ र बाह्रौँ अक्षरमा रहेको छ भने १९ अक्षरमा तेस्रो विश्राम रहेको छ । पंक्तिगत स्तरमा अन्त्यमा कहिँ कहिँ अनुप्रासीयता रहेको छ । समग्रमा लयात्मक श्रुतिरम्यता यस काव्यमा रहेको छ ।

### ४.३.५ भाषाशैली

यस कविताको भाषाशैली ललित, रागात्मक र लयात्मक पद र पदावलिको प्रयोग भएको पाइन्छ जस्तै -

केवल देह बचाई श्रीपतिभजन् लायक् सुभिक्षा गरौँ

मीठा वस्तु नखोजी दैववश जो पाइन्छ सन्तोष गरौँ । (कल्याणकारी साधना गरौँ, श्लोक ५)

संस्कृतका र त्यसमा पनि वेदान्तका पारिभाषिक शब्दहरू स्वामीजीको कृतिमा रहेका छन् ।

### ४.३.६ कथनपद्धति

यस कवितामा कविले स्वयंले भावकप्रति सत्शास्त्रको स्वाध्याय, सत्संग तथा सत्कार्यहरू गरेर आफ्नो कल्याणको मार्ग अवलम्बन गर्न आग्रह गरेका छन् जस अनुसार यहाँ तथा प्रथमपुरुष कथनपद्धति रहेको पाइन्छ ।

### ४.३.७ भावविधान

सबैले शास्त्रको अभ्यास गरी शास्त्रोक्त काम करले नभै कैकर्य भावले गरौं । आशा रहित भएर शास्त्रविधिले लक्ष्मीनारायणको सेवा गर्न, सांसारिक सुख दुःखदायी हुन्छ त्यसैले वैराग्य लिँदै पापको प्रायश्चित गर्न र आत्मा के र कस्को हो ? यही प्रश्नको उत्तर प्राप्त गर्न घरको जञ्जाललाई विस्तारै तोड्दै श्रीहरिको भजन गर्न, सज्जनको संगत गर्न, लक्ष्मीशमा भक्ति गर्न, जीव र ईश्वरको सम्बन्ध जान्न, शास्त्रोक्त साधनको उपयोग गर्नुपर्दछ । जसरी हामी आफ्ना लागि अहित सोच्दैनौँ त्यसैगरी अरूको पनि अहित नसोची हितचिन्तक बन्न र विज्ने वचन कहिल्यै कसैलाई पनि नबोल्न कविद्वारा आग्रह गरिएको छ । श्रीनारायणको ध्यानले संसार सागर पार तरेर श्रीदिव्यधाम वैकुण्ठमा पुगी नित्य श्रीहरिको

कैंकर्य सेवा गर्दै ब्रह्मानन्दमा मग्न अनन्त सूरिहरूको साथमा रहेर भगवान्को नै दर्शन गरी जीवन अर्पण गर्ने चेष्टा गरौँ भनी सबैलाई आग्रह गरेका छन् । यसरी मानवमात्रको वास्तविक जीवनचर्यालाई सुधार्ने प्रयास गर्न गराउन भावले श्रीधराचार्य स्वामीजीद्वारा यो कविता रचना गरिएको पाइन्छ ।

### ४.३.६ **शिल्पशैली**

हरिबाट प्राप्त हुने ब्रह्मानन्द सबैले मिलीजुली उपभोग गरौं भन्ने भाव प्रकट भएको छ । शब्दालङ्कारका दृष्टिले शब्दहरू अन्त्यानुप्रास प्रायः मिलेका छन् । शब्दहरू सरल भइकन सरस पनि छन् । शान्त रसको बाहुल्यता छ र कतै वीर, अद्भुत रसको पनि झल्को देखिन्छ । सरल भाषा प्रयोग गरिएको छ । अभिधार्थक शब्दहरू प्रयोग भएका छन् । रहस्य विषयक प्रसङ्गहरू पनि समावेश छन् । सबै सुखी रहुन्, सबैले आनन्द प्राप्त गरुन्, सबै रोग रहित बनेर जीवन जीऊन्, आचरण सुधारून् यस भावमा यो कविता रचना गरिएको हो । कविले सबैलाई शिष्ट, सभ्य, निष्पाप बनाउने प्रयत्न गरेका छन् । जसरी मानव जीवनको सफलतालाई उच्च शिरखमा पुऱ्याउन स्वामीजीबाट 'कल्याणकारी साधना गरौं' नामक कविता रचना भएको छ त्यसरी व्यवहारमा उतार्न सक्ने हो भने मानव कल्याण र भगवत्प्राप्ति निश्चित छ ।

साथै कविद्वारा वैराग्य मार्ग बढाउने र कुकृत्यबाट निवृत्त भई श्रीहरिको शरणागति हुने सरल मार्गलाई पुष्टि गरेका छन् भने सबैले सुखमय जीवन जीउन सकून् र हरिचिन्तन गर्न सक्ने शक्ति प्राप्त गरून् र हरिबाट प्राप्त हुने अनन्त ब्रह्मानन्द प्राप्त गर्न सकून् वा सकौं यही आशाका साथमा कवितालाई उपसंहार गर्दछ गरिएको छ

## ४.४ **निष्कर्ष**

श्रीधराचार्य स्वामीजीका लेखहरू सबै भगवच्चरणमा अनुराग वृद्धि गर्ने वाला छन् । स्वामीजीको नेपालीमा मात्र नभएर संस्कृत वाङ्मयमा पनि राम्रो कलम चलेको देखिन्छ । 'मनोदूति काव्यमञ्जरी'मा मनलाई नै दूत बनाएर वैकुण्ठ प्रेषण गरिएको छ । भगवान्का कल्याण गुणको विशिष्ट वर्णन प्रत्येक छवि र अङ्ग आभूषणको वर्णन, मनरूपी दूति र परमात्माको संवाद तथा अनेक शिल्पशैली पनि राखिएको छ । यसै गरी 'कल्याणकारी साधना गरौं' को विश्लेषण गरिएको छ । मानिसले आफ्नो जीवन सुमधुर तरिकाले जिउनको लागि अँगाल्नै पर्ने विषयहरू प्रतिपादन गरिएका छन् ।

नेपाली साहित्यमा स्वामीजीको योगदानको चर्चा गर्दै निष्कर्षमा पुगिएको हो । स्वामीजीका कृतिहरू नेपाली साहित्यिक समाजका लागि अथाह छन् । ग्रहण गर्ने पात्रको कमीको महसुस हुन्छ । साहित्य र धर्मको क्षेत्रलाई समेटेर रचना अघि बढेको पाइन्छ । संसारबाट तीव्र वैराग्यका कारणले नै कृतिहरू उत्कृष्ट बनेका छन् ।

## पञ्चम परिच्छेद

# सारांश तथा निष्कर्ष

### ५.१ सारांश

वि.सं. १९९७ साल श्रावण ८ गते बाग्लुङ जिल्ला, कुँडुले फेदी निवासी ज्योतिष पं. भूमिश्वर उपाध्याय पौडेल र खगेश्वरी उपाध्याय पौडेलका कनिष्ठ पुत्रको रूपमा जन्मिएका श्रीधराचार्य स्वामीजीको न्वारनको नाम सोमनाथ पौडेल हो । 'हुने विरुवाको चिल्लो पात' भने झैं सोमनाथको पनि बाल्यकालदेखि नै भगवान् प्रतिको भक्ति, सेवाभाव आदि गुणहरू रहेको पाइन्छ । स्वामीजीको बाल्यावस्था धार्मिक र आध्यात्मिक वातावरणमा पाइन्छ ।

आठ वर्षको उमेरमा विधिपूर्वक व्रतबन्ध (उपनयन) संस्कार सम्पन्न भई म्याग्दीको रत्नेचौर र बाग्लुङको रातामाटामा वेद, अमरकोश, हितोपदेश आदि अध्ययन गर्दै पर्वतको नाग्लिवाङ्गमा स्थित कर्मनिष्ठ वैष्णवाचार्य शालिग्रामचार्य स्वामीजीबाट वैष्णवदीक्षा दिएर "श्रीधर" नामाकरण गरिदिनुहुन्छ । श्रीधराचार्य स्वामीजीले आफ्ना गुरुलाई छोटो समयमा नै प्रसन्न पारेर व्याकरण श्रीमद्भागवत आदि ग्रन्थको अध्ययन गरी १२ वर्षमा श्रीमद्भागवत महापुराणको मार्मिक सारगर्भित ओजस्वी प्रवचनबाट समाजलाई मन्त्रमुग्ध बनाउन सफल भएको पाइन्छ । त्यसैक्रममा बाग्लुङको भान्सा निवासी लक्ष्मीपति आचार्यले आफ्नी छोरी भागवतीसँग श्रीधराचार्य स्वामीजीको विवाह हुन्छ । १२ वर्षमा नै विवाह भएपनि उच्च शिक्षा रोकिएन । स्वामीजी वि.सं. २०१५ सालमा अयोध्या हुँदै वृन्दावन गएर श्री शुकाचार्य स्वामीजीबाट पञ्चसंस्कार पूर्वक श्रीवैष्णव दीक्षा ग्रहण गरी व्याकरण श्रीमद्भागवत, श्रीमद्वाल्मिकीय रामायण, महाभारत जस्ता ग्रन्थहरू अध्ययन गर्दै व्याकरण विषयबाट परीक्षा प्रणालीलाई अँगाल्दै जाँदा २०२० मा पूर्वमध्यमा (एस्.एल.सी.) उत्तीर्ण गरेको र आफ्ना आचार्य श्रीशुकाचार्य स्वामीजीबाट व्यास पदले विभूषित भएको पाइन्छ । त्यसपछि अयोध्याबाट उत्तरमध्यमा ( आइ.ए.) सम्पन्न गरेर नेपाल आएपछि २०२२ मा २५ वर्षको उमेरमा तत्कालीन अतिविकट मुक्तिनाथ र दामोदर कुण्डको यात्रा र भगवत् प्राप्तिको कठोर साधना गरेको पाइन्छ । स्वामीजी अयोध्यामा रहेका बेलामा नै दुई छोरी र एक छोरा गरी तीन सन्तान हुन्छन् ।

स्वामीजी इतिहासपुराण, धर्मशास्त्र, शांकरवेदान्त, साहित्य, व्याकरण र रामानुज वेदान्त ६ ओटा विषयमा आचार्य गरी षडाचार्य पदले विभूषित भएको पाइन्छ । स्वामीजीले २०३२ साल भित्रै न्याय, गूढ वेदान्त विषयहरू दिव्य प्रबन्धहरू कर्मकाण्ड, उपनिषद्‌हरू, रामानुज साम्प्रदायिक ग्रन्थ क्रमशः श्रीशुकाचार्य स्वामीजी, खोर्सानाका महात्मा, श्रीअण्णङ्गराचार्य स्वामीजी र श्रीगोपालालचार्य स्वामीजीसँग रहस्य ग्रन्थहरूको गूढ अध्ययन गरेको पाइन्छ ।

औपचारिक अध्ययन पश्चात् स्वामीजी नेपाल फर्केर नेपालका तीर्थस्थलहरूलाई वास्तविक पवित्र तीर्थ बनाउने, विशेष गरेर मुक्तिनाथ र दामोदर कुण्डलाई विश्वभर चिनाउने, धर्म प्रचार गर्नको लागि विद्यालयहरू खोलेर धेरै विद्यार्थीहरूलाई धर्म प्रचारमा अग्रसर बनाउने आदि कार्य गरेको पाइन्छ । सांसारिक विषयबाट विस्तारै वैराग्यको खुड्किलो चढ्दै जाँदा २०४८ मा वानप्रस्थाश्रम, वि.सं. २०५२ जेष्ठ २८ गते पञ्चासेमा श्रीशठकोप यतिराज रामानुजजीयर (श्रीपराङ्कुशाचार्य) स्वामीजीबाट सन्यासाश्रम ग्रहण गरी श्रीनिवास मुक्तिनारायण रामानुज जीयर स्वामीजीका नामले परिचित भएका स्वामीजीले चतुर्थ आश्रममा गएपछि नै धेरै साहित्यिक ग्रन्थहरूको रचना गरेको पाइन्छ । अन्तमा सबै विषय प्रपञ्चबाट निवृत्त भएर सेवकको रूपमा सानो बालक ऋषिलाई साथमा लिई २०५६ वैशाखमा श्रीलक्ष्मीनृसिंह गुफा ढोडेनीमा तपस्यारत भएर सांसारिक जनसंपर्कबाट अलग हुँदै आफ्नो जीवनलाई भगवान्‌मा नै समर्पण गरेको पाइन्छ । यसै क्रममा २०५६ कार्तिक १९ गते बिहान १० बजे अर्चकबाट भगवान्‌को तीर्थ ग्रहण गरेर आफूलाई लिन आचार्यहरू आउनुभएको कुरा अर्चकलाई बताउँदै सुषुम्ना नाडी भेदन गरी स्वामीजी परमपद भएको पाइन्छ ।

काव्ययात्राको सम्बन्धमा श्रीधराचार्य स्वामीजीद्वारा २०२१ सालदेखि नै कविताहरू लेखन प्रारम्भ गरिएको भन्ने पाइएतापनि (रिजाल, श्रीधराचार्य स्वामीज्यूको जीवनी व्यक्तित्व र कृतित्व, २०७१ : ५६) प्रकाशनका आधारमा २०३४ सालमा 'हिन्दू धर्ममा प्रपत्तियोग' लेख प्रकाशन गरेर साहित्य क्षेत्रमा प्रवेश गरेको पाइएतापनि २०३८ सालमा रामानुज नुतन्तादि र उपदेश रत्नमालाको नेपाली भाषामा पद्यानुवाद गरेर काव्य क्षेत्रमा प्रवेश भएको मान्न सकिन्छ । यसपछि कविले संस्कृत भाषामा नै विभिन्न स्तोत्र, प्रार्थनाहरूको रचना एवं संस्कृतमा रहेका स्तोत्र तथा भक्तिग्रन्थहरूको नेपाली भाषामा पद्यानुवाद भएको पाइएको छ । मौलिक रचनाका हिसाबले २०५० सालमा सहस्रगीतिमञ्जरी नामक भक्तिगीति काव्यको रचना गरेर काव्यक्षेत्रमा

आगमन भएको पाइन्छ र आकारका हिसाबले यही काव्य नै कविको सबैभन्दा ठूलो कृति हो । यसको प्रकाशन भने २०६७ सालमा मात्र हुन सकेको पाइन्छ । त्यसपछि ०५३ गोदा सप्ताशती नामक कृतिको रचना भएको पाइन्छ भने यो कृतिको प्रकाशन अहिलेसम्म पनि हुन सकेको छैन । २०५५ सालमा कल्याणकारी साधना गरौँ कविताको लेखन तथा प्रकाशन पनि र २०५६ सालमा मनोदूति काव्यमञ्जरी (खण्डकाव्य)को रचना भएको पाइन्छ भने यो कृतिको प्रकाशन २०६२ सालमा भएको पाइन्छ र यो कृति नै कविको अन्तिम कृति पनि हो । आफ्नै जीवनकालमा प्रकाशन गर्ने प्रयास गरेपनि सो कार्य भने पूरा हुन सकेको पाइँदैन ।

स्वामीजीका यी कृतिहरूको अध्ययन गर्दा स्वामीजीको काव्ययात्रालाई (क) प्रथम चरण - (२०३८-२०४९), ख) द्वितीय चरण - (२०५० - २०५५सम्म), (ग) तृतीय चरण - (२०५६) तीन चरणमा विभाजन गर्न सकिन्छ । प्रथम चरणमा अनुवादहरू र संस्कृत श्लोकहरू रचना भएका छन् भने दोस्रो चरणमा सहस्रगीतिमञ्जरी र गोदासप्तशती भक्तिकाव्य तथा कल्याणकारी साधना गरौँ कविताको रचना भएको पाइन्छ । लोकलयको मोह, प्राथमिक कालीन ज्ञानधारा, भक्तिधाराको उजागर गर्नुका साथै नेपाली साहित्यमा प्रपत्तिमार्गको वर्णनका साथ नयाँ आयामको थप गर्दै र साहित्यमा भक्ति, ज्ञान, वैराग्यको संगम, मानवीय कर्तव्यबोध एवं समाजसुधारको सन्देश पाइन्छ । तेस्रो चरणमा कवि भक्तिको पराकाष्ठा (परमा भक्ति)को स्वरूपलाई परिपाक काव्यात्मक कृतिको रूपमा उतार्न सफल भएको पाइन्छ ।

श्रीधराचार्य स्वामीजीका लेखहरू सबै भगवच्चरणमा अनुराग वृद्धि गर्ने वाला छन् । नेपालीमा मात्र नभएर संस्कृत वाङ्मयमा पनि राम्रो कलम चलाएका स्वामीजीको 'सहस्रगीति मञ्जरी' विशाल र उत्कृष्ट ग्रन्थ हो । यो ग्रन्थ १०० दिनमा पूर्ण भएको हो । यस काव्यमा तत्वत्रय, अर्थपञ्चक आदिको वर्णन गरिनुका साथै यो काव्य ज्ञान, भक्ति, ज्ञान, वैराग्य र साहित्यिक गुणले भरिपूर्ण छ । यसैगरी जीवात्माको र परमात्माको नवविध सम्बन्धको वर्णन, प्रपत्तिमार्गको वर्णन, ब्रह्मानन्दको स्मरण, भगवान्का सौशील्यादि गुणको वर्णन, भगवान्को भक्तरक्षाँको प्रतिज्ञा, मानवमात्रको पुरुषार्थको वर्णन, नारायण भगवान्को परत्व, श्रीराम चरित्र, प्रह्लाद, ध्रुव, शवरी आदि भक्तको चरित्रवर्णन, पराभक्तिको वर्णन आदि विषयका साथ उद्देश्य, भाव, शैली आदि विधातात्विक आधारमा सहस्रगीति मञ्जरी काव्यको विश्लेषण यस काव्यमा गरिएको छ ।

स्वामीजीको अर्को प्रसिद्ध काव्य 'मनोदूति काव्य मञ्जरी'मा जीवात्मा र परमात्माको नवविध सम्बन्ध, जीवात्मारूपी नायिकाले मनलाई दूति बनाएर वैकुण्ठलोक निवासी परमात्माका साथ आफ्ना भावका सन्देशरूपी मञ्जरी पठाएको भाव व्यक्त भएको छ भने 'कल्याणकारी साधना गरौं' कवितामा कविद्वारा सम्पूर्ण मानवलाई मानवीय कर्म इमान्दारिता, दया, अहिंसा आदि भावना राख्दै यस लोकमा र परलोकमा पनि आफ्नो कल्याण हुने कार्य गर्नका लागि अनुरोध गरिएको छ ।

### ५.२ शोधनिष्कर्ष

समग्रमा भन्नुपर्दा स्वामीजीले आफ्नो सम्पूर्ण जीवन नै मानवमात्रको कल्याण, समाजसेवा, धार्मिक जागरण, आध्यात्मिक उन्नति आदि कार्यमा अर्पण गरेको पाइन्छ । स्वामीजीले गरेका धार्मिक, सामाजिक तथा आध्यात्मिक जागरणसम्बन्धी कार्य र नेपाली साहित्यको सेवा देश विदेशमा नै प्रसिद्ध छ । नेपाली साहित्यका क्षेत्रमा स्वामीजीका कृतिहरू संख्याका हिसावले कमी भएपनि विषय गम्भीरताका हिसाबले अथाह रहेका छन् । स्वामीजीका साहित्यिक एवं सामाजिक कृतिलाई संरक्षण गर्ने र आत्मसात् गर्ने पात्रको कमीको महसुस हुन्छ । स्वामीजी साहित्यिक क्षेत्रमा समग्र मानवमात्रको आध्यात्मिक उन्नतिको मार्गलाई समेटेर अघि बढेको पाइन्छ । यसै उदारभावका कारणले नै स्वामीजीका कृतिहरू उत्कृष्ट भएका छन् । स्वामीजी २०२१ सालदेखि साहित्य सिर्जनामा लागेको भनिएको पाइएतापनि उपलब्ध कृतिका हिसाबले २०३४ सालदेखि २०५६ सालसम्म जम्मा २२ वर्षीय समय नेपाली साहित्यको सेवामा लागेको पाइन्छ । स्वामीजीले नेपाली साहित्यको श्रीवृद्धिमा पुऱ्याएको योगदान अतुलनीय र स्मरणीय रहेको छ । स्वामीजीका कृतिमा परिमाणात्मकता भन्दा गुणात्मकता बढि पाइन्छ । कविका कृतिहरूले नेपाली साहित्यको प्राथमिक कालीन भक्तिधारा, ज्ञानधाराको उजागर गर्नुका साथै नेपाली साहित्यमा प्रपक्तिमार्गको नयाँ आयाम थपेको पनि पाइन्छ । स्वामीजीका कृतिहरू काव्यका उद्देश्य धर्म, अर्थ, काम र मोक्षका मार्गलाई प्रशस्त गर्न सक्षम रहनुका साथै नेपाली साहित्यको पर्खालमा थपिएका बलिया ईँटा सावित भएका छन् । समग्रमा सादा जीवन उच्च विचारका धनी स्वामीजीले आदर्शलाई आफ्नो कृतिमा मात्र नभएर जीवनमा नै उतारेको पाइन्छ । समाजको हित हुने कार्य पनि गर्नुपर्छ भन्ने मान्यता राख्ने कविले जीवनमा अनेक उतारचढावका बाबजुद पनि आफ्नो मान्यतामा दृढ नै रहेर जीवन व्यतीत गरेका छन् समाज तथा नेपाली साहित्यको अतुलनीय सेवा गरेको पाइन्छ ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, चतुर्भुज(सम्पा.), प्रपन्नपरित्राण, *पञ्चरहस्य,* भक्तिसार रामानुजदास, २०५८ ।

*ईशादि नौ उपनिषद्,* गीताप्रेस, गोरखपुर, २०६० ।

कविराज-देवराज विष्ट र आचार्य जगन्नाथ कण्डेल सम्पा., *वैदिक सुधा,* जय भारत प्रेस वाराणसी : नेपाली श्रीवैष्णव समाज, २०३४ ।

गौतम, लक्ष्मणप्रसाद, *समकालीन नेपाली कविताका प्रवृत्ति,* पैरवी प्रकाशन, काठमाडौं, २०६६ ।

त्रिपाठी, वासुदेव, (सम्पा.), *नेपाली कविता भाग ४,* चौ. सं., साझा प्रकाशन, २०६० ।

रिजाल, चक्रपाणि, *श्रीधराचार्य स्वामीज्यूको जीवनी व्यक्तित्व र कृतित्व,* श्रीधराचार्य यतिराज प्रकाशन २०७१ ।

रूपगोस्वामी, *भक्तिरसामृतसिन्धु,* हिन्दी विभाग, दिल्ली विश्वविद्यालय, १९६३ ।

रेग्मी, चक्रपाणि उपाध्याय, *विशिष्टाद्वैतदर्शने तत्वसाधनपुरुषार्थानां समीक्षा* (शोधप्रवन्ध), संम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, इ.सं. २०१२)

लोकाचार्य, *तत्वत्रयम्,* व्याख्या., शिवप्रसाद द्विवेदी, चौखम्बा विद्याभवन, वाराणसी, इ.सं १९९३ ।

शर्मा, मोहनराज, लुइटेल, खगेन्द्रप्रसाद, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, २०६७ ।

*श्रीगुरुपरम्परा,* श्रीधराचार्य यतिराज प्रकाशन, श्रीरंगवेंकटेश मुक्तिनारायण मन्दिर, कुडुलेफेदी बाग्लुङ : २०७०)

श्रीनिवासदास, *यतीन्द्रमतदीपिका,* आनन्दाश्रममुद्रणालय, भारत इ.सं. १९३४ ।

*श्रीमद्भगवद्गीता,* गीताप्रेस, गोरखपुर : २००० ।

श्रीरामानुजाचार्य, *श्रीभाष्यम्,* चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, इ.सं. २००० ।

स्वामी, श्रीधराचार्य, *श्रीउपदेश रत्नमाला* (द्वि.सं.), यतिराज प्रकाशन गलेश्वर म्याग्दी : ऋषिकेश आत्रेय, २०५९ ।

.........., *श्रीसहस्रगीतिमञ्जरी,* श्रीअखण्डज्योतिबाबा स्वामी श्रीजी च्यारिटेवल ट्रस्ट, काठमाडौं : श्रीधराचार्य यतिराज प्रकाशन २०६७ ।

.........., *श्रीमनोदूति काव्य मञ्जरी,* श्रीमुक्तिनाथ सेवाश्रम गोल्फूटार काठमाडौं : श्रीयतिराज प्रकाशन, २०६२ ।

.........., *श्रीगोविन्द दामोदर स्तोत्र,* यतिराज प्रकाशन गलेश्वर म्याग्दी : ऋषिकेश आत्रेय, २०६० ।

.........., *श्रीमुक्तिक्षेत्र माहात्यम्* (संस्कृत, हिन्दी र नेपाली) यतिराज प्रकाशन गलेश्वर त्रिवेणीधाम म्याग्दी,यतिराज प्रकाशन, २०५३ ।

*स्वामी श्री श्रीधराचार्य स्मृति ग्रन्थ,* अखण्ड ज्योतिबाबा स्वामी श्रीजी च्यारिटेवल ट्रष्ट, नेपाल तीर्थस्थल विकास राष्ट्रिय समिति, गोल्फुटार, काठमाडौ, २०७१ ।